नगरसभाको १९ औं अधिवेशनबाट स्वीकृत
आर्थिक वर्ष २०८३/०८४ को

# वार्षिक बजेट तथा कार्यक्रम पुस्तिका

घुम्टे लेक





गलकोट दरबार



गोलकोत दरबार

## गलकोट नगरपालिका

गलकोट, बागलुङ, गण्डकी प्रदेश, नेपाल

# गलकोट नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय, गलकोट, बागलुङ
### गण्डकी प्रदेश, नेपाल

## प्रकाशकीय

"कृषि, पर्यटन, जलस्रोत, स्थानीय सीप र पूर्वाधार समृद्ध गलकोट निर्माणको मुल आधार" दीर्घकालीन सोच राखी अघि बढेको गलकोट नगरपालिकाले आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम १९ औ नगरसभाबाट पारित गरेको सर्वविदितै छ।आम नगरबासीलाई छिटो, छरितो र प्रभावकारी सेवा प्रवाह मार्फत खुसीको अनुभूति दिलाउनु स्थानीय सरकारको पहिलो काम भएकोले नगरपालिकाको नीति तथा कार्यक्रम पनि सोही दिशातर्फ परिलक्षित गरी तर्जुमा गरिएको छ।

आर्थिक वर्ष २०८३/०८४ मा गलकोट नगरपालिकाले उत्पादन वृद्धि एवम् रोजगारी सिर्जनालाई पहिलो प्राथमिकता दिएको छ। दिगो तथा गुणस्तरीय एवम् वातावरणमैत्री पूर्वाधार, गुणस्तरीय शिक्षामा सबैको पहुँच स्थापित, गुणस्तरीय तथा भरपर्दो स्वास्थ्य सेवामा आम नागरिकको पहुँच, कृषि तथा पशुपन्छी एवम् मत्स्य विकास, वातावरण, सरसफाई एवम् हरियाली तथा विपद् व्यवस्थापन, नियमित मर्मत-सम्भार, सहकारी तथा रोजगार प्रवर्द्धन, युवा तथा खेलकुद क्षेत्रमा विकास, सूचना, प्रविधि तथा डिजिटल प्रविधिको प्रयोग, लैंगिक समानता, महिला सशक्तिकरण र सामाजिक समावेशीकरण, करदाता मैत्री राजश्व प्रशासन एवम् नैतिकवान तथा कामप्रति लगनशील कर्मचारी प्रशासन तथा उद्यमशीलता प्रवर्धनजस्ता क्षेत्रहरूलाई नगरपालिकाले उत्तिकै महत्त्वमा राखी आफनो नीति कार्यक्रम तथा बजेट तर्जुमा गरेको छ। यस आ.व.बाट क्षेत्रगत विकासका आयामहरूलाई सन्तुलित गर्दै जाने अभिप्रायले नगरपालिकाले सबै वडाहरूलाई सुत्रमा आधार मानेर बजेट सिलिंगसहित बजेट विनियोजन गरेको छ जसबाट हरेक वडाहरू सन्तुलित हिसाबले क्षेत्रगत विकास हुने र संघीयताको व्यवहारिक कार्यान्वयन हुने समेत अपेक्षा राखिएको छ।

विगत वर्षहरूबाट सुरू भई कार्यान्वयन हुँदै आएका नगर गौरवका आयोजनाहरूलाई संघ, प्रदेश एवम् स्थानीयस्तरबाट समेत स्रोतको व्यवस्थापन तथा साझेदारी गरी यस वर्ष पनि निरन्तरता दिइएको छ। सबै क्षेत्रगत कार्यक्रमहरु समावेश गरी **वार्षिक बजेट नीति तथा कार्यक्रम पुस्तिका आर्थिक वर्ष २०८३/०८४** तयार गरिएको छ। यस पुस्तिकामा समावेश भएका नीति तथा योजनाको व्यवहारिक कार्यान्वयनबाट मात्र नगरपालिकाले सोचेको दीर्घकालिन विकासको लक्ष्यले सार्थकता पाउने हुँदा नीति तथा कार्यक्रम कार्यान्वयनमा आम नगरबासीहरूको सकारात्मक, रचनात्मक तथा सिर्जनशील सुझाव तथा सहयोग एवम् सक्रिय सहभागिताको समेत अपेक्षा राखिएको छ।

अन्त्यमा, समग्र योजना तथा कार्यक्रम एवम् यो पुस्तिका तयार गर्न नगरपालिकालाई महत्त्वपूर्ण सल्लाह, सुझाव र सहयोग प्रदान गर्नुहुने राजनीतिक नेतृत्त्व, नगरसभा सदस्य, क्षेत्रगत विज्ञ, कर्मचारी, सञ्चार जगत, आम नगरवासी तथा सम्पूर्ण सरोकारवालाप्रति हार्दिक आभार प्रकट गर्दछौं।



नेपालको संवैधानिक व्यवस्था बमोजिम संघीयता कार्यान्वयन पछिको स्थानीय सरकार गठन भई आफ्नो अधिकार क्षेत्रभित्रको कार्य सम्पादन गर्दै आईरहेको छ । स्थानीय तहको दोस्रो निर्वाचन पछि गलकोट नगरपालिकाको नगरसभाको १९ औ अधिवेशन मार्फत आ.व.०८३।०८४ को नीति, कार्यक्रम तथा बजेट स्वीकृत गरेको छ । गलकोट नगरपालिकाले पारित गरेका नीति, योजना, कार्यक्रम र बजेटको कार्यान्वयनमा सम्पुर्ण नगरवासीको सहभागीता र सहकार्यको अपेक्षा नगरपालिकाले गरेको छ । नगरपालिकाको स्वीकृत कार्यक्रम र बजेट तथा अन्य विषयको वारेमा जानकारी गराउने उद्धेश्यको साथ  आगामी आर्थिक वर्ष ०८३/०८४ को वार्षिक बजेट तथा कार्यक्रम पुस्तिका प्रकाशन गरिएको छ ।

आर्थिक वर्ष ०८३/०८४ को कार्यक्रम तथा बजेटले गलकोट नगरपलिकालाइ आधारभूत शिक्षा र स्वास्थ्य सेवाको प्रभावकारीता बृद्धि, कृषि क्षेत्रको रुपान्तरण , पुर्वाधार क्षेत्रमा सुधार, सामाजिक संरक्षण र समावेशीकरणमा तथा  समग्र पक्षमा सुधार गर्ने कुरामा जोड दिएको छ ।यस नीति तथा कार्यक्रमले सरकारको दिगो विकासको लक्ष्य प्राप्त गर्नमा समेत सहयोग पुग्ने कुरामा मैले विस्वास लिएको छु । प्रस्तुत वार्षिक नीति तथा कार्यक्रम समावेशी,  समतामुलक, सर्वमान्य सिद्धान्तलाइ आत्मसात गर्दै  सहमति र सहकार्यमा तय गरिएको छ ।यस नीति कार्यक्रम र बजेट तयार गर्ने क्रममा सरोकारवालाहरु वीचको अन्तरक्रिया र छलफलबाट प्राप्त सुझावहरु लाइ समेत आधार बनाइएको छ ।

नीति तथा कार्यक्रमको आधारमा विकास निर्माणका कार्यक्रमहरु कार्यान्वयनमा स्थानीय नागरिकहरुको उत्साहजनक सहभागिता, स्थानीय स्रोत साधनको परिचालन मार्फत अधिकतम लाभ प्राप्त हुने कुरामा मैले विस्वास लिएको छु । नीति कार्यक्रम र बजेट बनाउन सहयोग गर्ने सबैलाइ धन्यबाद सहित यो पुस्तक तयार गर्न महत्वपुर्ण योगदान दिनुहुने सबैप्रति हार्दिक धन्यबाद दिदै कार्यक्रम कार्यान्वनको पुर्ण सफलताको शुभकामना समेत व्यक्त गर्दछु

**भरत शर्मा**
**नगर प्रमुख**

## मन्तव्य



वर्तमान नेपालको संविधान अनुसार संघ, प्रदेश र स्थानीय तहका सरकार गठन भई आ आफ्ना अधिकार क्षेत्रभित्रका कार्य गरिरहेका छन । स्थानीय तहको दोस्रो निर्वाचन पश्चात नगरसभाको १९ औं अधिवेशनमा नीति, कार्यक्रम स्वीकृत भई त्यसको आधारमा नगरपालिकाको आर्थिक वर्ष ०८३/०८४ को बजेट समेत स्वीकृत भएको छ । स्वीकृत नीति तथा कार्यक्रम र बजेट आम नगरबासीको माझमा पुऱ्याई जानकारी गराउने तथा सूचनाको हकको प्रत्याभुति गराउने उद्धेश्यका साथ नगरपलिकाले ०८३/०८४ को वार्षिक बजेट तथा कार्यक्रम पुस्तिका प्रकाशन गरेको छ । प्रस्तुत पुस्तकले आम नगरबासीहरुमा नगरपालिकाको बारेमा जानकारी गराउनेछ भन्ने कुरामा म विश्वस्त छु ।

गलकोट नगरपालिका ऐतिहासिक दृष्टिले महत्वपुर्ण र सामाजिक सांस्कृतिक रुपले विविधतापुर्ण रुपमा रहेको नगरपालिका हो । यहांको कृषि क्षेत्रको विकास ,पर्यटन प्रवर्द्धन, सामाजिक सांस्कृतिक रुपान्तरण र पुर्वाधार विकासमा नगरपालिका अगाडी बढीरहेको छ । प्रस्तुत नीति, कार्यक्रम र बजेट तर्जुमा गर्दा सहभागितामुलक तरिकाबाट सम्बन्धित सरोकारवालाहरु वीचको छलफलबाट आएका सुझावहरुलाई नीति तथा कार्यक्रममा समेत्ने प्रयास गरिएको छ । यस नीति तथा कार्यक्रम र बजेटले आम नागरिकका विकासको अधिकतम चाहना पुरा गर्न नसके पनि सामाजिक न्याय, समानता र समावेशीकरण जस्ता मान्यतालाई आत्मसात गर्दै विकासको समग्र उद्धेश्य परिपुर्ति गर्ने प्रयत्न गरिएको छ ।

प्रस्तुत नीति तथा कार्यक्रम र बजेटको कार्यान्वयनमा व्यापक जनसहभागिता सहित स्थानीय स्रोत र साधनको प्रयोगमा बृद्धि गर्ने उद्धेश्य राखेको छ ।नीति तथा कार्यक्रममा कारणबस छुट हुन गएका नागरिकका चाहनाहरुलाई क्रमश सम्बोधन गर्दै जाने कुरा जानकारी गराउदै सकारात्मक सुझाव तथा सहयोगको अपेक्षा नगरपालिकाले गरेको छ ।अन्त्यमा पुस्तक तयार गरी प्रकाशन गर्न सघाउ पुर्याउनुहुने नगरपालिकाका कर्माचारीहरु, विषयगत शाखाका विज्ञ लगायत सबैलाइ धन्यबाद दिदै बजेटको पुर्ण रुपमा कार्यान्वयनको शुभकामना व्यक्त गर्दछु ।

**फमलाल निउर**
**नगर उप प्रमुख**

## शुभकामना मन्तव्य



स्थानीय तह नागरिकका असीमित आशा, भरोसा र अपेक्षा जोड्ने सार्वभौमसत्ता सम्पन्न नागरिकको सबैभन्दा नजिकको सरकार हो । स्थानीय स्रोत, साधन र सम्भावनाको समुचित उपयोग गर्दै नागरिकको जीवनस्तरमा गुणात्मक परिवर्तन ल्याउनु र पारदर्शी एवं नतिजामुखी विकास निर्माणको यात्रालाई अघि बढाउनु हाम्रो प्रमुख दायित्व हो। यसै सिलसिलामा, गलकोट नगरपालिकाको आर्थिक वर्ष २०८३/८४ को वार्षिक विकास कार्यक्रम पुस्तिका तयार गरी जनसमक्ष ल्याउन पाउँदा मलाई अत्यन्तै खुसी र गौरवको अनुभूति भएको छ। यो पुस्तिका केवल योजना र बजेटको सङ्गालो मात्र नभई गलकोटलाई एक समृद्ध, आधुनिक र सुशासित नगरका रूपमा रूपान्तरण गर्ने हाम्रो साझा दूरदृष्टि र प्रतिबद्धताको दस्तावेज हो।

समृद्ध गलकोट निर्माणको आधार स्तम्भका रूपमा रहेका शिक्षा, स्वास्थ्य, भौतिक पूर्वाधार, कृषि, पर्यटन तथा सामाजिक विकासका क्षेत्रहरूलाई यस आर्थिक वर्षको योजनामा विशेष प्राथमिकताका साथ समावेश गरिएको छ। दिगो र सन्तुलित विकासको अवधारणा अनुरूप तयार पारिएका यी नीति, कार्यक्रम तथा बजेटले नगरभित्रका हरेक बस्ती र समुदायलाई विकासको मूल प्रवाहमा जोड्ने विश्वास लिइएको छ। पूर्वाधारको सुदृढीकरणसँगै गुणस्तरीय सेवा प्रवाह, रोजगारीका अवसर सिर्जना, स्थानीय सीप र प्रविधिको प्रवर्द्धन तथा सूचना प्रविधिमा आधारित सुशासनको प्रवर्द्धनलाई हामीले कार्यसम्पादनको मुख्य केन्द्रविन्दु बनाएका छौँ।

यी स्वीकृत नीति, योजना तथा कार्यक्रमहरूको सफल र प्रभावकारी कार्यान्वयनका लागि स्रोत र साधनको मितव्ययी प्रयोग गर्दै पारदर्शी एवं द्रुत गतिमा कार्यसम्पादन गर्न नगरपालिका प्रतिबद्ध छ। विकास निर्माणको यो महाअभियानमा जनप्रतिनिधिज्यूहरूको कुशल नेतृत्व, राष्ट्रसेवक कर्मचारीहरूको निष्ठापूर्ण समर्पण, राजनीतिक दल, नागरिक समाज, स्थानीय बुद्धिजीवी, सञ्चारकर्मी र सम्पूर्ण नगरवासीको निरन्तर सद्भाव, रचनात्मक सुझाव एवं सक्रिय सहभागिताको अपेक्षा गर्दछु। अन्त्यमा, यस पुस्तिका प्रकाशनमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सहयोग पुऱ्याउनुहुने सबैप्रति हार्दिक आभार व्यक्त गर्दै आर्थिक वर्ष २०८३/८४ का सम्पूर्ण विकास कार्यक्रमहरूको पूर्ण सफलताको हार्दिक शुभकामना व्यक्त गर्दछु।

**डम्बर बहादुर जि.सी.**
**प्रमुख प्रशासकीय अधिकृत**

# विषय सूची


| सि.नं. | शिर्षक | पेज नं. |
|---|---|---|
| १ | गलकोट नगरपालिकाको संक्षिप्त चिनारी | १ |
| २ | वार्षिक नीति तथा कार्यक्रम आर्थिक वर्ष ०८३/०८४ | ७ |
| ३ | आर्थिक वर्ष ०८३/०८४ को बजेट वक्तव्य | २१ |
| ४ | राजस्व तथा अनुदान प्राप्तिको अनुमान | ३३ |
| ५ | कार्यक्रम तथा परियोजना अनुसारको बजेट विवरण | ३६ |
| ६ | राजस्व परामर्श समितिको प्रतिवेदन–२०८२/०८३ | ८५ |
| ७ | न्यायिक समितिको प्रतिवेदन-२०८२/०८३ | ९२ |
| ८ | लेखा समितिको प्रतिवेदन-२०८२/०८३ | ९६ |
| ९ | सुशासन समितिको प्रतिवेदन–२०८२/०८३ | ९९ |
| १० | विद्यान समितिको प्रतिवेदन–२०८२/०८३ | १०३ |
| ११ | नगरपालिकाद्वारा आर्थिक वर्ष २०८३/०८४ को लागि निर्धारण गरेको करका दरहरू | १०६ |
| १२ | गलकोट नगरपिालकाका जनप्रतिनिधिहरूको विवरण | १४२ |
| १३ | गलकोट नगरपिालकामा कार्यरत कर्मचारीहरूको विवरण | १४५ |
| १४ | गलकोट नगरपालिका अन्तर्गत कार्यरत वडा सचिव र कर्मचारीहरूको विवरण | १४७ |
| १५ | गलकोट नगरपालिकामा रहेका स्वास्थ्य संस्था र संस्था प्रमुखहरूको विवरण | १४८ |
| १६ | | |

# गलकोट नगरपालिकाको संक्षिप्त चिनारी

गलकोट नगरपालिकाको भौगोलिक अवस्थिति, ऐतिहासिक चिनारी तथा नामाकरण, राजनीतिक अवस्थिति, धरातलीय अवस्था, प्राकृतिक सम्पदा, साँस्कृतिक उत्कृष्टता, विकासका सम्भावनाहरु र मानव विकास सूचकाङ्कजस्ता विषय समावेश गरी संक्षिप्त परिचयलाई निम्न बमोजिम प्रस्तुत गरिएको छ ।

## भौगोलिक अवस्थिति

भौगोलिक अवस्थितिका हिसाबले गलकोट नगरपालिका २८ डिग्री ९ मिनेट ४६ सेकेण्ड देखि २८ डिग्री २० मिनेट १९ सेकेण्ड उत्तरी अक्षांश र ८३ डिग्री १७ मिनेट २ सेकेण्ड देखि ८३ डिग्री ३० मिनेट ४७ सेकेण्ड पूर्वी देशान्तरमा फैलिएको छ । नगरपालिकाको पूर्वमा काठेखोला गाउँपालिका तथा जैमनी नगरपालिका, पश्चिममा वडीगाड गाउँपालिका, उत्तरमा ताराखोला गाउँपालिका र दक्षिणमा बरेङ्ग गाउँपालिकासहित गुल्मी जिल्लाको मुसिकोट नगरपालिका तथा चन्द्रकोट गाउँपालिका अवस्थित रहेको छ । नगरपालिकाको हालको केन्द्रदेखि जिल्ला सदरमुकाम बाग्लुङ्क बजारसम्म ५१ किमि, गण्डकी प्रदेशका राजधानी पोखरासम्म १२३ किमि र पाँच नम्बर प्रदेशको अस्थाई राजधानी बुटवल सम्म १४१.८ किमि सडक दुरीरहेको यस क्षेत्र मध्य पहाडी लोकमार्गसँग आवद्ध रहेको छ । यस नगरपालिकाले सामुन्द्रिक सतह देखि ७६१ मिटर उचाईको वडा नं. ११ को दरमखोला तटिय क्षेत्र देखि ३१६७.७८ मिटरको बाग्लुङ्क जिल्लाकै अग्लो पहाड घुम्टे धुरीसम्मको उचाईलाई समेटेको छ ।

## ऐतिहासिक चिनारी तथा नामाकरण

नेपालको इतिहासमा चौविसे राज्यअन्तरगत रहेको गलकोट राज्य भौगोलिक, राजनीतिक, आर्थिक तथा सामाजिक विशिष्टता बोकेको क्षेत्र हो । पन्ध्रौं शताब्दीसम्म हालको गलकोट क्षेत्र समेत रहेको निसेल भुजेल भनिने ४००० पर्वत इलाकामा निसी भुजी क्षेत्रका आदिवासी निसेल भुजेलको शासन रहेको मानिन्छ । (योगी नरहरिनाथको पुस्तक ुइतिहास प्रकाशुमा उल्लेख भएअनुसार पर्वतका अन्तिम राजा किर्तिबम मल्लको समयको एउटा दस्तवेजमा "भुज्यालको सिता" भन्ने शब्दले उहिले भुजेल राजालाई दिने उपहार भन्ने जनाउँछ)। इतिहासकारहरुले यस क्षेत्रलाई सोह्रौं शताब्दी पूर्व मगर शासन रहेको मगराँत क्षेत्रका रुपमा पनि उल्लेख गरेको देखिन्छ । वि.सं. १४२९ मा जुम्लामा मलेबम राजा भए र उनका जेठा छोरा मदिनीले कर्णाली पूर्वको रुकुम क्षेत्र आफ्ना माइला भाई पिताम्बरलाई प्रदान गरी रुकुम राज्यका राजा बनाएका थिए । पिताम्बरका जेठा छोरा जैतुबमले रुकुममा राम्रो बन्दोवस्त मिलाई शासन गरेका कारण रुकुम पूर्वका जनताको पनि त्यसप्रकारको शासन शैलीप्रति मोह बढेर गएकोले निसेल भुजेलका अगुवाहरुले रुकुमको राजधानी गोथामबाट जैतुबमका माइला राजकुमार आनन्बलाई ल्याई ४००० पर्वतको राजा बनाएको कुरा इतिहासकारहरुले उल्लेख गरेका छन् । आनम्बका नाति डिम्ब बमले वि.सं. १५४५ मा ४००० पर्वतको राज्यलाई विस्तार गरी १४००० पर्वत बनाएका थिए । पर्वत राज्यका पाँचौं राजा प्रतापी नारायण मल्लले वि.सं. १६३१ मा आफ्ना जेठा छोरा जितारी मल्ललाई अंश स्वरुप गलकोट राज्य दिए पछि गलकोट राज्यको स्थापना भएको थियो । राज्य स्थापनाको शुरुवातमा हालको पुरानो कोट रहेको स्थलमा राजधानी वा प्रशासनिक केन्द्रका रुपमा स्थापना गरिएता पनि सामरिक रुपले बढी सुरक्षित रहेको चारै तिर भिरालो रहेको गोलो डाँडामा सोही वर्ष नै किल्ला

(कोट) र दरवार बनाई शासन सञ्चालनको शुरुवात गरेका थिए । गोलो डाँडामाथीको कोटलाई गोलोकोट भन्न थालियो । यहि गोलोकोट शब्दबाट गोलकोट हुँदै गलकोट हुन गएको भनाई यस क्षेत्रको अध्ययन गरेका अध्येताहरुको रहेको छ । चौविसे राज्यअन्तरगतको गलकोट राज्यको सीमा पूर्वमा काठेखोला र भिमपोखरा, पश्चिममा खर्वाङ्गको साउने खोला उत्तरमा रुम र दक्षिणमा सुखौरा सल्यान सहित थप्लुङ्गफाँट र विनामारे ठेउले खोला रहेको थियो । इतिहासकार कर्नेल कर्कपेट्रिकले सन् १७९३ मा स्थलगत अध्ययनका आधारमा तयार गरेको *An Account of the Kingdom of Nepaul* नामको पुस्तकमा गलकोट राज्यमा स्मरणयोग्य किल्ला तथा शहरका साथै तामाखानी रहेको कुरालाई उल्लेख गरेका छन् । अर्का विदेशी अध्येता हेमिल्टनले सन् १८०२ मा आफ्नो अध्ययनका आधारमा लेखेको पुस्तक *An Account of the Kingdom of Nepal* मा गलकोट क्षेत्रको तत्कालिन आर्थिक, सामाजिक र प्राकृतिक अवस्थाको चित्रण गरेको देखिन्छ । गलकोट सानो राज्य भएता पनि अत्यधिक उत्पादनशिल तीन वटा तामाखानी र एउटा फलामखानी रहेको क्षेत्रका रुपमा उनले प्रस्तुत गरेका छन् । उपत्यका भन्दा ठण्डा हावापानी भएको यो क्षेत्र आर्थिक रुपमा सबल र अत्यन्त उर्वरशिल भूमि रहनुका साथै वार्षिक रु. ३५०० राजश्व उठने गरेको उल्लेख छ । यस पुस्तकमा गलकोट राज्यमा कुल ३००० घरधुरी मध्ये आधा घरधुरी खेतीपाती तथा व्यापार गर्ने तत्कालिन कथित तल्लो जाति (ाियध त्चष्दभक) (दलित तथा जनजातिलाई इंगित गरिएको), एक चौथाइ घरधुरी क्षेत्री र बाँकी एक चौथाइ ठकुरी तथा ब्राम्हणको घरधुरी संख्या रहेको उल्लेख छ । हेमिल्टनको यस पुस्तकमा तत्कालिन अवस्थामा करिब ५०० घर खरको छानो भएका थिए भन्ने कुरा समेत उल्लेख गरिएको छ । सरदार भीम बहादुर पाँडेको पुस्तक "त्यस बखतको नेपाल भाग १ र २" मा यस्ता खानी वि.सं. १९७७ साल सम्म सञ्चालनमा रहको र यस क्षेत्र (वाग्लुङ्ग जिल्ला) मा उत्खनन गरिएको तामाबाट राणाकालमा तामाका सिक्का तथा बन्दुकको केप तयार हुने गरेको उल्लेख छ । यो क्षेत्र झोलुङ्गे पुल तथा बुट्टे नलीका लागि समेत प्रसिद्ध मानिएको छ ।

नेपाल एकिकरणका क्रममा बहादुर शाह नेतृत्वको गोर्खाली सेनाको फौजले वि.सं. १७४४ जेठको अन्तिम साता विना रक्तपात तत्कालिन राजा जगत बम मल्ललाई पराजित गरी गलकोट राज्यलाई हालको नेपाल राज्यमा समाहित गरिएको थियो । राजा जगत बम मल्लकै सन्तानलेवडा नं. ५ को हरिचौरमा वि.सं. १९८० को दशकमा निर्माण गरेको गलकोट दरवार हालसम्म यथावत रहेको छ ।

## राजनितिक अवस्थिती

गलकोट नगरपालिका गण्डकी प्रदेश अन्तरगत बाग्लुङ्ग जिल्लाका कूल १० स्थानीय तह मध्ये एक हो । वि.सं. २०७३ साल फागुन २३ गते स्थानीय तह पुनर्संरचनाका क्रममा साविक दुधिलाभाटी, नरेठाँटी, हटिया, हरिचौर, मल्म, काँडेवास, पाण्डवखानी र रिघा गाविस समावेश गरी गलकोट नगरपाकिाको स्थापना गरिएको हो । प्रतिनिधि सभा सदस्यका लागि तय गरिएका बाग्लुङ्ग जिल्लाका २ वटा निर्वाचन क्षेत्र मध्ये निर्वाचन क्षेत्र नं २ र प्रदेश सभा सदस्यका लागि निर्वाचन क्षेत्र २ (क) अन्तरगत रहेको छ । कूल ११ वटा वडा रहेको यस नगरपालिकामा साविक गाविसका वडाअनुसार हाल कायम रहेका वडाको वडागत क्षेत्रफलसम्बन्धी विवरणलाई देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

## तालिका १: नगरपालिकाको वडा तथा क्षेत्रफल

| वडा नं. | साविक गाविसको वडा न | क्षेत्रफल (वकिमि) | प्रतिशत |
|---|---|---|---|
| १ | दुदिलाभाटी गाविस वडा नं. १ देखि ९ सम्म | २२.८८ | ११.७७ |
| २ | नरेठाँटी गाविस वडा नं. १ देखि ९ सम्म | ८.४९ | ४.३७ |
| ३ | हटिया गाविस वडा नं. १ देखि ५ सम्म | १३.५१ | ६.९५ |
| ४ | हटिया गाविस वडा नं. ६ देखि ९ सम्म | १२.७ | ६.५३ |
| ५ | हरिचौर गाविस वडा नं. २, ४, ५, ६ र ७ | १७.८८ | ९.२० |
| ६ | हरिचौर गाविस वडा नं. १, ३, ८ र ९ | ९.१९ | ४.७३ |
| ७ | मल्म गाविस वडा नं. ६ देखि ९ सम्म | ९.२२ | ४.७४ |
| ८ | काँडेवास गाविस वडा नं. १ देखि ९ सम्म | १४.१७ | ७.२९ |
| ९ | मल्म गाविस वडा नं. १ देखि ५ सम्म | १०.४७ | ५.३९ |
| १० | पाण्डवखानी गाविस वडा नं. १ देखि ९ सम्म | ५७.५८ | २९.६२ |
| ११ | रिघा गाविस वडा नं. १ देखि ९ सम्म | १८.३ | ९.४१ |
| जम्मा | | १९४.३९ | १०० |

श्रोतः सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, २०७६

### धरातलीय अवस्था

समुन्द्री सतहदेखि ७६१ मिटरको वडा नं. ११ को दरम खोलाको तटिय क्षेत्र देखि ३१६७.७८ मिटरकोउचाईमा रहेको जिल्लाकै अग्लो पहाड घुम्टे धुरी सम्मको क्षेत्रलाई समेटेको छ । यस क्षेत्रको करिव ५५ प्रतिशत भूभाग समुद्री सतहको १५०० मिटर देखि २५०० मिटरको उचाईमा, करिव ३५ प्रतिशत भूभाग १००० मिटर देखि १५०० मिटरको उचाईमा, करिव ७ प्रतिशत २५०० मिटर देखि ३५०० मिटरको उचाईमा र करिव ३ प्रतिशत ७६१ मिटर देखि १००० मिटरको उचाईमा रहेको देखिन्छ । वेसी तथा नदि तटिय क्षेत्रमा समथर फाँट तथा माथिल्लो क्षेत्रमा अत्याधिक रुपमा आंशिक भिरालो र केहि स्थानमा उपयोग बिहिन भिरालो जमिन तथा चट्टान रहेको छ ।

### प्राकृतिक सम्पदा तथा हावापानी

गलकोट क्षेत्र प्राकृतिक सम्पदाका रुपमावनजंगल, बाह्रै महिना बहने नदिनाला, खानी तथा खनिज र नदि तटिय क्षेत्रमा समथर तथा उर्वर जमिनको व्यापकता रहेको क्षेत्रका रुपमा परिचित छ । दरम खोला, गौंदी खोला, दाग्दी खोला र साउने खोला गरी कूल ५० वटा बाह्रै महिना बहने खोला, ११ वटा झरना तथा २०५ वटा पोखरी रहेका छन् । नगरपालिका क्षेत्र भित्र तामा, फलाम, स्लेट ढुङ्गा तथा शिसा खानी गरी कूल १७ वटा खानी रहेका छन् । तथापि, धातुजन्य खानीको उत्खनन विगत देखि नै बन्द रहेको छ । कूल क्षेत्रफलको करिब ६८ प्रतिशतवनजंगल

रहेको यस क्षेत्रमा २७.७ प्रतिशत क्षेत्रमा खेती गरिएको देखिन्छ । यस क्षेत्रको भूउपयोगको अवस्था सम्बन्धी विवरण देहाय बमोजिम रहेको छ ।

तालिका २ : भूउपयोगको अवस्था

| क्र.सं | भूउपयोगको प्रकार | क्षेत्रफल (बर्ग किमि) | प्रतिशत |
|---|---|---|---|
| १ | कृषि क्षेत्र | ७०.३२ | ३६.११ |
| २ | आवासीय तथा व्यवसायिक क्षेत्र | ५.८४ | ३.०२ |
| ३ | वन क्षेत्र | ९३.८१ | ४८.२६ |
| ४ | सार्वजनिक उपयोगको क्षेत्र | २.६४ | १.४१ |
| ५ | अन्य क्षेत्र | २१.७८ | ११.२ |
| | | १९४.३९ | १००.० |

श्रोत : भू-श्रोत नक्शांकन परियोजना, नापी विभाग, १९९६

उष्ण, समशितोष्ण, ठण्डा शितोष्ण र लेकाली ठण्डा हावापानी रहेको यस क्षेत्रमा बार्षिक रुपमा सरदर २२०० मिलि लिटर वर्षा हुने गर्दछ । गर्मी याममा होचो क्षेत्रमा ३२ डिग्रीसम्म पुग्ने तापक्रम जाडोमा उच्च स्थलहरुमा ऋृणात्मक समेत हुने गर्दछ । गर्मी समयमा खडेरी, माहामारी, असिना, आगलागी, हावाहुरी र बाढी तथा पहिरो जस्ता प्रकोपबाट धनजनको क्षती हुने गर्दछ भने जाडो याममा हिमपात, तुसारो तथा चिसो हावाको प्रवाहले जनजीवनलाई प्रभावित गर्ने गरेको देखिन्छ ।

## सांस्कृतिक उत्कृष्टता

हिन्दु धर्मालम्बीको वाहुल्यता तथा बौद्ध धर्मालम्बीसहितको मिश्रित बसोवास रहेको यस क्षेत्रमा हिन्दु तथा जनजाति संस्कृति बीचको युगौं पुरानो सहिष्णुतायुक्त सम्बन्ध रहेको छ । चाडपर्वका सन्दर्भमा मुख्यतया दशैं, तिहार, माघे सक्रान्ती, शिवरात्री, श्री कृष्ण जन्माष्टमी, बैशाखे पुर्णिमा, हरेलो र होली मनाउने गरिन्छ । भाषिक रुपमा नेपाली भाषा नै बोलिचालीको भाषाका रुपमा प्रचलनमा रहेको छ ।परम्परागत रुपमा खस आर्य तथा दलित समुदायका पुरुषहरुमा दौरा सुरवाल, कोट र टोपी तथा महिलामा सारी वा गुन्यु, चोलो र पटुका लगाउने प्रचालन रहेको छ । मगर, गुरुङ्ग तथा थकाली समुदायमा आआफ्नै मौलिक भेषभुषा, खानपान र चालचलन रहेको छ । तथापि, आधुनिक भेषभुषा, खानपान र चालचलनमा आधुनिकताको प्रभाव बढ्दै गएको देखिन्छ ।

## वस्तीको विवरण

गलकोट नगरपालिका भित्र कूल १५२ वटा वस्ती रहेका छन् । वडागत रुपमा हेर्दा वडा नं. २ मा सबैभन्दा उच्च संख्यामा १५ वटा वस्तीको वर्गिकरण गरिएको छ । सबैभन्दा न्यून संख्यामा वडा नं. ६ मा ४ वटा वस्तीमा मात्र वर्गिकण गरिएको छ । वडागतरुपमा वस्तीको नाम र संख्यासम्बन्धी विवरण देहाय बमोजिम रहेको छ ।

**तालिका ३ः वस्तीको वडागत विवरण**

| वडा नं. | बस्ती संख्या | बस्तीको नाम |
|---|---|---|
| १ | १६ | दुदिलाभाटी, थलिङ्ग, गौदी, भण्डारवन, भैसे, टोड्के, ज्यामिरे, चौराहा, झाँक्रिस्थान , काफलठुटा, शिरबारे, पातले खोला, कटौजे, मैटेदास, चाउके, भडखानी |
| २ | २५ | पैयुडाँडा, मेलकोट, चिनामाली, नरेठाँटी, जसपुर, बाख्रे, ठान, कैराबारी, बजिनी, भुडखानी, थुम्का, आरुखर्क, देविथान, घामपानी, मसार, बयली, राम्चे, घसघसा, छबिसे, रगेनी, तोरीखोला, डाँडागाउँ, छाप, फापरखेत, लामखोरिया |
| ३ | ६ | लमाई, बोहोराफाँट, हटिया, खसगाउँ, स्याहाँला, धुस्तुङ्ग/पिडाल्न |
| ४ | ७ | चमुवा, भरीखर्क, खरुवा, पाखापानी, नुवाकोट, ओखरबोट, डाँडाखेत |
| ५ | १४ | सर्दाखेत, कौलेनी, जामुनबोट, ईनचौर, टेउवा, थापाटोल, सिमलबोट, हिस्लाङ, हरिचौर, भैसे, गिठीचौर, दाङसिङडाँडा, बउनाचौर, लामपाटा |
| ६ | ४ | जामुने-मझुवा नेपाने-कायस, भुजुङ्गे, ठूलाथर |
| ७ | १६ | बामिया, आँगाखेत, सिरवारे, उपल्लो सिरवारे, मल्म डाँडा, साहानी डाँडा, खोलापारी, म्याले, गैराखर्क, कोलफलाटे, भल्साह, खाली अर्वेदी, टोकरी, झिर्का, आरनटोल, दलित वस्ती |
| ८ | १२ | काँडेबास, चालिसेटोला, पचुवा, कुडार, ज्यामिरे, चौबासे, थालेपोखरा, बिरकोट, काँडेबास बजार, बतासे फुलबारी, उचका, दाङसिङ |
| ९ | १८ | छिस गाउँ, छिस बदमपाटा, छिस दरवार, नौले, रिसमी गाउँ, बाटुले, फाँट, बाँङ्गे सल्ला, बढा गाउँ, गल्याङ्ग, टिमुरबोट, बर्खेनी, गोढखाला फापरखेत, तारका, उपल्लो बाँसखोला, बाँसखोला कालिका टोल, बाँसखोला बजार, मसुरवारी बाँसखोला |
| १० | १४ | पाण्डवखानी, सोरमने, फुर्से, सुनपानी, गैराभाटी, बगर, बाईगाउँ, काप्रे, ज्याथर, ढुङ्गिल, रमुवा, उपल्लो फुर्से, लेङगुर, न्यापाटा |
| ११ | २० | ठूलाचौर, पञ्चौली, राङखानी, छिचिम्रा, गब्देघार, सानो रिघा, मनेवा पाटा, किम्ले, खेराडी, फँडी, अमर्छा, काउछे, झारसाँधी, छिस, मजुवा, साउने खोला, किटेनी, चित्रेगुफा, गोठलाङ, किम्ले फलाँटे |
| जम्मा | १५२ | |

**श्रोतः सहभागितमुलक छलफल, २०७६**

## जनसंख्या वितरणको अवस्था

राष्ट्रिय जनगणना २०७८ अनुसार कुल घरधुरी संख्या ७७१५ रहेको छ भने जनसंख्या ३०५८८ रहेको छ । त्यसैगरी औषत परिवारको आकार र लैङ्गिक अनुपात राष्ट्रिय जनगणनाअनुसार क्रमशः ३.९७ र ८८.८५ रहेको छ । घरपरिवार सर्भेक्षण २०७६ अनुसार कूल घरपरिवार संख्या ६८६३ र जनसंख्या ३९२७७ रहेको छ । नगरपालिकाको सबै भन्दा अधिक जनसंख्या वडा नं. ३ मा ४३७५ रहेको छ भने सबैभन्दा न्यून वडा नं. ९ मा १९८५ रहेको देखिन्छ । त्यसैगरी, औषत घरपरिवार आकार र लैगिक अनुपात क्रमशः ३.९७ र ८८.८५ रहेको छ । यस सम्बन्धी वडागत विवरण देहाय बमोजिम रहेको छ ।

**तालिका ४ : जनसंख्या वितरणको अवस्था**

| वडा न | जनगणना २०७८ अनुसार | | | | | | घरपरिवार सर्भेक्षण २०७६ अनुसार | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | घर परिवार | जनसंख्या | | | औसत घर परिवारको आकार | लैगिक अनुपात | घरपरिवार | जनसंख्या | | | औसत घरपरिवारको आकार | लैगिक अनुपात |
| | | जम्मा | पुरुष | महिला | | | | जम्मा | पुरुष | महिला | | |
| १ | ८९९ | ३५८० | १६६६ | १९१४ | ३.९८ | ८७.०४ | ८५३ | ४५५४ | २२८० | २२७४ | ५.३४ | १००.२६ |
| २ | ७०१ | २८२३ | १३०१ | १५२२ | ४.०३ | ८५.४८ | ६३७ | ३५७४ | १८१० | १७६४ | ५.६१ | १०२.६१ |
| ३ | ११३८ | ४३७५ | २०८१ | २२९४ | ३.८४ | ९०.७१ | ८७३ | ५०२५ | २५६० | २४६५ | ५.७४ | १०३.८५ |
| ४ | ५८३ | २३४९ | १०७४ | १२७५ | ४.०३ | ८४.२३ | ५३५ | ३२८७ | १७०० | १५८७ | ६.१४ | १०७.१२ |
| ५ | ७१७ | २८१९ | १३२२ | १४९७ | ३.९३ | ८८.३१ | ६५४ | ३५२७ | १७८७ | १७४० | ५.३९ | १०२.७० |
| ६ | ६६६ | २६४७ | १२६५ | १३८२ | ३.९७ | ९१.५३ | ५४८ | २९९९ | १५४१ | १४५८ | ५.४७ | १०५.६९ |
| ७ | ५२७ | २०८७ | १०१४ | १०७३ | ३.९६ | ९४.५० | ४५९ | २६८३ | १३८२ | १३०१ | ५.८५ | १०६.२३ |
| ८ | ५११ | २०३९ | ९९० | १०४९ | ३.९९ | ९४.३७ | ४४३ | २७५६ | १४४१ | १३१५ | ६.२२ | १०९.५८ |
| ९ | ५०२ | १९८५ | ९३९ | १०४६ | ३.९५ | ८९.७७ | ४३२ | २४३१ | १२७७ | ११५४ | ५.६३ | ११०.६६ |
| १० | ६०५ | २३५२ | १०७६ | १२७६ | ३.८९ | ८४.३३ | ५६२ | ३४९३ | १७२४ | १७६९ | ६.२२ | ९७.४६ |
| ११ | ८६६ | ३५३२ | १६४४ | १८८८ | ४.०८ | ८७.०८ | ८६४ | ४९४८ | २४९५ | २४५३ | ५.७३ | १०१.७१ |
| जम्मा | ७७१५ | ३०५८८ | १३३७२ | १८८२४ | ३.९७ | ८८.८५ | ६८६३ | ३९२७७ | १९९९७ | १९२८० | ५.७६ | १०४.३५ |

**श्रोतः राष्ट्रिय जनगणना, २०७८ तथा घरपरिवार सर्भेक्षण, २०७६**

# गलकोट नगरपालिका
# नगर प्रमुख भरत शर्माद्वारा नगरसभाको १९ औं अधिवेशनमा प्रस्तुत वार्षिक नीति तथा कार्यक्रम
## आर्थिक वर्ष ०८३/८४ को नीति तथा कार्यक्रम

**यस गरिमामय नगर सभामा उपस्थित नगर उप प्रमुख ज्यू,**
**प्रमुख प्रशासकीय अधिकृत ज्यू ,**
**नगर सभाका सदस्यज्यूहरु,**
**उपस्थित राष्ट्रसेवक कर्मचारीहरु र सञ्चारकर्मीज्यूहरु**

सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल मर्म र भावनाअनुरूप सङ्घ, प्रदेश र स्थानीय तहले आ-आफ्नो संवैधानिक क्षेत्राधिकारभित्र रही राज्यशक्तिको अभ्यास गर्ने सुन्दर शासकीय प्रबन्ध रहेको छ । यसै संवैधानिक व्यवस्थाको जगमा उभिएर, स्थानीय सरकारको रूपमा रहेको हाम्रो गरिमामय गलकोट नगरपालिकाको यस **१९ औँ नगरसभा अधिवेशनमा आगामी आर्थिक वर्ष २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम** प्रस्तुत गर्न पाउँदा मलाई हार्दिक गौरव, हर्ष र उत्साहको अनुभूति भइरहेको छ ।

यो ऐतिहासिक अवसरमा, म सर्वप्रथम देश, जनता र अग्रगामी परिवर्तनका लागि भएका विभिन्न कालखण्डका ऐतिहासिक जनआन्दोलन, सशस्त्र सङ्घर्ष र क्रान्तिहरूमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात-अज्ञात अमर शहीदहरूप्रति भावपूर्ण श्रद्धासुमन अर्पण गर्दछु । साथै, सङ्घीय लोकतन्त्र स्थापनाको यात्रामा घाइते, बेपत्ता हुनु भएका र द्वन्द्वको पीडा भोगि रहनु भएका सम्पूर्ण वीर नागरिकहरू प्रति उच्च सम्मान र आदर व्यक्त गर्दछु ।

**आदरणीय नगरसभा सदस्यहरू,**

आजको दिनमा नगरपालिकाको पुँजी र लगानीलाई उत्पादनमूलक क्षेत्रमा केन्द्रित गर्दै स्थानीयस्तरमै वृहत् रोजगारीका अवसरहरू सिर्जना गर्नु र ग्रामीण क्षेत्रबाट भइरहेको तीव्र बसाइँसराइलाई रोक्नु हाम्रो सामुन्ने रहेको सबैभन्दा ठूलो चुनौती र युगीन जिम्मेवारी हो । यसै संवेदनशीलतालाई आत्मसात् गर्दै, 'समृद्ध नेपाल, सुखी नेपाली' को राष्ट्रिय आकाङ्क्षा, नेपाल सरकारको १६ औँ आवधिक योजना, अन्तर्राष्ट्रिय दिगो विकासका लक्ष्यहरू (SDGs) र गलकोट नगरपालिकाको दीर्घकालीन प्रस्थानविन्दु एवं आवधिक योजनालाई मूल आधार मानी सरोकारवालाहरूको रचनात्मक पृष्ठपोषणसहित आगामी आर्थिक वर्ष २०८३/०८४ को यो नीति तथा कार्यक्रम यस गरिमामय सभामा प्रस्तुत गर्न गइरहेको छु ।

हाम्रा आगामी सबै कार्यक्रमहरू मुख्य गरी नगरको उत्पादन र उत्पादकत्व बढाउने, दक्ष मानव पुँजीको निर्माण गर्ने, युवाहरूमा उद्यमशीलताको विकास गर्ने, पर्यावरण अनुकूल दिगो विकास गर्ने, विपद् व्यवस्थापनलाई प्रभावकारी बनाउने र सेवा प्रवाहमा पूर्ण सुशासन कायम गर्ने जस्ता महत्त्वपूर्ण विषयहरूमा केन्द्रित हुनेछन् । यी लक्ष्यहरू हासिल गर्नका लागि राष्ट्रिय दीर्घकालीन सोच र हाम्रो नगरको प्रथम आवधिक योजनाले सधैं मार्गदर्शकको रूपमा काम गर्नेछन्

**९ क्षेत्र ९ कार्यक्रमः**

१. कृषिः "उत्पादनदेखि प्रशोधन सम्मः एकीकृत कृषि विकास कार्यक्रम"
२. पशुः "व्यावसायिक बाख्रापालन; उत्पादनमुखी अनुदान र आत्मनिर्भरताको अभियान"
३. उद्यमः "उद्यमी नवप्रवर्तन तथा वित्तिय साक्षरता अभियान"
४. शिक्षाः "प्रविधिमैत्री सिकाइ, जेन अल्फाको रोजाई"
५. स्वास्थ्यः "गुणस्तरीय स्वास्थ्य सेवा र पूर्वाधार; सुविधा सम्पन्न अस्पताल नगरको आधार"
६. महिला, बालबालिका तथा जेष्ठ नागरिकः "महिलाको सशक्तीकरण, ज्येष्ठ नागरिकको सम्मान; बालमैत्री समाज हाम्रो पहिचान"
७. पर्यटनः "कला-संस्कृतिको जगेर्ना, साहित्यको सम्मान; समृद्ध पर्यटन नै गलकोटको सान"
८. पूर्वाधारः "सुरक्षित, व्यवस्थित आधुनिक पूर्वाधार; समृद्ध र स्मार्ट नगरको आधार"
९. सुशासनः "चुस्त सेवा जनमुखी प्रशासन; संस्थागत विकास र सुशासन"

आगामी वर्षको बजेट, नीति तथा कार्यक्रमलाई वस्तुपरक, व्यावहारिक र जनमुखी बनाउने क्रममा हामीले विभिन्न क्षेत्रका विज्ञ एवं सरोकारवालाहरूसँग सघन संवाद र विमर्श गरेका थियौँ । यसका साथै, प्रविधिको उपयोग गर्दै सामाजिक सञ्जाल, फोन र इमेलको माध्यमबाट स्वदेश तथा विदेशबाट आफ्नो अमूल्य सल्लाह र सुझाव पठाउनुहुने सम्पूर्ण विकासप्रेमी गलकोटबासी आमाबुबा, दाजुभाइ तथा दिदीबहिनीहरू प्रति म हृदयदेखि नै कृतज्ञता ज्ञापन गर्दछु । तपाईंहरूका तीनै रचनात्मक र दूरगामी सुझावहरूलाई यस नीति तथा कार्यक्रममा ऐनाका रूपमा प्रतिबिम्बित गर्ने इमानदार प्रयास गरिएको छ ।

**नगर सभाका सम्पूर्ण सदस्य ज्यूहरु**

**आर्थिक विकास**

**कृषि तथा बागवानीः**

१. तरकारी खेतीमा उत्पादनमा आधारित अनुदान उपलब्ध गराउँदै कृषि उपजको सङ्कलन, भण्डारण तथा बजारीकरणको कुशल व्यवस्थापनमार्फत कृषि उत्पादन वृद्धि र कृषकको दिगो आयआर्जन सुनिश्चित गरिनेछ ।
२. स्थानीय कृषि भूमिको उत्पादकत्व वृद्धि, आधुनिक प्रविधिको अवलम्बन र व्यावसायिक सीप विकासका माध्यमबाट "शीत भण्डार" सहितको कृषि औद्योगिक ग्राम स्थापना गरिनेछ । मूल्य अभिवृद्धि, न्यूनतम समर्थन मूल्य र डिजिटल बजार प्रणालीद्वारा एकीकृत मूल्य शृङ्खला सुनिश्चित गर्दै नगरलाई खाद्यान्नमा आत्मनिर्भर एवं कृषि-औद्योगिक रूपमा समृद्ध बनाउन **"उत्पादनदेखि प्रशोधनसम्मः एकीकृत कृषि विकास कार्यक्रम"** सञ्चालन गरिनेछ ।
३. कृषकका तत्कालीन कृषिजन्य समस्या तथा गुनासोहरूको स्थानीयस्तरमै वैज्ञानिक सम्बोधन र प्राविधिक परामर्शका लागि वडा तहसम्मै **"कृषकसँग कृषि प्राविधिक"** कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गरिनेछ ।
४. कृषि उत्पादन र उत्पादकत्वको दिगो वृद्धिका लागि मौजुदा साना सिँचाइ संरचनाहरूको मर्मत-सम्भार, पुनर्स्थापना तथा हिउँदे सिँचाइ व्यवस्थापनलाई सुदृढ गरिनेछ ।
५. माटोको उर्वराशक्ति र स्वास्थ्य सुधारलाई उच्च प्राथमिकता दिँदै व्यापक रूपमा माटो परीक्षण अभियान सञ्चालन

गरिनेछ । माटोको अम्लीय तथा क्षारीयपनको पहिचान र उपचार गरी अनुकूलबाली चक्र निर्धारण गरिनेछ तथा प्राङ्गारिक खेतीलाई प्रवर्द्धन गरी दिगो कृषिको आधारशिला तयार गरिनेछ ।

६. **"उत्पादन कृषकको, प्रोत्साहन नगरको"** कार्यक्रम अन्तर्गत व्यावसायिक कृषिको दायरा, परिमाण र उत्पादन क्षेत्रका निर्धारित वस्तुपरक मापदण्डका आधारमा मूल्याङ्कन गरी उत्पादनमा आधारित प्रोत्साहन अनुदान प्रणालीलाई निरन्तरता दिइनेछ ।

७. भौगोलिक विशिष्टता र सिँचाइको उपलब्धताका आधारमा फलफूल तथा मसलाबाली जस्ता तुलनात्मक लाभका वस्तुहरूको उत्पादकत्व बढाउन 'पकेट क्षेत्र' अवधारणालाई निरन्तरता दिँदै थप बजेट सुनिश्चित गरिनेछ । साथै, खाद्य सुरक्षा र खाद्य सम्प्रभुताको संवैधानिक मौलिक हकलाई सङ्घीय र प्रदेश सरकारको नीतिसँग सामञ्जस्यता कायम गरी व्यावहारिक रूपमा प्रत्याभूत गरिनेछ ।

८. फलफूल क्षेत्रको व्यावसायिक विकासका लागि नयाँ आधुनिक बगैँचा स्थापना र पुराना बगैँचाहरूको उत्पादकत्व सुदृढीकरण गरिनेछ । लसुन जस्ता कम लगानी, उच्च बजार मूल्य र उत्पादनोपरान्त न्यून क्षति हुने उच्च मूल्यवान् कृषि वस्तुहरूको उत्पादनलाई विशेष प्रोत्साहन गर्दै कृषकहरूको नवीन प्रविधि, ज्ञान र अनुभव आदानप्रदानका लागि कृषि प्रदर्शनी तथा प्रवर्द्धन कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

**सहकारी क्षेत्रः**

९. नगर क्षेत्रभित्र सञ्चालित सहकारी संस्थाहरूको सघन नियमन तथा अनुगमन कार्यलाई तीव्रता दिँदै सबै संस्थालाई अनिवार्य रूपमा **'कोपोमिस'** (COPOMIS) प्रणालीमा आबद्ध गरिनेछ । सहकारी क्षेत्रको वित्तीय व्यवस्थापनलाई कानुन सम्मत, पारदर्शी र सदस्यप्रति जवाफदेही बनाउन विशिष्ट नीतिगत एवं संस्थागत व्यवस्था मिलाइनेछ ।

१०. सहकारी संस्थाहरूको व्यावसायिक एवं संस्थागत सुदृढीकरणका लागि आबद्ध पदाधिकारी, व्यवस्थापक तथा कर्मचारीहरूको कार्य क्षमता, वित्तीय साक्षरता र व्यवस्थापकीय गुणस्तर अभिवृद्धि गर्न विशेष क्षमता विकास कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

**पशुपन्छी तथा मत्स्य विकास कार्यक्रमः**

११. व्यावसायिक पशुपन्छी पालनका माध्यमबाट व्यापक रोजगारी सिर्जना गरी उद्यमशीलता र स्वरोजगार प्रवर्द्धन गर्न यसै आर्थिक वर्षदेखि **"व्यावसायिक बाख्रापालन: उत्पादनमुखी अनुदान र आत्मनिर्भरताको अभियान"** कार्यक्रम सञ्चालन गरिनेछ । साथै पशुपन्छीको उत्पादन र उत्पादकत्व वृद्धिका लागि उन्नत घाँस खेती, नश्ल सुधार र कृत्रिम गर्भाधान (AI) कार्यक्रमलाई विशेष प्राथमिकताका साथ सञ्चालन गरिनेछ ।

१२. दुध, मासु र अण्डा उत्पादनमा पूर्ण आत्मनिर्भरता हासिल गर्दै निर्यात प्रवर्द्धन गर्न उत्पादनमा आधारित अनुदान तथा विशेष पकेट कार्यक्रमहरू सञ्चालन गरिनेछ । साथै सीमान्तकृत तथा विपन्न वर्गको आर्थिक रूपान्तरणका लागि लक्षित ग्रामीण कुखुरापालन, बाख्रापालन र भैँसीपालन कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१३. पशु स्वास्थ्य सेवालाई सुदृढ बनाउन पशुसेवा शाखा तथा पशुसेवा केन्द्रहरूबाट ४० प्रकारका अत्यावश्यक औषधिहरू निःशुल्क उपलब्ध गराइनेछ । पशु स्वास्थ्य सेवाको पहुँच भन्दा टाढा रहेका दुर्गम क्षेत्रहरूमा पशु स्वास्थ्य शिविर सञ्चालन गरिनेछ भने सेवालाई थप वैज्ञानिक बनाउन आधारभूत प्रयोगशाला (Lab) स्थापना,

कृषक क्षमता विकास तालिम तथा प्रवर्द्धनात्मक भ्रमण कार्यक्रमहरू आयोजना गरिनेछ ।

१४. पशुपन्छीलाई महामारीजन्य रोगहरूबाट सुरक्षित राख्न भेटेरिनरी अस्पताल तथा पशुसेवा कार्यालय, बागलुङको समन्वयमा खोरेत, चरचरे, भ्यागुते, पिपिआर (PPR), बङ्गुरको हैजा, लम्पि स्किन र रेबिज रोग विरुद्ध निःशुल्क खोप (Vaccination) अभियानलाई निरन्तरता दिइनेछ । मत्स्य पालन प्रवर्द्धनका लागि माछाका भुरा वितरण, मत्स्य सामग्री सहयोग, नयाँ पोखरी निर्माण, मर्मत-सम्भार तथा प्राविधिक तालिमका कार्यक्रमहरूलाई प्राथमिकता दिइनेछ ।

१५. उपभोक्ताको स्वास्थ्य अधिकार र स्वच्छ खाद्य सुरक्षा (Food Safety) सुनिश्चित गर्न दुधको गुणस्तर परीक्षण तथा मासु पसलहरूको नियमित एवं सघन अनुगमन, निरीक्षण र नियमन कार्यलाई निरन्तरता दिइनेछ ।

१६. पशुसेवा क्षेत्रमा उपलब्ध गराइने राज्यका सुविधा र अनुदानलाई व्यवस्थित एवं वास्तविक कृषक केन्द्रित बनाउन जुनसुकै कार्यक्रममा सहभागी हुँदा '**किसान सूचीकरणको निस्सा**' र '**पशु बिमा**' लाई अनिवार्य गरिनेछ ।

१७. नेपालकै प्रसिद्ध गौदी तथा दरमखोलाको रैथाने माछा एवं जलचरोत्पत्ति संरक्षण गर्न माछाको प्रजनन् समय असोज महिनादेखि मंसिर महिनासम्म माछा मार्ने कार्यलाई पूर्ण रूपमा रोक लगाइनेछ र अन्य समयमा माछा मार्ने कार्यलाई कानुनी रूपमा सुव्यवस्थित गरिनेछ ।

**उद्यम विकास रोजगार तथा सामि कार्यक्रमः**

१८. श्रम बजारलाई मर्यादित र सुरक्षित बनाउन "**सुरक्षित श्रम, श्रमिकको सम्मान**" कार्यक्रम अन्तर्गत नगर क्षेत्रभित्रका श्रमिकहरूलाई परिचयपत्र उपलब्ध गराई डिजिटल अभिलेख व्यवस्थापन प्रणाली सञ्चालन गरिनेछ ।

१९. नगरभित्रका बेरोजगार, दक्ष एवं अर्ध-दक्ष जनशक्तिको वास्तविक अवस्था पहिचान गर्न 'श्रम लगत सङ्कलन' कार्यलाई निरन्तरता दिइनेछ । वैदेशिक रोजगारीबाट फर्किएका स्थानीय नागरिकहरूको ज्ञान, सीप, पुँजी र अनुभवलाई नगरको आर्थिक-सामाजिक विकासमा परिचालन गरिनेछ ।

२०. बजारको माग र स्थानीय सम्भाव्यताका आधारमा "**एकीकृत सीप विकास कार्यक्रम**" सञ्चालन गरी युवाहरूलाई स्वरोजगार बन्न प्रेरित गरिनेछ । परम्परागत सीप र कलालाई आधुनिक उद्यमशीलतासँग जोड्ने विशिष्ट कार्यक्रमहरू कार्यान्वयन गरिनेछ ।

२१. नवप्रवर्तनकारी सोच र व्यावसायिक योजना भएका युवाहरूलाई वित्तीय संस्थाहरूसँगको सहकार्यमा सहुलियतपूर्ण कर्जा र वित्तीय पहुँच सुनिश्चित गर्न "**उद्यमी नवप्रवर्तन तथा साक्षरता अभियान**" सञ्चालन गरिनेछ ।

२२. स्थानीय रोजगारदाता र श्रमिकहरूबीचको दुरी कम गरी श्रम बजारलाई गतिशील बनाउन आधुनिक "**श्रम सञ्चार प्रणाली**" को विकास गर्दै माग र आपूर्तिको सन्तुलन मिलाउने "Job Matching" कार्यक्रम सञ्चालन गरिनेछ ।

२३. युवाहरूलाई कार्यस्थलमै व्यावहारिक अनुभव हासिल गर्ने र प्राविधिक दक्षता बढाउने अवसर प्रदान गर्न कार्यस्थलमा आधारित सीप विकास तालिम कार्यक्रमलाई विशेष प्रोत्साहन गरिनेछ ।

२४. आधुनिक "**डिजिटल प्लेटफर्म**" को विकास र सञ्चालनमार्फत स्थानीय उद्यमीहरूद्वारा उत्पादित मौलिक वस्तु तथा सेवाहरूको निःशुल्क प्रचार-प्रसार, ब्रान्डिङ र बजार प्रवर्द्धन गरिनेछ ।

२५. स्थानीय युवाहरूलाई सुरक्षित, मर्यादित, उत्तरदायी र उच्च पारिश्रमिक सहितको रोजगारी उपलब्ध गराउने उत्पादनमूलक एवं नाफामूलक उद्योग, व्यवसाय तथा निजी संस्थाहरूलाई प्रोत्साहन र विशेष सम्मान गर्ने नीति

लिइनेछ

२६. अनौपचारिक क्षेत्रमा कार्यरत श्रमिकहरूको सामाजिक सुरक्षा र भविष्य सुनिश्चित गर्न उनीहरूलाई राज्यको **सामाजिक सुरक्षा कोषमा** आबद्ध गराउनका लागि आवश्यक चेतनामूलक तथा प्रवर्द्धनात्मक कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

**सामाजिक विकास क्षेत्र**

**शिक्षा युवा तथा खेलकुदः**

२७. **"प्रविधिमैत्री सिकाइ, जेन अल्फाको रोजाइ"** कार्यक्रमलाई सबै विद्यालयहरूमा विस्तार गर्न स्मार्ट इन्टरएक्टिभ डिजिटल बोर्ड जडान गरी आधुनिक शिक्षण सिकाइ क्रियाकलाप कार्यान्वयन गरिनेछ । विद्यालय बाहिर रहेका बालबालिकाहरूको वस्तुपरक पहिचान गरी समावेशी र समतामूलक शिक्षामा पहुँच सुनिश्चित गर्न अनिवार्य तथा निःशुल्क शिक्षाको कानुनी व्यवस्थालाई प्रभावकारी रूपमा लागू गरिनेछ ।

२८. बालबालिकाको शारीरिक, मानसिक र संवेगात्मक विकासका लागि विद्यालयहरूमा जङ्क फुड पत्रु खाजा लाई पूर्ण रूपमा निषेध गरी स्वीकृत मेनुका आधारमा स्थानीय एवं रैथाने उत्पादनमा आधारित पोषणयुक्त दिवा खाजा कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गरिनेछ र कक्षा ६ का विद्यार्थीहरूलाई प्रदान गरिँदै आएको दिवा खाजा सुविधालाई निरन्तरता दिइनेछ ।

२९. अङ्ग्रेजी, गणित र विज्ञान विषयको सिकाइ उपलब्धि तथा नतिजा सुधारका लागि विशेष प्राज्ञिक कार्यक्रमहरू सञ्चालन गर्न विद्यालयहरूलाई उत्प्रेरित गरिनेछ । नगरस्तरीय अर्धवार्षिक तथा वार्षिक परीक्षा प्रणालीको सञ्चालन एवं व्यवस्थापनलाई थप सुदृढ र विश्वसनीय बनाउँदै समग्र शैक्षिक गुणस्तर अभिवृद्धिका रणनीतिक कार्यक्रमहरू तर्जुमा गरिनेछ ।

३०. विद्यालयस्तरीय राष्ट्रपति तथा नगरप्रमुख रनिङ शिल्ड कप प्रतियोगितालाई संस्थागत गर्दै नगरभित्रका सामुदायिक एवं संस्थागत विद्यालयहरूबीच खेलकुद, शैक्षिक, सांस्कृतिक तथा नवप्रवर्तनात्मक गतिविधिमा स्वस्थ प्रतिस्पर्धा र सहकार्यको वातावरण सिर्जना गरिनेछ जसबाट विद्यार्थीहरूको अन्तरनिहित प्रतिभा प्रष्फुटन भई सर्वाङ्गीण व्यक्तित्व विकासमा टेवा पुग्नेछ ।

३१. **"समान अवसर, समान ज्ञान; शिक्षामा सबैको पहुँच नगरको सान"** भन्ने मूल ध्येयका साथ विद्यालय तथा उच्च शिक्षामा अध्ययनरत जेहेन्दार, विपन्न, अपाङ्गता भएका र लक्षित वर्गका विद्यार्थीहरूका लागि '**नगरप्रमुख शैक्षिक छात्रवृत्ति कोष**' मार्फत न्यायोचित छात्रवृत्ति वितरण कार्यलाई निरन्तरता दिइनेछ ।

३२. जनसङ्ख्याको बनोट र भौगोलिक अवस्थितिलाई दृष्टिगत गर्दै वैज्ञानिक 'विद्यालय नक्साङ्कन' (School Mapping) कार्य कार्यान्वयन गरिनेछ । विद्यालय समायोजन तथा तह मिलान भई अर्को विद्यालयमा अध्ययन गर्न जानुपर्ने विद्यार्थीहरूका लागि प्रदान गरिँदै आएको यातायात खर्चलाई निरन्तरता दिइनेछ ।

३३. विद्यालयहरूको समग्र व्यवस्थापकीय एवं प्रशासनिक कार्यसम्पादनलाई चुस्त बनाई प्राज्ञिक गुणस्तर बढाउनका लागि शिक्षकहरूको 'पेशागत विकास तालिम' (TPD) तथा विद्यालयहरूको सघन अनुगमन, निरीक्षण र सुपरीवेक्षण कार्यलाई नवीन प्रविधिसँग जोड्दै थप प्रभावकारी बनाइनेछ ।

३४. 'समुदाय-प्रहरी साझेदारी' को सुदृढ संयन्त्रमार्फत विद्यालयहरूमा लागुपदार्थ दुर्व्यसन, बालविवाह, बालश्रम, लैङ्गिक हिंसा, बालबेचबिखन विरुद्ध चेतना जगाइनेछ । प्राकृतिक प्रकोप, विपद् व्यवस्थापन र विद्यालय सुरक्षा लगायतका

विषयमा विद्यार्थीहरू लक्षित कानुनी एवं सचेतनामूलक अभियान कार्यक्रमहरू निरन्तर सञ्चालन गरिनेछ ।

३५. वार्षिक शैक्षिक नतिजामा उत्कृष्ट अङ्क वा उच्च उपलब्धि हासिल गर्ने विद्यालय, सरोकारवाला अभिभावक र लगनशील विद्यार्थीहरूलाई सार्वजनिक रूपमा प्रोत्साहन तथा विशेष सम्मान गर्ने परिपाटीलाई निरन्तरता दिइनेछ ।

३६. राष्ट्रिय खेलकुदको प्रवर्द्धन एवं मौलिक परम्परा तथा संस्कृतिको जगेर्नाका लागि युवा लक्षित विशेष सांस्कृतिक र खेलकुद कार्यक्रमहरू सञ्चालन गरिनेछ । युवा जनशक्तिलाई स्थानीय स्तरमै सीप, उद्यमशीलता र मर्यादित रोजगारीसँग जोड्न क्षमता विकासका कार्यक्रमहरू कार्यान्वयन गरिनेछ ।

३७. महिला शिक्षकहरूको सुत्केरी बिदाको समयमा शिक्षण कार्य प्रभावित हुन नदिन 'सुत्केरी सट्टा शिक्षक' को प्रबन्ध मिलाइनेछ । साथै, सिकाइ स्तर कमजोर भएका विद्यार्थीहरूका लागि उपचारात्मक एवं सुधारात्मक सिकाइ प्रवर्द्धन गरिनेछ र नगरस्तरीय विषयगत समितिहरू गठन र परिचालनलाई थप प्रभावकारी बनाइनेछ ।

३८. विद्यालयहरूमा निर्मित तथा निर्माणाधीन शौचालय, भवन, खानेपानी र खेलमैदान लगायतका भौतिक पूर्वाधार एवं समग्र शैक्षिक क्रियाकलापहरूलाई **'बालमैत्री स्थानीय शासन'** (CFLG) को राष्ट्रिय मापदण्ड र यसको दिगोपनासँग आबद्ध गरिनेछ ।

**स्वास्थ्यः**

३९. गलकोट नगर अस्पतालले प्रवाह गर्दै आएको स्वास्थ्य सेवाको दिगोपना र निरन्तरता सुनिश्चित गर्दै विशेषज्ञ सेवा विस्तार गरिनेछ । १५ शैयाको आधुनिक आधारभूत अस्पताल भवन निर्माणका लागि सङ्घ र प्रदेश सरकारसँग उच्चस्तरीय पहल गरिनेछ र **"गुणस्तरीय स्वास्थ्य सेवा र पूर्वाधार; सुविधा सम्पन्न अस्पताल नगरको आधार"** कार्यक्रम अन्तर्गत नगर अस्पतालको भौतिक एवं प्राविधिक क्षमता विकास गरी यसलाई यस क्षेत्रकै एउटा भरोसायोग्य स्वास्थ्य केन्द्रका रूपमा विकास गरिनेछ ।

४०. आर्थिक अभावका कारण कोही पनि नगरबासी उपचार पाउनबाट वञ्चित हुन नपरोस् भन्ने पवित्र ध्येयका साथ गलकोट नगर अस्पतालमा आकस्मिक एवं जटिल उपचारका लागि **'नगरस्तरीय विपन्न नागरिक उपचार कोष'** स्थापना गरी सञ्चालनमा ल्याइनेछ । साथै गलकोट नगर अस्पतालमा डायलाइसिस सेवा सञ्चालन र गलकोट नगरपालिका वडा न. ७ झिर्कामा शहरी स्वास्थ्य केन्द्र निर्माणका लागि आवश्यक पहल गरिनेछ ।

४१. हाम्रा बालबालिकाहरूको सुरक्षित र स्वस्थ भविष्यका लागि 'पूर्ण खोप नगर' को गौरवमय अवस्थालाई कायम राख्दै २ वर्ष मुनिका प्रत्येक बालबालिकाहरूलाई अनिवार्य रूपमा नियमित राष्ट्रिय खोप सेवा उपलब्ध गराइनेछ ।

४२. गम्भीर रोगको चपेटामा परेका नागरिकहरूको पीडामा मलम लगाउन मृगौला प्रत्यारोपण गरेका, नियमित डायलाइसिस गराइरहेका, क्यान्सर रोगसँग लडिरहेका र मेरुदण्ड पक्षघात भएका बिरामीहरूलाई औषधी उपचार खर्च बापत मासिक रूपमा उपलब्ध गराइँदै आएको रु. ५ हजारका दरको रकम चौमासिक रूपमा सिधै बैंक खातामार्फत सहजै भुक्तानी हुने व्यवस्था मिलाइनेछ ।

४३. आकस्मिक ओखतीको अभावमा कसैले ज्यान गुमाउन नपरोस् भनी **"उप-प्रमुखसँग थ्राम्बोलाइसिस (हृदयघात रोकथाम) कार्यक्रम"** मार्फत हृदयघातको जीवनरक्षक प्राथमिक उपचारका लागि आवश्यक विशिष्ट औषधीहरू नगर अस्पतालमा निःशुल्क उपलब्ध गराइनेछ । अशक्त जेष्ठ नागरिकहरूको साहरा बन्दै **'घरघरमा जेष्ठ नागरिक स्वास्थ्य सेवा'** कार्यक्रमलाई थप आत्मिय र प्रभावकारी रूपमा सञ्चालन गरिनेछ ।

४४. नगरबासीहरूलाई बाह्रै महिना ९८ प्रकारका अत्यावश्यक औषधिहरू सबै स्वास्थ्य संस्थाहरूबाट बिनाअवरोध निःशुल्क उपलब्ध गराउन दरिलो आपूर्ति प्रणाली मिलाइनेछ । भौगोलिक विकटताका कारण आधारभूत स्वास्थ्य सेवाको पहुँचबाट टाढा रहेका विपन्न नागरिकहरूका लागि आवधिक रूपमा विशेषज्ञ चिकित्सकसहितको **'गाउँ-गाउँमा अस्पताल: निःशुल्क स्वास्थ्य शिविर'** व्यवस्थित रूपमा सञ्चालन गरिनेछ ।

४५. स्वास्थ्य क्षेत्रलाई अत्याधुनिक र झन्झटमुक्त बनाउन सबै स्वास्थ्य संस्थाहरूमा पूर्ण रूपमा डिजिटलाइजेसनको कार्य सम्पन्न भइसकेको हुँदा अब **'कागजविहीन' स्वास्थ्य सेवा** सुचारु गरिनेछ । प्रत्येक परिवारको स्वास्थ्य अवस्थाको डिजिटल अभिलेख राख्न 'Family Health Profile' का आधारमा एकीकृत स्वास्थ्य कार्ड छपाइ र वितरणको कार्यलाई अगाडि बढाइनेछ ।

४६. बालबालिकाको प्रारम्भिक स्वास्थ्यलाई ध्यानमा राख्दै **'मुख स्वास्थ्य प्रवर्द्धन कार्यक्रम'** लाई निरन्तरता दिँदै थप सामुदायिक विद्यालयहरूमा विस्तार गरिनेछ । साथै विद्यालयमा भइरहने भवितव्य र आकस्मिक चोटपटकको तत्काल उपचारका लागि सबै विद्यालयका कम्तीमा एक जना शिक्षकलाई 'प्रारम्भिक उपचार (First Aid) तालिम' प्रदान गरी विद्यालयहरूमा १/१ थान 'प्राथमिक उपचार किट बक्स' उपलब्ध गराइनेछ ।

४७. मातृत्व र शिशुको जीवन रक्षालाई उच्च प्राथमिकता दिँदै **"नगर प्रमुख मातृ तथा शिशु पोषण कार्यक्रम"** र गर्भवती एवं सुत्केरी महिलाहरूलाई जटिलताको अवस्थामा आकस्मिक प्रसूति सेवाका लागि अन्य अस्पतालमा प्रेषण गर्नु परेमा २४ सै घण्टा निःशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराउने मानवीय कार्यक्रमलाई पूर्ण प्रतिबद्धताका साथ निरन्तरता दिइनेछ ।

४८. **'क्षयरोग मुक्त गलकोट'** को ऐतिहासिक महाअभियानलाई सफल पार्न अत्याधुनिक 'ए.आई. एक्स-रे' प्रविधि र द्रुत खकार नमुना परीक्षणको माध्यमबाट गाउँ-गाउँमा क्षयरोगको सघन स्क्रिनिङ तथा निःशुल्क उपचार कार्यक्रम सशक्त रूपमा सञ्चालन गरिनेछ ।

४९. स्वच्छ पानी नै निरोगी जीवनको मूल आधार भएकोले सम्पूर्ण नगरबासीहरूलाई शुद्ध र सुरक्षित खानेपानीको प्रत्याभूति गर्न नगरभित्रका साना-ठूला सबै खानेपानी आयोजनाका मुहानहरूको 'पिउने पानीको गुणस्तर परीक्षण' गर्ने व्यवस्थालाई अनिवार्य र नियमित बनाइनेछ ।

५०. समाजका पछाडि पारिएका वर्गलाई राज्यको संरक्षण प्रदान गर्न अति विपन्न नागरिक र 'ग' वर्गका अपाङ्गता भएका व्यक्तिहरूलाई स्थानीय सरकारको आफ्नै लगानीमा **'स्वास्थ्य बिमा'** मा आबद्ध गराई विशिष्टीकृत स्वास्थ्य सेवाको पहुँचमा ल्याइनेछ ।

५१. समुदायको स्वास्थ्य रक्षाका लागि अहोरात्र खटिने **'महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरू'** (FCHV) को योगदानको उच्च कदर गर्दै उनीहरूलाई प्रदान गरिँदै आएको सञ्चार खर्च, बिमा सुविधा र सम्मानजनक बिदाइ कार्यक्रमलाई गौरवका साथ निरन्तरता दिइनेछ ।

५२. गुणस्तरमा एकरूपता ल्याउन नगरका सबै स्वास्थ्य संस्थाहरूलाई **'न्यूनतम सेवा मापदण्ड'** (MSS) बमोजिम पूर्ण सुसज्जित र व्यवस्थित गरिनेछ । स्वास्थ्यकर्मीहरूको वृत्तिविकास र क्षमता अभिवृद्धिका लागि आधुनिक तालिमको व्यवस्था गरिनुका साथै उनीहरूको सेवाभाव र कार्यव्यवहारको उच्च मूल्याङ्कन गर्दै उत्कृष्ट स्वास्थ्य संस्था र कर्तव्यनिष्ठ स्वास्थ्यकर्मीहरूलाई सार्वजनिक रूपमा पुरस्कृत र सम्मानित गरिनेछ ।

५३. आधुनिक ओखतीसँगै रैथाने र प्राकृतिक उपचार पद्धतिलाई सँगसँगै लैजान आयुर्वेद सेवाको दायरा विस्तार

गरिनेछ । यसका लागि **'नागरिक आरोग्य उपचार केन्द्र'** लाई थप सुदृढ र साधनस्रोत सम्पन्न बनाई आयुर्वेदिक उपचार, स्वस्थ जीवनशैलीका लागि योग, ध्यान र प्राकृतिक चिकित्सा पद्धतीलाई विशेष प्राथमिकता दिइनेछ ।

**महिला बालबालिका, ज्येष्ठ नागरिक तथा बालमैत्रीः**

५४. दलित, आदिवासी, जनजाति, मुस्लिम, एकल महिला, पिछडिएको वर्ग, अपाङ्गता भएका व्यक्ति, यौनिक अल्पसंख्यक र अति विपन्न वर्गलाई सीप विकास र स्वरोजगारका कार्यक्रम मार्फत आय आर्जनसँग जोड्न संघीय र प्रदेश बिशेष कार्यक्रमसँग आबद्ध गरिनेछ ।

५५. सामाजिक न्यायमा आधारित समतामूलक र सभ्य समाज निर्माण गर्न महिलामाथि हुने लैङ्गिक तथा यौनिक हिंसा, सामाजिक विभेद, छुवाछूत, अन्धविश्वास, सामाजिक कुप्रथा र कुरीति जस्ता विकृतिहरूलाई न्यूनीकरण गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

५६. अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिकहरुको दैनिकिलाई सहज बनाउन आवश्यकताको आधारमा सहयोगी सामाग्रीहरू प्रदान गरिनेछ ।

५७. घरेलु हिंसा, छुवाछूत लगायतका सामाजिक हिंसा र विभेद रहित लैंगिक समतायुक्त नगरपालिका बनाउन अभियानहरु चलाइनेछ । पूर्वाधार निर्माण गर्दा बालमैत्री, ज्येष्ठ नागरिकमैत्री, लैङगिकमैत्री एवम् अपाङ्गतामैत्री बनाईनेछ ।

५८. परम्परागत पेशा अपनाई रहेका फलामका औजार बनाउने / मर्मत गर्ने आरन सञ्चालक, छालाका जुत्ता चप्पल-झोला बनाउने मर्मत गर्ने र सारङ्गी वादन- गायन पेशामा कार्यरत विभिन्न समुदायका शिल्प व्यवसायीलाई सम्मान र निजहरूको क्षमता विकासको प्रबन्ध मिलाइनेछ ।

५९. नगरपालिकाको टोल, वडास्तरमा महिला समूह, समिति र सहकारी संस्था स्थापना गरी महिलाहरूको सशक्तिकरण तथा आय आर्जनमा वृद्धि गर्न, लैंगिक हिंसा, घरेलु हिंसा सम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गरी हिंसा विरुद्धको कानुनलाई कडाइका साथ कार्यान्वयनमा जोड दिन, महिलाहरूको क्षमता अभिवृद्धिका लागि सीपमूलक, चेतनामूलक कार्यक्रम सञ्चालन गर्न, विकास अभियानलाई माग र आवश्यकता अनुरूप गराउन सबै वडाहरूमा टोल विकास समितिलाई सक्रिय बनाइनेछ । **"महिलाको सशक्तीकरण, ज्येष्ठ नागरिकको सम्मान; बालमैत्री समाज हाम्रो पहिचान"** कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गरिनेछ ।

६०. गलकोट नगरपालिका भित्र बसोबास गर्ने जेष्ठ नागरिकहरू हाम्रो समाजको पूरातात्विक, सामाजिक, सांस्कृतिक महत्वका विषयहरू बारेमा ज्ञान भएका जीवित संग्रालयको रूपमा रहनु भएको हुनाले यस्ता व्यक्तिहरूको सम्मान तथा प्रोत्साहन गरिनेछ । बैंक सम्म नै आएर सामाजिक सुरक्षा भत्ता लीन असहज हुने असहाय, अपाङ्ग, दूरीको हिसाबले वस्तिहरूबाट टाढा रहेका जेष्ठ नागरिकलाई सम्बन्धित वित्तीय संस्था र वडा कार्यालयको समन्वयमा टोल वस्तिमा पुगि भत्ता वितरण कार्यमा सहजीकरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

६१. बालमैत्री नगर दिगोपनाको लागि सबै समिति र सञ्जालहरूलाई सक्रिय रूपमा परिचालन गरिनेछ । बाल वस्तुगत प्रोफाइलका आधारमा लगानी योजना निर्माण गरी सुधारका कार्यक्रम सञ्चालन गरिनेछ । बाल विवाह न्यूनीकरणका लागि विशेष अभियान सञ्चालन गरिनेछ ।

६२. सबै किशोरीहरूको आत्मसुरक्षा, आत्मबल, मानसिक सचेतना, साईवर सुरक्षा र कानुनी अधिकार सुनिश्चित गर्न

अभिभावक, विद्यालय, प्रहरी र समुदायसँग समन्वय गरी बहु आयामिक आत्मरक्षा तालिम संचालन गरिनेछ ।

**कला संस्कृति, साहित्य र पर्यटनः**

६३. नगरभित्रका धार्मिक, ऐतिहासिक तथा सांस्कृतिक धरोहरहरूका साथै रैथाने जात्रा, पर्व, कला, साहित्य र संस्कृतिको संरक्षण, सम्बर्द्धन एवं प्रवर्द्धनका लागि आवश्यक व्यवस्था मिलाइनेछ

६४. गलकोटको बहुसांस्कृतिक पहिचानलाई जीवन्त राख्न यहाँका रैथाने गीत, नाच, जात्रा र पर्वहरूको संरक्षण गर्दै तिनलाई पर्यटनसँग जोडिनेछ; साथै, नगरको मौलिक स्वरूप जोगाउन स्थानीय वास्तुकला र रैथाने स्रोत-साधनको प्रयोग गरी निजी घरहरू निर्माण गर्ने कार्यलाई विशेष प्रोत्साहन गरिनेछ ।

६५. गलकोटको गौरवका रूपमा रहेका सोरठी, घाटु, लाखे र सराय नाच, पञ्चेबाजा, लोकभजन-कीर्तन एवं यानिमाया र सुनिमाया जस्ता मौलिक कला र संस्कृतिलाई नयाँ पुस्तामा हस्तान्तरण गर्दै यस क्षेत्रको सांस्कृतिक पर्यटन प्रवर्द्धनका लागि विशेष पहल गरिनेछ ।

६६. राज्यको चौथो अङ्गका रूपमा रहेको सञ्चार जगत्लाई प्रोत्साहित गर्न तथा स्थानीय पत्रकारिताको व्यावसायिक विकास र सञ्चारकर्मीहरूको मनोबल उच्च बनाउन नगरपालिकाले आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।

६७. निरङ्कुश जहाँनिया राणा शासनको अन्त्य गरी प्रजान्त्रित नेपाल स्थापनाको लागि सङ्घर्षरत रहदा युद्ध मैदानमा विरतापूर्ण सहादत पाउने नेपालका तारा सहिद थिरबम मल्लको शालिक निर्माण सम्पन्न गरिनेछ ।

६८. बिद्यालयस्तरमा प्राचिन कला, संस्कृति, साहित्य  प्रबर्द्धन तथा अन्तरपुस्ता हस्तान्तरणका लागि बिबिध प्रकारका कार्यक्रमहरु संचालन गरिनेछ ।

६९. गलकोट नगरपालिकाको ऐतिहासिक धरोहर कोत घरलाई संरक्षण गरी पर्यटनसँग जोडिनेछ । टेउवा अन्तराष्ट्रिय मूर्तिकला संग्राहलयको संरक्षण र विकासको लागि आबश्यक पहल गरिनेछ । गलकोट नगरपालिका भित्र रहेका पर्यटकिय धरोहरहरु जस्तै गलकोट दरवार, घुम्टेको लेक, सिद्धथान, सहस्रधारा झरना, रमुवा, निलुवा, थालेपोखरा, कालिलेक, राम्चे ढुङ्गा, बाघढुङ्गा उदय बुद्धबिहार, चमेरे गुफा, शिबधुरी, गाजाधुरी आदिको विकास र प्रचारप्रसार गरी पर्यटन प्रबर्द्धन गरिनेछ । **"कला-संस्कृतिको जगेर्ना, साहित्यको सम्मान; समृद्ध पर्यटन नै गलकोटको सान"** कार्यक्रमलाई प्रभावकारीता साथ कार्यन्वयन गरिदै लगिनेछ ।

७०. स्थानीय पहिचान र पाण्डबखानी, निलुवा लगायतका विभिन्न स्थानमा गरिने परम्परागत एवं साहसिक मह शिकार शैलीलाई आन्तरिक तथा बाह्य पर्यटक आकर्षित गर्ने प्रमुख गन्तव्यको रूपमा विकास गर्न प्रचारप्रसार गरिनेछ ।

**पूर्वाधार विकासः**

७१. नगर क्षेत्रको आर्थिक-सामाजिक रूपान्तरण एवं सार्वजनिक सेवा प्रवाहलाई गतिशिल बनाउन पूर्वाधार क्षेत्रको रणनीतिक भूमिका रहने हुँदा मौजुदा पूर्वाधारको विकास र सुदृढीकरणमार्फत नागरिकहरूमा अन्तर-आबद्धता (Connectivity) विस्तार गरी आवागमन, बजार र सेवा सुविधाहरूमा सहज पहुँच सुनिश्चित गरिनेछ ।

७२. दिगो विकासको मूल मर्मलाई आत्मसात् गर्दै पर्यावरण र विकासबीच स्वर्णिम सन्तुलन कायम गरी पूर्वाधार निर्माणका कार्यहरू अगाडि बढाइनेछ । नगरभित्र सडक सञ्जालको व्यापक विस्तार भइसकेको वर्तमान परिप्रेक्ष्यमा, आगामी दिगो स्तरोन्नतिका लागि सङ्घ र प्रदेश सरकारसँग उच्चस्तरीय समन्वय एवं पहल गरिनुका साथै नगरको आन्तरिक

स्रोतको अधिकतम परिचालनमा जोड दिइनेछ तथा "**सडकमा जनसहभागिता, विकासमा गुणस्तरीयता**" को मूल नीतिलाई मूर्तरूप दिन सडक निर्माणका क्रममा मापदण्ड अनुरूपका पक्की नाली र मजबुत इन्जिनियरिङ संरचना निर्माण गर्ने कार्यलाई प्राथमिकीकरण गरिनेछ ।

७३. नगरका सबै ११ वटै वडामा ढलान तथा कालोपत्रे सडकको सञ्जाल विस्तार गरी सुरक्षित र भरपर्दो यात्राको दरिलो आधार खडा गरिनेछ; नगरका रणनीतिक सडकहरूलाई 'बाह्रै महिना, बाह्रै काल' यातायात सञ्चालन योग्य बनाउन नियमित मर्मत-सम्भार र दिगो व्यवस्थापनको कार्यलाई "**सुरक्षित, व्यवस्थित आधुनिक पूर्वाधार; समृद्ध र स्मार्ट नगरको आधार**" भन्ने मूल नाराका साथ अभियानकै रूपमा अगाडि बढाइनेछ ।

७४. पुष्पलाल मध्यपहाडी लोकमार्गमार्फत आगमन हुने आन्तरिक एवं बाह्य पर्यटकहरूलाई लक्षित गरी नगरपालिकाभित्र अवस्थित प्राकृतिक, धार्मिक र ऐतिहासिक सम्पदाहरूलाई एकीकृत गर्दै एक परिपक्व '**पर्यटन सर्किट**' (**Tourism Circuit**) को विकास गरिनेछ र विभिन्न रणनीतिक स्थानहरूमा जानकारीमूलक पर्यटकीय सूचना बोर्डहरू स्थापना गरिनेछ ।

७५. सार्वजनिक पूर्वाधार निर्माण गर्दा बालमैत्री, अपाङ्गतामैत्री एवं वातावरणमैत्री संरचना निर्माण गर्ने नीतिलाई अनिवार्य रूपमा निरन्तरता दिइनेछ । साथै, विकास आयोजनाहरूलाई निर्धारित समय, लागत र तोकिएको गुणस्तरभित्रै (Time, Cost & Quality) सम्पन्न गर्न अनुगमन, निरीक्षण तथा मूल्याङ्कन प्रणालीलाई प्रविधिमैत्री र थप प्रभावकारी बनाइनेछ ।

७६. सहरी व्यवस्थापनलाई व्यवस्थित गर्न नगरभित्र निर्माण हुने नयाँ भवनहरूको हकमा अनिवार्य रूपमा 'भवन निर्माण आचारसंहिता' र नक्सा पास प्रक्रिया पूरा गरेर मात्र कार्य प्रारम्भ गर्ने कानुनी व्यवस्था मिलाइनेछ । नक्सा पास नगरी भवन निर्माण गर्नेहरूलाई कानुनी दायरामा ल्याइनेछ भने यसअघि नक्सा पास नगरी निर्माण भएका भवनहरूलाई पहिचान गरी नियमानुसार अभिलेखीकरण गरी वैधानिकता प्रदान गर्ने व्यवस्था मिलाइनेछ ।

७७. विकास निर्माणका आयोजनाहरूमा स्थानीय जनसमुदायको सक्रिय सहभागिता, अपनत्व र स्वामित्व अभिवृद्धि गर्न सह-लगानी (Cost Sharing) को अवधारणा अनुरूप विकास कार्यक्रमहरू सञ्चालन गरिनेछ । उपभोक्ता समितिहरूमार्फत सम्पादन हुने विकास कार्यहरूको दिगोपना सुनिश्चित गर्न परिमाण र गुणस्तर दुवै पक्षमा उत्कृष्ट कार्य गर्ने उपभोक्ता समितिहरूलाई सार्वजनिक रूपमा सम्मान तथा प्रोत्साहन गरिनेछ ।

७८. सङ्घ, प्रदेश र स्थानीय तहको साझेदारी एवं एकल लगानीमा सम्पन्न भई सञ्चालनमा रहेका सडकहरूमा यात्रा सुरक्षालाई मध्यनजर गर्दै आधुनिक सूचना बोर्ड, जेब्रा क्रसिङ, सडक बत्ती, र क्याट्स आई (Cats Eye) जस्ता सडक सुरक्षा सम्बन्धी पूर्वाधारहरूको प्रबन्ध मिलाइनेछ ।

७९. सङ्घीय तथा प्रदेश समपूरक कोष, लागत साझेदारी र विपद् व्यवस्थापन कोषका लागि आवश्यक बजेटको समुचित व्यवस्था सुनिश्चित गरिनेछ । साथै निर्माण कार्यहरूको प्रयोगशाला परीक्षण (Lab Test) र गुणस्तर सुनिश्चितताका लागि उपलब्ध उपकरणहरूलाई थप सुदृढ गर्दै आधुनिक प्राविधिक उपकरण तथा परीक्षण सामग्रीको प्रबन्ध गरी समग्र गुणस्तर जाँच प्रणालीलाई सुदृढ बनाइनेछ ।

८०. हटिया बजार क्षेत्रमा पर्ने पुष्पलाल मध्यपहाडी लोकमार्ग खण्डलाई आकर्षक, स्वच्छ र फुटपाथसहितको 'नमूना सडक' (Model Road) का रूपमा विकास गर्न सम्बन्धित आयोजना कार्यालयसँग विशेष समन्वय गरिनेछ । यसका साथै हटिया बजारको जिपपार्कलाई आधुनिक रूपमा व्यवस्थित गरी सवारी साधनहरूको आवतजावत एवं

पार्किङलाई थप सहज, सुरक्षित र मर्यादित बनाइनेछ ।

**वन वातावरण तथा विपद व्यवस्थापनः**

८१. विपद् तथा आकस्मिक सङ्कटको समयमा तत्काल उद्धार, खोज र राहतका कार्यहरू सम्पादन गर्नका लागि आवश्यक प्राविधिक औजार एवं राहत सामग्रीहरू चौबीसै घण्टा तयारी अवस्थामा राखिनेछ । मनसुन प्रारम्भ हुनुपूर्व नै मौसम र विपद्को पूर्वानुमान (Early Warning System) गरी बाढी-पहिरोजन्य जोखिम न्यूनीकरणका पूर्वतयारीका कदमहरू चालिनेछ भने आकस्मिक सेवा प्रवाहका लागि **'स्थानीय आपत्कालीन कार्य सञ्चालन केन्द्र' (LEOC)** लाई चौबीसै घण्टा क्रियाशील र प्रभावकारी बनाइनेछ ।

८२. भू-क्षय एवं पहिरोबाट अति संवेदनशील तथा प्रभावित क्षेत्रहरूको वस्तुपरक पहिचान गरी सोको स्थायी नियन्त्रणका लागि नगरपालिकाको आन्तरिक लगानीका साथै सङ्घ र प्रदेश सरकारसँगको त्रिपक्षीय सहकार्यमा रणनीतिक कार्यक्रमहरू अगाडि बढाइनेछ । यसका लागि आवश्यक तारजाली (Gavion Wire), ह्युमपाइप तथा पोलिपाइपको समुचित प्रबन्ध मिलाइनेछ भने उच्च जोखिमयुक्त भू-भागहरूमा वातावरणीय सन्तुलन कायम राख्न आधुनिक **'बायो-इन्जिनियरिङ'** प्रविधिको प्रयोगलाई उच्च प्राथमिकता दिइनेछ ।

८३. आगलागी तथा वन डढेलोको बढ्दो जोखिम र क्षतिलाई न्यूनीकरण गर्न सुरक्षा निकाय, डिभिजन वन कार्यालय र स्थानीय समुदायको त्रिकोणात्मक समन्वयमा सघन जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ; वन जङ्गल र वरपरको जैविक पर्यावरणलाई सुरक्षित राख्न आधुनिक डढेलो नियन्त्रणका उपायहरू एवं अग्नि नियन्त्रक सामग्रीहरूको पूर्व-व्यवस्थापनलाई प्राथमिकताका साथ कार्यान्वयनमा ल्याइनेछ ।

८४. विपद् व्यवस्थापन र प्रतिकार्यलाई योजनाबद्ध बनाउन नगरपालिकामा स्थापित 'विपद् व्यवस्थापन कोष' मार्फत तत्काल उद्धार, राहत सामग्री वितरण तथा प्रभावितहरूको सुरक्षित पुनर्स्थापनाको सुदृढ व्यवस्था मिलाइनेछ; साथै विपद् जोखिमलाई न्यूनीकरण गर्न **'नगरपालिकास्तरीय विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना' (DPRP)** तर्जुमा गरी यसै आर्थिक वर्षदेखि कार्यान्वयन गरिनेछ ।

८५. गलकोट क्षेत्रभित्र बग्ने खोलानाला तथा निजी जग्गाहरूबाट नदीजन्य एवं खानीजन्य पदार्थहरू (ढुङ्गा, गिटी, बालुवा) उत्खनन गर्ने कार्यलाई वातावरण संरक्षण ऐन बमोजिम कानुनी रूपमा नियमन र व्यवस्थित गरिनेछ । प्राकृतिक स्रोतको अनियन्त्रित एवं दोहनयुक्त प्रयोगलाई पूर्ण रूपमा रोक्न र यसको दिगो उपयोग सुनिश्चित गर्न सघन अनुगमन र कठोर नियमनको प्रबन्ध मिलाइनेछ ।

८६. प्रत्येक नागरिकको सुरक्षित बसोबासको संवैधानिक अधिकारलाई व्यावहारिक रूपमा प्रत्याभूत गर्न नगर क्षेत्रभित्र सञ्चालित मौलिक र लोकप्रिय **'सुरक्षित आवास (खरको छानामुक्त घर)'** कार्यक्रमलाई पूर्ण प्रतिबद्धताका साथ निरन्तरता दिइनेछ ।

**संस्थागत विकास, सेवा प्रवाह र सुशासनः**

८७. **"चुस्त सेवा, जनमुखी प्रशासन; संस्थागत विकास र सुशासन"** भन्ने मूल मन्त्रलाई आत्मसात् गर्दै नगरपालिकाबाट प्रवाह हुने सार्वजनिक सेवाहरूलाई एकीकृत र नागरिकको घरदैलोमै पुऱ्याउन स्थानीय अनुकूलताका आधारमा 'एकीकृत घुम्ती सेवा' सञ्चालन गरिनेछ ।

८८. नगरवासीहरु भूमि सम्बन्धी सेवा लिनलाई सदरमुकाममा जानुपर्ने बाध्यताको अन्त्य गर्दै भूमि प्रशासन सेवाहरू (नापी र मालपोत) यस कार्यालयबाटै सुरु गर्नका लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

८९. नगरपालिकाका स्वीकृत नीति, निर्णय, प्रगति विवरण र जनहितका सूचनाहरूलाई आमसञ्चारकर्मी तथा सामुदायिक रेडियोहरूसँगको निरन्तर समन्वयमा छिटो-छरितो, विश्वसनीय र पारदर्शी रूपमा प्रवाह गरिनेछ । स्थानीय सञ्चार माध्यमहरू (रेडियो, पत्रिका, अनलाइन) लाई सञ्चार संयन्त्रमा सूचीकृत गर्दै व्यावसायिक सबलीकरण र प्रोत्साहनका लागि विशेष सञ्चार नीति अवलम्बन गरिनेछ ।

९०. नगरपालिकाको जनसाङ्ख्यिक, आर्थिक तथा भौगोलिक वस्तुगत विवरणलाई अद्यावधिक गरी एक एकीकृत **विद्युतीय वस्तुगत विवरण (Digital Profile)** निर्माण गरिनेछ र नगरपालिकाबाट प्रदान गरिने सार्वजनिक सेवाहरूलाई क्रमशः डिजिटल प्रविधिमा रूपान्तरण गरिनेछ ।

९१. गलकोट नगरपालिका तथा अन्तर्गतका सबै विषयगत कार्यालयहरूबाट प्रवाह हुने सेवालाई सरल, छरितो, पूर्वानुमानयोग्य र प्रविधिमैत्री बनाइनेछ; सेवा प्रवाहको गुणस्तर बढाउन आधुनिक सूचना प्रविधि तथा कृत्रिम बुद्धिमत्तामा आधारित ज्ञान र प्रणालीको उपयोगमा जोड दिइनेछ भने सोही अनुरूप सेवा प्रवाहलाई गतिशील बनाउन कर्मचारीहरूको डिजिटल साक्षरता र कार्यक्षमता विकासका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

९२. नागरिकहरूलाई सेवा प्रवाह, विकास निर्माण र समग्र शासकीय गतिविधिको विषयमा सुसूचित गराई सुशासन र पारदर्शिता कायम गर्न नगरपालिकाको स्थापना कालदेखि हालसम्म सम्पादन भएका ऐतिहासिक कार्य तथा उपलब्धिको 'भिडियो वृत्तचित्र' (Video Documentary) तयार गरी सार्वजनिक गरिनेछ ।

९३. वडा कार्यालयहरूको भौतिक सुदृढीकरणका लागि आवश्यक आधुनिक फर्निचर र मेसिनरी औजारहरूको समुचित व्यवस्थापन गरिनेछ । संस्थागत अनुशासन, नियमितता र समयपालनलाई पूर्णतः पालना गराउन वडा कार्यालय, स्वास्थ्य संस्था र सामुदायिक विद्यालयहरूमा विद्युतीय हाजिरी (E-Attendance) प्रणाली र सुरक्षा संवेदनशीलतालाई मध्यनजर गर्दै सीसीटीभी क्यामेरा जडान कार्यलाई उच्च प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ ।

९४. नगरभित्र क्रियाशील खानेपानी उपभोक्ता समिति, सामुदायिक वन उपभोक्ता समिति, सहकारी लगायतका नगरमा दर्ता भई सञ्चालित सम्पूर्ण सामाजिक सङ्घ-संस्थाहरूले वार्षिक साधारण सभामार्फत स्वीकृत गरेको आय-व्ययको लेखापरीक्षण विवरण नगरपालिकामा अनिवार्य रूपमा पेस गर्ने कानुनी व्यवस्था मिलाइनेछ र संस्थाहरूको वित्तीय सुशासनको नियमित एवं प्रभावकारी अनुगमन गरिनेछ ।

९५. उपभोक्ता अधिकारको संरक्षण र खाद्य वस्तुको गुणस्तर सुनिश्चितताका लागि बजार अनुगमन कार्यलाई थप सघन, नियमित र परिणाममुखी बनाइनेछ; साथै सुशासन र संस्थागत विकासको क्षेत्रमा अपेक्षित नतिजा हासिल गर्न स्थानीय सङ्घ-संस्था, उद्योग वाणिज्य सङ्घ, निजी क्षेत्र एवं प्रदेश र सङ्घीय सरकारसँग बलियो रणनीतिक साझेदारी गर्दै प्राथमिकता प्राप्त कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

९६. वर्तमान समष्टिगत आर्थिक परिस्थितिलाई दृष्टिगत गरी प्रशासनिक, अनुत्पादक र फजुल खर्चहरूमा व्यापक सङ्कुचन ल्याइनेछ; साथै आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ बनाउँदै बेरुजू न्यूनीकरण, फछ्र्यौट र सम्परीक्षण कार्यलाई एक अभियानकै रूपमा अगाडि बढाइनेछ ।

९७. सुरक्षित, उत्तरदायी र स्मार्ट नगरको परिकल्पनालाई साकार पार्न प्रमुख व्यापारिक केन्द्र, बजार क्षेत्र र संवेदनशील

सडक खण्डहरूमा सीसीटीभी (CCTV) क्यामेराको सञ्जाल विस्तार गरिनेछ; साथै पूर्वजडान भइसकेका क्यामेराहरूको चुस्त मर्मत-सम्भार गरी २४ सै घण्टा निगरानी प्रणाली सुनिश्चित गरिनेछ र नगरका सार्वजनिक क्षेत्रहरूमा क्रमशः निःशुल्क वाई-फाई (Free Wi-Fi) हटस्पट जडान गर्दै लगिनेछ ।

९८. स्थानीय सरकारको कामकारबाहीलाई पारदर्शी र उत्तरदायी बनाउन नागरिकको सूचनाको संवैधानिक मौलिक हकलाई पूर्ण रूपमा प्रत्याभूत गरिनेछ; यसका लागि चौमासिक रूपमा सार्वजनिक सुनुवाइ सञ्चालन र स्वत प्रकाशन गरिनेछ, पालिकाको आधिकारिक वेबसाइटमार्फत अनिवार्य प्रकाशन गर्नुपर्ने सूचनाहरू नियमित रूपमा अद्यावधिक गरिनेछ र कार्यालयमा प्राप्त हुने जनगुनासो तथा उजुरीहरूलाई द्रुत मार्ग बाट समयमै समयमै समाधान गर्ने व्यवस्था मिलाइनेछ ।

**न्यायिक समिति तथा न्याय सम्पादनः**

९९. गलकोट नगरपालिकाको **स्थानीय न्यायिक समितिको** सुदृढ व्यवस्थापनमा नगरबासीहरूलाई न्याय र कानुन सम्बन्धी निःशुल्क कानुनी परामर्श एवं कानुनी सहायता उपलब्ध गराइनेछ; साथै न्यायिक समितिमा दर्ता हुने विवादहरूको निरूपण, न्यायिक निर्णय र मेलमिलाप प्रक्रियालाई थप छिटो-छरितो, निष्पक्ष, सर्वसुलभ र पारदर्शी तुल्याइनेछ ।

१००. नागरिकहरूमा कानुनी सचेतना अभिवृद्धि गरी न्यायमा सहज पहुँच सुनिश्चित गर्न विद्यालय तथा समुदाय केन्द्रित '**कानुनी साक्षरता**' कार्यक्रम सञ्चालन गरिनेछ; साथै स्थानीय स्तरमा सम्पादन भएका न्याय निरूपणका असल अभ्यासहरू र अनुभवहरूको आदानप्रदानका लागि अन्तर-पालिका समन्वय तथा सिकाई साझेदारी कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

**आदरणीय नगरसभा सदस्यहरू एवं उपस्थित महानुभावहरू,**

**अन्तमा,**

विगतका आर्थिक वर्षहरूमा सञ्चालित योजनाहरूको सफलतापूर्वक सम्पादन र चालु आर्थिक वर्षको सुखद समापनसँगै हाम्रो प्यारो गलकोट नगरपालिकाले विकास र समृद्धिको यात्रामा एक ऐतिहासिक फड्को मार्ने बलियो आधारशिला तयार गरिसकेको छ । सङ्घ, प्रदेश र स्थानीय तहमा निर्मित कानुनहरूले नगर सरकार सञ्चालनको वैधानिक जगलाई थप सुदृढ बनाएका छन् । नीति, बजेट र योजना तर्जुमाका हालसम्मका हाम्रा सफल अभ्यास एवं संस्थागत सिकाईहरूले आगामी दिनहरूलाई अझ बढी सहज, परिणाममुखी र जनमुखी बनाउने निश्चित छ । नगरको समग्र विकास, गुणस्तरीय सेवा प्रवाह र समुदाय परिचालनमा गैरसरकारी क्षेत्र, नागरिक समाज तथा सहकारीहरूको क्रियाशील साझेदारी र योगदानलाई आगामी दिनमा थप उचाइमा पुऱ्याइनेछ ।

सङ्घीय शासन प्रणालीको मूल मर्म अनुरूप तीनै तहका सरकारको सुदृढीकरण, संस्थागत संरचना निर्माण र सङ्गठनात्मक विकासका लागि हालसम्म गरिएका हाम्रा अथक प्रयासहरूले समृद्धिको सुखद मार्ग प्रशस्त गरेका छन् । नगरको सामाजिक-आर्थिक रूपान्तरणमा आएको सकारात्मक परिवर्तन र स्थानीय सरकारको स्थापनासँगै विकास भएको पारदर्शी, उत्तरदायी एवं जवाफदेही संस्कृति यसकै सुखद परिणामहरू हुन् । यस ऐतिहासिक रूपान्तरणको महाअभियानमा नगरबासीको सेवा र नगरको विकासमा अहोरात्र खटिनुहुने सम्पूर्ण आदरणीय जनप्रतिनिधिहरू र

निष्ठावान् राष्ट्रसेवक कर्मचारीहरूप्रति म हार्दिक आभार एवं उच्च सम्मान व्यक्त गर्दछु ।

यस गरिमामय सभा समक्ष प्रस्तुत नीति तथा कार्यक्रमको वस्तुनिष्ठ र इमानदार कार्यान्वयनबाट गलकोटको समग्र विकासमा गुणात्मक परिवर्तन आउने र उच्च भौतिक एवं वित्तीय प्रगति हासिल हुनेमा म पूर्ण रूपमा विश्वस्त छु । यस नीति तथा कार्यक्रमको सफल कार्यान्वयनले नगरबासीको जीवनस्तरमा सकारात्मक रूपान्तरण ल्याउँदै 'समृद्ध नेपाल, सुखी नेपाली' को साझा राष्ट्रिय आकाङ्क्षा र सङ्कल्पलाई साकार पार्न एक ऐतिहासिक कोशेढुङ्गाको काम गर्नेछ ।

सुशासन, सामाजिक न्याय र समृद्धिसहितको राष्ट्रिय सोचलाई मूर्तरूप दिँदै समुन्नत र समृद्ध गलकोट नगर निर्माणको यो पवित्र यात्रामा निरन्तर मार्गनिर्देशन र सहयोग पुऱ्याउनुहुने सङ्घ तथा प्रदेश सरकार, आदरणीय माननीयज्यूहरू, राजनीतिक दलहरू, स्थानीय प्रशासन, राष्ट्रसेवक कर्मचारीहरू, अहोरात्र खटिने सुरक्षाकर्मीहरू, सञ्चार जगत्, नागरिक समाज, निजी एवं सहकारी क्षेत्र र आफ्नो जन्मभूमिलाई अपार माया गरी देश-विदेशमा रहनुभएका सम्पूर्ण महानुभावहरू प्रति म हृदयको गहिराइदेखि नै हार्दिक आभार तथा कृतज्ञता ज्ञापन गर्दछु ।

साथै, यस नीति तथा कार्यक्रमलाई अन्तिम रूप दिन अमूल्य र रचनात्मक राय-सुझाव प्रदान गर्नुहुने सम्पूर्ण आदरणीय गलकोटवासी आमाबुबा, दाजुभाइ, दिदीबहिनी तथा जनप्रतिनिधिहरूमा पुनः धन्यवाद ज्ञापन गर्दै, समृद्ध गलकोट निर्माणको यस महायज्ञमा यहाँहरू सबैको निरन्तर साथ, अटुट सहयोग र सक्रिय सहभागिताका लागि हार्दिक आह्वान गर्दछु ।

**नमस्कार ! धन्यवाद ।**

**भरत शर्मा गैरे**<br>
**नगर प्रमुख**<br>
**सम्बत् २०८२ असार ९ गते मंगलबार**<br>
**११४६ तछलाथ्व नवमी**

# गलकोट नगरपालिका
# नगर उप प्रमुख फमलाल निउरेद्वारा नगरसभाको १९ औं अधिवेशनमा प्रस्तुत गर्नुभएको आर्थिक वर्ष ०८३/८४ को बजेट वक्तव्य

**नगरसभाका श्रद्धेय अध्यक्षज्यू,**
**नगरसभाका सम्पूर्ण सदस्यज्यूहरु,**
**राष्ट्रसेवक कर्मचारी, सञ्चारकर्मी र सभामा उपस्थित अन्य महानुभावहरु!**

१. नेपालको संविधानले परिकल्पना गरेको समृद्ध, समुन्नत र आत्मनिर्भर स्थानीय शासन व्यवस्थाको लक्ष्य प्राप्तिका लागि गलकोट नगरसभाको उन्नाईसऔ अधिवेशनको यस सम्मानित वैठकमा नगरपालिकाको आर्थिक वर्ष २०८३/८४ को आय तथा व्ययको अनुमान प्रस्तुत गर्न पाउँदा गौरवको अनुभूति गरेको छु।

२. नेपालको लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापनाको लागि भएका विभिन्न राजनीतिक आन्दोलन, जनसंघर्ष तथा परिवर्तनका अभियानहरूमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात-अज्ञात शहीदहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु। साथै, लोकतान्त्रिक अधिकार, सामाजिक न्याय र समावेशी राज्य व्यवस्थाको स्थापनाका लागि संघर्षका क्रममा घाइते, बेपत्ता, अपाङ्गता भएका तथा पीडित सम्पूर्ण नागरिकहरूप्रति उच्च सम्मान व्यक्त गर्दछु।

३. गलकोटका नागरिकको वृहत्तर हितलाई ध्यानमा राखी नेपालको संविधानद्वारा निर्दिष्ट राज्यका निर्देशक सिद्धान्त, स्थानीय सरकार सञ्चालन ऐन, २०७४,दिगो विकास लक्ष्य, नेपाल सरकारको सोह्रौँ पञ्चवर्षीय योजना, गण्डकी प्रदेशको दोस्रो पञ्चवर्षीय योजना, गलकोट नगरपालिकाको दोस्रो पञ्चवर्षीय योजना, नेपाल सरकार तथा गण्डकी प्रदेश सरकारको आर्थिक वर्ष २०८३/८४ को बजेट तथा नीति कार्यक्रम, नगरपालिकाको आवधिक विकास लक्ष्य तथा नगरवासीको समृद्धिको आकांक्षालाई केन्द्रमा राखी प्रस्तुत बजेट तर्जुमा गरेको छु।

४. गलकोट नगरपालिकाको आवश्यकता, यहाँका नागरिकको विकास प्रतिको चाहना, स्थानीय निर्वाचनमा राजनीतिक दलहरुले गरेको प्रतिवद्धता, विभिन्न क्षेत्रबाट प्राप्त रचनात्मक सुझाव, संघ र प्रदेश सरकारबाट प्राप्त वित्तीय हस्तान्तरण तथा राजश्व परिचालनको सीमित दायरा जस्ता विषयलाई दृष्टिगत गरी सीमित स्रोत र साधनको अधिकतम उपयोग गर्दै उत्पादन, उत्पादकत्व, रोजगारी सिर्जना, सामाजिक न्याय, सुशासन तथा सेवा प्रवाहमा गुणात्मक सुधार हासिल गर्ने उद्देश्यले बजेटलाई परिणाममुखी, उत्तरदायी र नागरिकमैत्री बनाउन जोड दिईएको छ। साथै, स्रोतको न्यायोचित वितरण, वित्तीय अनुशासन, पारदर्शिता र उत्तरदायित्वलाई बजेट कार्यान्वयनको मूल आधार बनाइएको छ।

५. गलकोटका नागरिको सुख र समृद्धिको चाहना, कृषि क्षेत्रको प्रवर्द्धन, गुणस्तरीय भौतिक पूर्वाधार निर्माण, मौलिक हकको रुपमा रहेको शिक्षा र स्वास्थ्य क्षेत्रमा प्राप्त उपलब्धी र सो को दिगोपना, रोजगारी सिर्जना, समावेशीयता, सामाजिक परिचालन र ऐक्यवद्धता, पारदर्शिता, सुशासन र गुणस्तरीय सेवा प्रवाह जस्ता विषयहरुलाई जोड दिएर बजेट तर्जुमा गरेको छु।

६. "समृद्ध गलकोट, सुखी गलकोटवासी" को दीर्घकालीन सोचलाई व्यवहारमा रूपान्तरण गर्न उत्पादन र उत्पादकत्व

अभिवृद्धि, रोजगारी सिर्जना, स्थानीय स्रोत र साधनको संरक्षण तथा परिचालन, गुणस्तरीय सार्वजनिक सेवा प्रवाह र दिगो विकासका आधार स्तम्भहरूलाई सुदृढ बनाउने दिशामा प्रस्तुत बजेट केन्द्रित रहेको छ।

**सम्मानित नगरसभाका अध्यक्ष महोदय,**

अब म गत आर्थिक वर्ष २०८१/८२ को यथार्थ आय-व्याय एवं चालु आर्थिक वर्ष २०८२/८३ को संशोधित आय-व्यय सम्बन्धी संक्षिप्त विवरण प्रस्तुत गर्दछु।

**गत आर्थिक वर्ष २०८१/८२ मा यथार्थ आय**

७. गत बर्षको मौज्दात सहित आन्तरिक आय तर्फ रु.४ करोड तीन लाख ९६ हजार दुँई सय ४४ रुपैया र पैसा ११ मात्र, संघीय सरकार राजश्व बाँडफाँडबाट प्राप्त रु. १० करोड ३७ लाख ६० हजार चार सय ८४ रुपैयाँ र पैसा १४ मात्र , प्रदेश सरकार राजश्व बाँडफाँटबाट प्राप्त रु. ९९ लाख ६५ हजार एक सय ६१ रुपैयाँ ,घर जग्गा रजिष्ट्रेशन दस्तुर रु. ३१ लाख पाचँ हजार नौं सय ३२ रुपैया र जनसहभागितामा रु.७ लाख गरी आन्तरिक श्रोत, जनसहभागिता,राजश्व बाडँफाड र घर जग्गा रजिष्ट्रेशन गरी जम्मा रु.१५ करोड ८९ लाख २७ हजार आँठ सय २१ र पैसा ४४ मात्र आम्दानी जनाईएको छ।

८. संघीय सरकारबाट प्राप्त वित्तीय समानीकरण अनुदान रु.१० करोड ५२ लाख ४८ हजार सात सय बीस रुपैया , शशर्त अनुदान चालु तर्फ अनुदान रु. ३३ करोड ६२ लाख ७० हजार एक सय १३ रुपैयाँ र पैसा ८८ मात्र , विशेष अनुदान पूजिगत रु. ८५ लाख ७४ हजार एक सय छ रुपैया,समपूरक अनुदान पूजिगत रु.६० लाख र शसर्त अनुदान पूँजिगत १२ लाख ६२ हजार एक सय पँचास रुपैया गरी संघीय सरकार बाट वित्तीय हस्तान्तरण तर्फ जम्मा रु.४५ करोड,१३ लाख,५५ हजार ८९ रुपैया र पैसा ८८ मात्र आम्दानी भएको छ ।

९. प्रदेश सरकारबाट प्राप्त वित्तीय समानीकरण अनुदान रु. १ करोड ५० लाख २९ हजार मात्र, समपुरक अनुदान रु. ४४ लाख ७१ हजार ,विशेष अनुदान पूँजिगत रु.३० लाख ८५ हजार चार सय गरी प्रदेश सरकार वित्तीय हस्तान्तरण तर्फ जम्मा रु.२ करोड २५ लाख ८५ हजार चार सय यथार्थ आय भएको छ।

**सम्मानित नगरसभा सदस्यज्यूहरु अव म आ.व २०८१।८२ को यथार्थ व्यय पेश गर्दछु**

१०. क्षेत्रगत विनियोजनका आधारमा कुल चालु बजेटमा विनियोजन ५१ करोड,३६ लाख,९२ हजार छ सय रहेकोमा रु. ४६ करोड २६ लाख ७४ हजार ९ सय ७० रुपैयाँ खर्च भएको छ जुन चालु विनियोजनको ९०.०७ प्रतशत हुन आउदछ। र कुल पूँजिगत विनियोजन रु.१७ करोड ७४ लाख ५० हजार भएकोमा पूँजीगत खर्च रु. १२ करोड ७३ लाख ३८ हजार तीन सय ४४ र पैसा ५३ खर्च भएको छ जुन पूजिगत विनियोजनकोको ७१.७६ प्रतिशत हुन आउदछ। कुल चालु र पूजिगत गरी जम्मा रु.५९ करोड १२ हजार नौ सय बीस रुपैँया र पैसा २५ खर्च भई निकासा फिर्ता पश्चात रु. ४ करोड २८ लाख ९५ हजार आँठ सय ३४ रुपैयाँ चालु आर्थिक वर्ष २०८२/८३ मा जिम्मेवारी सरेको छ।

**श्रद्धेय अध्यक्ष महोदय,**

**अब म चालु आर्थिक वर्ष २०८२/८३ को संशोधित आय व्यय विवरण संक्षेपमा प्रस्तुत गर्दछु।**

११. गत वर्षको मौज्दात समेत गरी आन्तरिक आय तर्फ रु. ६ करोड,२३ लाख ९५ हजार २५ मात्र,घर जग्गा रजिष्ट्रेशन दस्तुर रु.३३ लाख संघीय सरकारबाट राजश्व बाँडफाँट रु. ९ करोड ६० लाख, समानीकरण अनुदान रु. १० करोड ५२ लाख ५८ हजार नौँ सय ५०, सशर्त अनुदान रु. ३७ करोड ९५ लाख हजार, विशेष अनुदान रु.१ करोड १८ लाख लाख र समपुरक अनुदानमा रु.एक करोड छ लाख गरी जम्मा रु.६६ करोड ८८ लाख ५३ हजार ९ सय ५० मात्र ।

१२. गण्डकी प्रदेश सरकारबाट राजश्व बाँडफाँट रु. एक करोड १० लाख ५२ हजार समानीकरण अनुदान रु. एक करोड ४८ लाख २१ हजार, विशेष अनुदान रु. ३० लाख र शसर्त अनुदान रु. २ लाख र समपुरक अनुदान रु. ४२ लाख पाँच हजार दुई सय २० र गरि जम्मा ३ करोड ३२ लाख ७८ हजार दुई सय २० हुने संशोधित अनुमान छ र यसरी कुल संशोधित आय जम्मा रु.७० करोड २१ लाख ३२ हजार एक सय ७० हुन आउछ ।

१३. २०८३ आसाढ ६ गते सम्मको कुल चालु खर्च ३४ करोड ६५ लाख ८४ हजार नौ सय रुपैया र पैँसा ३९ मात्र खर्च भएको छ जुन कुल चालु विनियोजनको ६४.५ प्रतिशत हो र पूजिँगत खर्च ८ करोड २९ लाख ८३ हजार एक सय ४९ मात्र खर्च भएको छ जुन पूजिगत विनियोजनको ४०.४३ प्रतिशत हो र कुल जम्मा ८८.०५ प्रतिशत खर्च भएको छ। विगत आ.व हरुको खर्च प्रगती र चालु आ.वको कार्यसम्पादन प्रगतीको आधारमा समेत चालु आर्थिक वर्ष २०८२/८३ संशोधित आयको ८९.४८ प्रतशत खर्च हुने अनुमान गर्दा रु. ६२ करोड ८३ लाख १२ हजार एक सय ९३ हुन आउदछ र २ करोड ९९ लाख ६७ हजार पाँच सय ९४ फिर्ता हुने संशोधित अनुमानमा आगामि आ.बमा रु.४ करोड ३८ लाख ५२ हजार पाँच सय ९४ आगामी आ.वमा जिम्मेवारी सारीएको छ ।

**श्रद्धेय अध्यक्ष महोदय,**

अब म आर्थिक बर्ष २०८३/८४ को बजेटका उद्देश्य र प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहन्छु।

**बजेटका उद्देश्यहरु देहायबमोजिम रहेका छन्:-**

क) कृषि क्षेत्रलाई युवामैत्री र आकर्षक बनाउँदै उत्पादन क्षमता अभिवृद्धि गरी स्थानीय अर्थतन्त्रलाई सबल बनाउनु,

(ख) रोजगारीका अवसर विस्तार गरी लक्षित तथा पिछडिएका वर्गको आयस्तर सुधार गर्दै आर्थिक असमानता घटाउनु,

(ग) शिक्षा र स्वास्थ्य सेवामा नागरिकको सहज पहुँच सुनिश्चित गर्दै आधारभूत मानव विकासलाई मजबुत बनाउनु,

(घ) दीगो उपयोगयोग्य तथा गुणस्तरीय भौतिक संरचनाको विस्तार गर्दै विकास प्रक्रियालाई गति दिनु,

(ङ) विकास प्रक्रियामा जनसहभागिता बढाई प्राप्त स्रोत र अवसरहरूको न्यायोचित वितरण सुनिश्चित गर्नु,

(च) सार्वजनिक सेवा प्रणालीलाई पारदर्शी, जवाफदेही र प्रभावकारी बनाउँदै सुशासनलाई संस्थागत गर्नु,

**बजेटका प्राथमिकता देहाय बमोजिम तय गरेको छु:-**

(क) सर्वसाधारणको पहुँचमा रहने गरी स्वास्थ्य सेवा र शिक्षाको गुणस्तर अभिवृद्धि,

(ख) प्रतिफलयुक्त गुणस्तरीय भौतिक पूर्वाधार निर्माण,

(ग) स्थानीय उत्पादनको विस्तार गर्दै कृषि क्षेत्रलाई व्यवसायिक र आधुनिक बनाउनु,

(घ) सीप विकास तथा उद्यमशीलतामार्फत रोजगारी सिर्जना,

(ङ) सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी बनाउँदै समावेशी र न्यायपूर्ण समाज निर्माण,

(च) सबै वर्ग र क्षेत्रलाई समेट्ने समतामूलक विकास प्रणालीलाई प्रवर्द्धन,

(छ) सेवा प्रवाहमा डिजिटल प्रविधिको प्रयोग मार्फत दक्षता, पारदर्शिता र उत्तरदायित्व सुनिश्चित गर्दै सुशासन सुदृढ गर्नु,

**श्रद्धेय अध्यक्ष महोदय,**

नेपालको संविधानले स्थानीय तहलाई प्रदान गरेका अधिकार तथा जिम्मेवारी, नगरवासी नागरिकका विकास र समृद्धिसम्बन्धी आकांक्षा तथा उपलब्ध स्रोत–साधनको यथार्थ अवस्थालाई दृष्टिगत गर्दा विकासका चुनौतीहरू अझै विद्यमान रहेका छन्। संघ तथा प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय हस्तान्तरणमा देखिएको संकुचन, आन्तरिक राजस्वको सीमित आधार तथा बढ्दो विकास अपेक्षाबीच सन्तुलन कायम गर्दै नागरिकको जीवनस्तरमा सकारात्मक परिवर्तन ल्याउनु हाम्रो साझा दायित्व हो। यद्यपि, उपलब्ध स्रोत र साधनको अधिकतम परिचालन, वित्तीय अनुशासनको सुदृढीकरण, विकास खर्चको प्रभावकारिता अभिवृद्धि तथा सुशासन प्रवर्द्धनमार्फत नगरवासीको समृद्धिको यात्रालाई थप गति दिने दृढ संकल्पका साथ आगामी आर्थिक वर्षको बजेट प्रस्तुत गरेको छु।

अब म आर्थिक वर्ष २०८३/८४ का लागि प्रस्तावित क्षेत्रगत कार्यक्रम, बजेट तथा विनियोजन प्रस्तुत गर्ने अनुमति चाहन्छु।

**आर्थिक विकास**

**(अ) कृषि तथा बागवानी**

१४. कृषि क्षेत्रलाई आधुनिक, व्यवसायिक तथा आकर्षक पेशाको रूपमा विकास गर्दै युवा जनशक्तिलाई कृषि उद्यममा आबद्ध गर्न साथै, कृषकहरूको उत्पादन वृद्धि तथा आय आर्जनमा टेवा पुऱ्याउने उद्देश्यले उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रम सञ्चालनका लागि रु. १६ लाख बजेट विनियोजन गरेको छु।

१५. गलकोट क्षेत्रको हावापानी, भू–बनोट तथा माटोको प्रकृतिलाई मध्यनजर गर्दै अकबरे खुर्सानीलाई उच्च सम्भावनाको नगदे बालीका रूपमा विकास गर्न अकबरे खुर्सानी पकेट कार्यक्रमलाई निरन्तरता दिईएको छु।

१६.कृषि क्षेत्रको उत्पादकत्व अभिवृद्धि, व्यवसायीकरण तथा विविधीकरणलाई प्रोत्साहन गर्न बाली रोप्नुअघि माटोको अम्लीयता (pH), नाइट्रोजन, फस्फोरस र पोटास लगायतका पोषक तत्वहरूको परीक्षण गरी माटोको अवस्था अनुरूप खेती व्यवस्थापन गर्न तथा माटोको स्वास्थ्य सुधार कार्यक्रम सञ्चालनका लागि सशर्त अनुदानतर्फ रु. ७ लाख विनियोजन गरिएको छ।

१७. स्थानीय कृषि उपजको सहज तथा व्यवस्थित बजारीकरण सुनिश्चित गर्न उत्पादक र उपभोक्ताबीचको दूरी घटाउने तथा बिचौलियाको प्रभाव न्यूनीकरण गर्ने उद्देश्यले हाटबजार तथा कृषि उपज संकलन कन्द्र व्यवस्थापनको लागि आवश्यक बजेट व्यवस्था गरेको छु।

१८. नवप्रवर्तन साझेदारी कोषमार्फत वडा नं. १, ४ र १० मा सञ्चालित व्यवसायिक ओखर खेती कार्यक्रमको संरक्षण, विस्तार तथा प्राविधिक व्यवस्थापनका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

१९. कृषि क्षेत्रको दिगो विकासका लागि स्थानीय स्रोत, साधन तथा भौगोलिक अनुकूलताको आधारमा क्षेत्रगत विशिष्टीकरणलाई प्राथमिकता दिइनेछ। अदुवा, बेसार, लसुन,अकबरे खुर्सानी,किवि र मौरी जस्ता उच्च सम्भावना भएका तुलनात्मक लाभका बाली तथा व्यवसायहरुको पकेट क्षेत्र विस्तार तथा सुदृढीकरण गरिनेछ साथै, कृषि उत्पादनदेखि प्रशोधन, ब्रान्डिङ, मूल्य अभिवृद्धि र बजारीकरणसम्मको सम्पूर्ण मूल्य शृङ्खलालाई समेट्ने गरी कृषकलाई उद्यमशील बनाउने उदेश्यले "उत्पादन देखि प्रशोधनसम्म:एकिकृत कृषि विकास कार्यक्रम" सञ्चालनका लागि नेपाल सरकारको विशेष अनुदानमार्फत रु. एक करोड ८० लाख बजेट विनियोजन गरिएको छ।

२०. सिंचाइको पहुँच विस्तार गरी कृषि उत्पादनमा वृद्धि ल्याउन खेतीयोग्य जमिनमा वर्षभरि सिंचाइ सुविधा उपलब्ध गराउने लक्ष्यका साथ साना सिंचाइ आयोजना तथा विद्यमान संरचनाको मर्मत सम्भार कार्यक्रमलाई निरन्तरता दिएको छु। यसका लागि वडाको विनियोजन सहित सहित रु. ४० लाख विनियोजन गरेको छु।

२१. कृषि तथा बागबानी क्षेत्रको समग्र विकास, उत्पादन वृद्धि, क्षमता अभिवृद्धि तथा प्रविधि विस्तारसम्बन्धी कार्यक्रम सञ्चालनका लागि संघीय सशर्त अनुदानतर्फ रु. १२ लाख तथा नगरपालिका स्रोततर्फ ४७ लाख ५० र नेपाल सरकार विशेष अनुदान रु एक करोड ८० लाख गरी कुल जम्मा रु.दुई करोड ३९ लाख ५० हजार बजेट विनियोजन गरेको छु।

२२. पशुधन क्षेत्रको उत्पादन तथा उत्पादकत्व वृद्धि, पशु स्वास्थ्य संरक्षण र किसानको आयआर्जन अभिवृद्धि गर्ने उद्देश्यले पशुजन्य रोग तथा महामारी नियन्त्रणका लागि नियमित खोप अभियान सञ्चालन, आवश्यक औषधि तथा खोप व्यवस्थापन र कृत्रिम गर्भाधानमार्फत उन्नत नश्ल सुधार कार्यक्रमलाई निरन्तरता दिन रु. १४ लाख २५ हजार बजेट विनियोजन गरेको छु।

२३. कृषकहरूको उत्प्रेरणा अभिवृद्धि गर्दै कृषि तथा पशुपालन क्षेत्रको व्यवसायीकरण र विविधीकरणलाई प्रवर्द्धन गर्न दूध तथा खसी–बोकाको मासु उत्पादनमा आधारित प्रोत्साहन अनुदान कार्यक्रमलाई निरन्तरता दिएको छु। उक्त कार्यक्रम कार्यान्वयनका लागि रु. २५ लाख बजेट विनियोजन गरेको छु।

२४.गलकोट नगरपालिकाको भौगोलिक बनोट, जलवायु तथा प्राकृतिक वातावरण बाख्रापालनका लागि अनुकूल रहेको सन्दर्भलाई मध्यनजर गर्दै यस क्षेत्रको तुलनात्मक लाभलाई उपयोग गरी बाख्रापालनलाई व्यावसायिक, प्रतिस्पर्धी तथा आयमूलक व्यवसायका रूपमा विकास गरिनेछ। मासु उत्पादन वृद्धि गर्दै बाख्रा तथा खसीबोकाको आयात प्रतिस्थापन गरी नगरपालिकालाई मासुमा आत्मनिर्भर बनाउने लक्ष्यका साथ "व्यावसायिक बाख्रापालन; उत्पादनमुखी अनुदान र आत्मनिर्भरताको अभियान" प्रदेश सरकारको सशर्त अनुदानमार्फत रु. ४० लाख बजेट विनियोजन गरेको छु।

२५.पशु सेवा पहुँचबाट टाढा रहेका बस्ती तथा क्षेत्रका पशुपालक कृषकलाई घरदैलोमै गुणस्तरीय पशु स्वास्थ्य सेवा उपलब्ध गराउन घुम्ती पशु स्वास्थ्य शिविर सञ्चालन गरिने व्यवस्था मिलाएको छु। यस कार्यक्रमका लागि रु. ४ लाख ५० हजार बजेट विनियोजन गरेको छु

२६. समग्र पशुपंक्षी विकास क्षेत्रको प्रवर्द्धन, पशु स्वास्थ्य सेवा विस्तार, उत्पादन वृद्धि तथा किसानको आर्थिक सशक्तीकरणका लागि संघीय सरकारको सशर्त अनुदानबाट प्राप्त रु. एक लाख ३५ हजार,प्रदेश विशेष अनुदान रु.४० लाख र नगरपालिकाको स्रोतबाट तलब भत्ता सहित रु. ६८ लाख ९० हजार गरी कुल जम्मा रु. एक करोड १० लाख २५ हजार बजेट विनियोजन गरेको छु।

**(इ) सहकारी**

२७. सहकारी क्षेत्रको अभिलेखीकरण, अनुगमन तथा सूचना व्यवस्थापनलाई प्रभावकारी बनाउन सबै सहकारी संस्थाहरूलाई कोपोमिस (COPOMIS) प्रणालीमा आबद्ध भई विवरण अद्यावधिक गर्न अनिवार्य गरिनेछ। सहकारी क्षेत्रको विकास, सुदृढीकरण तथा प्रवर्द्धनका लागि रु. ४ लाख बजेट विनियोजन गरेको छु।

**(ई) उद्यमशीलता विकास तथा रोजगारी प्रवर्द्धन**

२८. सुरक्षित, व्यवस्थित तथा मर्यादित वैदेशिक रोजगारीलाई प्रवर्द्धन गर्ने उद्देश्यले सञ्चालित सुरक्षित आप्रवासन कार्यक्रम (सामी परियोजना) लाई निरन्तरता दिएको छु। वैदेशिक रोजगारीमा रहेका श्रमिकका परिवार, वैदेशिक रोजगारीबाट फर्किएका युवा तथा सम्भावित आप्रवासी श्रमिकहरूलाई वित्तीय साक्षरता, मनोसामाजिक परामर्श तथा पुनःएकीकरण सेवाहरू उपलब्ध गराउन व्यवस्था गरेको छु।

२९. स्थानीय स्रोत, सीप र सम्भावनामा आधारित उद्यमशीलता विकासलाई प्रोत्साहन गर्दै नयाँ उद्यमी सिर्जना तथा विद्यमान लघु उद्यमीहरूको क्षमता अभिवृद्धि गरिनेछ। लघु उद्यमीहरूद्धारा उत्पादित वस्तुको ब्रान्डिङ, लेबलिङ तथा बजारीकरणमा सहयोग पुऱ्याउन आवश्यक बजेट विनियोजन गरेको छु।

३०. श्रमप्रति सम्मानको संस्कृति विकास गर्दै स्वदेशमै रोजगारी तथा स्वरोजगारीका अवसर विस्तार गर्न संघीय सरकारको सहयोगमा “श्रमको सम्मान, राष्ट्रको अभियान” कार्यक्रम सञ्चालन गरिनेछ। उत्पादन र उधमशिल मार्फत रोजगारी सृर्जना तथा न्यूनतम रोजगारी प्रत्यभूतिको लागि सशर्त अनुदान तर्फ रु.४ लाख ४७ हजार र नगरपालिकाको ११ लाख विनियोजन गरेको छु।

३१. समग्र उद्यमशीलता विकास, स्वरोजगार प्रवर्द्धन तथा रोजगारीका अवसर विस्तार गर्ने कार्यक्रमहरू सञ्चालन गर्न "**उद्यमी नवप्रवर्तन तथा वित्तिय साक्षरता अभियान**" अन्तर्गत संघीय सशर्त अनुदानबाट रु. ३३ लाख र नगरपालिकाबाट रु. ३८ लाख ३० हजार गरी जम्मा रु. ७१ लाख ३० हजार बजेट विनियोजन गरेको छु।

**(उ) पर्यटन**

३२. नगरपालिका भित्रका विभिन्न पदर्मार्ग निर्माण तथा संरक्षण र डकुमेन्ट्री निर्माण कार्यका लागि रु. ४२ लाख बजेट विनियोजन गरिएको छ।

३३. आन्तरिक पर्यटन प्रवर्द्धन तथा विकासमा टेवा पुऱ्याउने उद्देश्यले पर्यटन काज कार्यक्रम सञ्चालनका लागि रु. ५ लाख बजेट विनियोजन गरेको छु।

**सामाजिक विकास**

**(अ) खानेपानी, सरसफाई तथा फोहोर व्यवस्थापन**

३४. नगर क्षेत्रका खानेपानीको समय समयमा गुणस्तर परीक्षण गरिने छ। खानेपानी योजनाहरुको मर्मत संभार गरी सञ्चालन गरिने छ।खानेपानीका मुहानको संरक्षण र सरसफाइमा स्थानीय उपभोक्ता समूहलाई जिम्मेवार बनाइने छ।

३५. नगरका सार्वजनिक स्थल र पानीका स्रोतमा फोहोर फाल्न नदिन समूदायको सक्रियता बढाउँदै विद्यमान कानूनको

कडाइका साथ कार्यान्वयन गरिने छ।

३६. नगरपालिकाको फोहोर व्यवस्थापन गरी स्वच्छ नगर निर्माण गर्न रु. २० लाख विनियोजन गरेको छु।

३७. फोहोर मैला वापतको शुल्क स्थानीय टोल विकास संस्था मार्फत उठाउने र उठेको रकमको २० प्रतिशत रकम प्रोत्साहन स्वरुप सम्बन्धित टोल विकास संस्थालाई उपलब्ध गराउने कार्यलाइ निरन्तरता दिएको छु । वाश प्लान (WASH Plan) तथा भू–सन्दर्भित (Geo-referenced) खानेपानी आपूर्ति प्रणाली सम्बन्धी अध्ययन/ तयारी कार्यका लागि रु. ६ लाख विनियोजन गरिएको छ।

३८. खानेपानी तथा सरसफाई योजना मर्मत तथा व्यवस्थापनका लागि वडाको विनियोजन सहित नगरपालिकाको रु ४७ लाख, संघीय शशर्त ६ लाख गरी जम्मा रु ५३ लाख विनियोजन गरेको छु ।

### (आ) युवा तथा खेलकुद

३९.नगर स्तरीय भलिबल खेलको विकास लागि खेलकुद मैदान व्यवस्थापनको लागि रु.५० लाख र वडा तर्फको खेलमैदान निर्माण सहित खेलकुद,युवा लक्षित कार्यक्रम र खेल प्रोत्साहनको लागि रु.एक करोड एक लाख ५० हजार बजेट विनियोजन गरेको छु ।

### (इ) सामाजिक सुरक्षा तथा संरक्षण, लैंङ्गिक समानता र सामाजिक समावेशीकरण

४०. महिला सशक्तीकरण, लैङ्गिक समानता प्रवर्द्धन तथा महिला हिंसा, लैङ्गिक विभेद, सामाजिक कुरीति र कु–संस्कार न्यूनीकरण गर्न साथै, नगरस्तरबाट सञ्चालन हुने महिला लक्षित क्षमता विकास, नेतृत्व विकास, सचेतना तथा आर्थिक–सामाजिक सशक्तीकरणसम्बन्धी कार्यक्रमका लागि रु.पाँच लाख ५० हजार बजेट व्यवस्था गरेको छु।

४१. अपाङ्गता भएका व्यक्तिहरूको अधिकार संरक्षण, सामाजिक सुरक्षा तथा सम्मानजनक जीवनयापनमा सहयोग पुर्‍याउने उद्देश्यले अपाङ्गता परिचयपत्र वितरण, 'क' र 'ख' वर्गका अपांगता भएका व्यक्तिहरुको डिजिटल परिचयपत्र वितरण शिविर संचालन तथा तथ्यांक संकलन र अध्यावधिक कार्यक्रम ल्याएको छु जसका लागि रु.तीन लाख ५० हजार बजेट विनियोजन गरेको छु।'ग' वर्गका अपाङ्गता भएका व्यक्तिहरूका लागि सञ्चालन हुँदै आएको निःशुल्क स्वास्थ्य बीमा कार्यक्रमलाई समेत निरन्तरता प्रदान गरेको छु।

४२. ज्येष्ठ नागरिकहरूको सम्मान, सुरक्षा, सामाजिक संरक्षण तथा स्वास्थ्य प्रवर्द्धनलाई प्राथमिकतामा राख्दै ज्येष्ठ नागरिक लक्षित विशेष कार्यक्रम सञ्चालन गरिनेछ। अनुभव आदानप्रदान तथा ज्येष्ठ नागरिकको ज्ञान तथा सीप अनुभव अन्तरपुस्ता हस्तान्तरण कार्यक्रम सञ्चालनका लागि आवश्यक बजेट व्यवस्था गरेको छु। साथै,जेष्ठ नगारिकको घरमै स्वास्थ्य परिक्षणको लागि आवश्यक बजेट विनियोजन गरेको छु।

४३. बालमैत्री स्थानीय शासनको दिगोपना, बाल अधिकार संरक्षण, बाल सहभागिता अभिवृद्धि तथा बाल विकासलाई प्रवर्द्धन गर्न विभिन्न कार्यक्रम सञ्चालन साथै, बालमैत्री स्थानीय शासनयुक्त नगर दिगोपनाको लागि रु. २० लाख बजेट विनियोजन गरेको छु। साथै, नगरस्तरीय बाल उद्यानको स्तरोन्नति, संरक्षण तथा प्रभावकारी व्यवस्थापनका लागि आवश्यक बजेट व्यवस्था गरेको छु।

४४. सामाजिक सद्भाव, समानता, सामाजिक न्याय तथा समावेशीकरणलाई सुदृढ बनाउन जातीय विभेद, छुवाछुत तथा सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी सचेतनामूलक, शैक्षिक तथा लक्षित कार्यक्रम सञ्चालनका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

४५. लोपोन्मुख, सीमान्तकृत तथा पिछडिएका समुदायको संरक्षण, उत्थान र सशक्तीकरणका लागि कुमाल, गन्धर्व लगायतका समुदाय लक्षित सीप विकास, आयआर्जन तथा क्षमता अभिवृद्धिसम्बन्धी कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेट व्यवस्था गरेको छु।

४६. सामाजिक सुरक्षा, लैङ्गिक समानता, बाल अधिकार, महिला सशक्तीकरण तथा सामाजिक समावेशीकरणसम्बन्धी कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनका लागि सशर्त अनुदानमा ८ लाख, नगरपालिका तर्फको वडाको विनियोजन सहित **"महिलाको सशक्तीकरण, ज्येष्ठ नागरिकको सम्मान; बालमैत्री समाज हाम्रो पहिचान"** कार्यक्रम अन्तर्गत रु. ७० लाख ५० हजार  गरी जम्मा ७८ लाख ५० हजार बजेट विनियोजन गरेको छु।

**(ई) शिक्षा**

४७. नगरपालिकाको उच्च शिक्षाको गौरव तथा शैक्षिक धरोहरको रूपमा रहेको गलकोट बहुमुखी क्याम्पसको जग्गा खरिद तथा भवन निर्माण कार्यमा सहयोग पुर्‍याउन नगरपालिकाबाट प्रदान गरिएको प्रतिबद्धता अनुरूप आगामी आर्थिक वर्ष २०८३/८४ को लागि रु. ६० लाख बजेट विनियोजन गरेको छु।

४८. विद्यालय तहदेखि नै खेलकुद संस्कृतिको विकास, विद्यार्थीको प्रतिभा प्रस्फुटन तथा शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने उद्देश्यले नगरप्रमुख रनिङ शिल्ड, राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता, बृहत् शैक्षिक प्रदर्शनी तथा विविध सहशैक्षिक कार्यक्रम सञ्चालनका लागि आवश्यक बजेट व्यवस्था गरेको छु।

४९. आर्थिक रूपमा विपन्न, जेहेन्दार तथा दलित समुदायका विद्यार्थीहरूको शैक्षिक पहुँच र निरन्तरतालाई सुनिश्चित गर्न सञ्चालनमा रहेको नगरप्रमुख शैक्षिक छात्रवृत्ति कोषलाई आगामी वर्षमा समेत निरन्तरता दिएको छु।

५०. प्रारम्भिक बाल शिक्षाको गुणस्तर अभिवृद्धि गर्दै बाल विकास कक्षाको प्रभावकारी व्यवस्थापन तथा बाल विकास सहजकर्ताहरूको मनोबल उच्च राख्न प्रोत्साहनमुखी कार्यक्रम सञ्चालनका लागि आवश्यक बजेट प्रस्ताव गरेको छु।

५१. आधारभूत तहको कक्षा ८ तथा माध्यमिक शिक्षा परीक्षा (एस.ई.ई.) को नतिजा सुधार गर्न अंग्रेजी, गणित र विज्ञान विषयमा विशेष शैक्षिक सुधार कार्यक्रम सञ्चालन गरिनेछ। साथै, शिक्षकहरूको सूचना प्रविधिसम्बन्धी क्षमता अभिवृद्धिका लागि आधारभूत सूचना प्रविधि तालिम सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

५२. विद्यार्थीहरूमा सिर्जनशीलता, प्रतिस्पर्धात्मक क्षमता तथा अध्ययनप्रतिको रुचि अभिवृद्धि गर्न एफ.एम. रेडियोमार्फत मासिक विषयगत हाजिरीजवाफ प्रतियोगिता तथा शैक्षिक चेतनामूलक कार्यक्रम सञ्चालनका लागि आवश्यक बजेट व्यवस्था गरेको छु।

५३. प्रसूति बिदामा रहेका शिक्षकहरूको अनुपस्थितिमा पठनपाठनमा असर पर्न नदिन बिदा अवधिभर वैकल्पिक शिक्षकको व्यवस्था गरी शिक्षण सिकाइ प्रक्रियालाई निरन्तरता दिने कार्यक्रमलाई आगामी वर्षमा समेत ६ लाख बजेट विनियोजन गरेको छु।

५४. कक्षा ६ मा अध्ययनरत विद्यार्थीहरूका लागि सञ्चालन हुँदै आएको दिवा खाजा कार्यक्रमलाई निरन्तरता दिएको छु। साथै, विद्यालय समायोजन तथा मर्ज प्रक्रियाका कारण टाढाको विद्यालयमा अध्ययन गर्नुपर्ने विद्यार्थीहरूको छात्रावास तथा यातायात खर्च व्यवस्थापनका लागि रु. १६ लाख बजेट विनियोजन गरेको छु।

५५. विद्यालय शिक्षालाई प्रविधिमैत्री, आधुनिक तथा गुणस्तरीय बनाउन डिजिटल माध्यमबाट अध्ययन अध्यापन गर्ने व्यवस्थालाई थप विस्तार गरिनेछ। चालु आर्थिक वर्षमा ४७ वटा स्मार्ट बोर्ड खरिद प्रक्रिया अन्तिम चरणमा पुगेको सन्दर्भमा आगामी आर्थिक वर्षमा समेत **"पविधिमैत्रि सिकाई जेन अल्फाको रोजाइ"** कार्यक्रमलाई निरन्तरता

दिन आवश्यक बजेट विनियोजन गरेको छु

५६. समग्र शिक्षा क्षेत्रको विकास तथा शैक्षिक कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनका लागि नगरपालिका गलकोट बहुमुखी क्याम्पसको अनुदान र वडा तर्फको विनियोजन सहित रु. ३ करोड २६ लाख ५४ हजार ७ सय ६० रुपैँया र सशर्त अनुदान रु. ३४ करोड करोड छ लाख, ११ हजार, सशर्त अनुदानसहित रु. ३७ करोड ३२ लाख, ६५ हजार सात सय ६० विनियोजन गरेको छु । जुन कुल बजेटको करिब ४९.७६ प्रतिशत हुन आउँछ।

## (उ) स्वास्थ्य

५७. गलकोट नगर अस्पतालको सेवा सुदृढिकरणमा जोड दिएको छु। हालै सञ्चालनमा आएका फिजियोथेरापी, ब्लड बैंक र सुत्केरीको आकस्मिक शल्यक्रिया सेवालाई थप प्रभावकारी रुपमा सञ्चालन गर्नका लागि साथै गलकोट नगर अस्पताल सञ्चालनका लागि चिकित्सक लगायतका जनशक्ति आवश्यक पर्ने हुनाले अस्पताल तथा सहरी स्वास्थ्य केन्द्रमा जनशक्ति व्यवस्थापनका लागि नगरबाट **"गुणस्तरीय स्वास्थ्य सेवा र पूर्वाधार; सुविधा सम्पन्न अस्पताल नगरको आधार"** कार्यक्रम अन्तर्गत रु एक करोड ४० लाख बजेट बिनियोजन गरेको छु ।

५८. आत्महत्याको रोकथाम तथा न्यूनीकरणका लागि मानसिक स्वास्थ्य प्रवर्धन कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेटको बिनियोजन गरेको छु ।

५९. महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुका लागि निशुल्क स्वास्थ्य बिमा, सम्मानजनक बिदाइ, मासिक सञ्चार खर्चको निरन्तरता गरेको छु ।

६०. सबै स्वास्थ्य संस्थाहरुमा कागजविहिन (Paperless) अभिलेख र प्रतिवेदन प्रणाली लागू गर्न, घर घरमा जेष्ठ नागरिक कार्यक्रम, नगरप्रमुख मातृ तथा शिशु पोषण कार्यक्रम, विपन्न स्वास्थ्य बिमा कार्यक्रम, गर्भवती प्रोत्साहन कार्यक्रम, खानेपानीको गुणस्तर परीक्षण तथा सर्भिलेन्स, विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम, मुख स्वास्थ्य प्रवर्धन कार्यक्रम, क्षयरोग मुक्त अभियान गलकोट कार्यक्रम, विभिन्न स्वास्थ्य शिविर सञ्चालन जस्ता कार्यक्रमलाई निरन्तरता दिन, स्वास्थ्य चौकीहरुको न्यूनतम सेवा मापदण्डको सुद्रिढीकरण गर्ने तथा स्वास्थ्य सम्बन्धी विभिन्न दिवस र प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

६१. नगरका विभिन्न वडाहरुमा ३० बर्ष देखि ६० वर्ष उमेर समूहका नागरिकहरुमा नसर्ने रोगको स्क्रिनिङ शिविर सञ्चालन गर्नका लागि ५ लाख बजेट बिनियोजन गरिएको छ ।

६२.संघीय सरकारको साझेदारीमा सञ्चालित नागरिक आरोग्य सेवा केन्द्रको सेवा प्रवाहलाई थप प्रभावकारी, गुणस्तरीय र सुदृढ बनाउन आवश्यक प्रबन्ध मिलाएको छु

६३. स्वास्थ्य तर्फका कार्यक्रम सञ्चालन गर्न नगरपालिका तर्फ तलब र वडा तर्फको विनियोजन सहित २ करोड ८६ लाख १४ हजार छ सय र सशर्त अनुदान रु. ६ करोड ८८ लाख गरी जम्मा रु.९ करोड ७४ लाख १४ हजार छ सय विनियोजन गरिएको छ जुन कुल बजेटको १२.९८ प्रतिशत हुन जान्छ ।

## (ऊ) कला, संस्कृति र साहित्य

६४. स्थानीय स्तरका कला, संस्कृति, साहित्य, पर्व, मेला, जात्रा, नाच आदिको संरक्षण र प्रवर्द्धन गरी पर्यटनसँग जोड्न आवश्यक व्यवस्था गरेको छु जसको लागि वडा विनियोजन सहित "**कला-संस्कृतिको जगेर्ना, साहित्यको सम्मान;**

**समृद्ध पर्यटन नै गलकोटको सान"** कार्यक्रममा नगर तर्फको रु ८ लाख बजेट विनियोजन गरेको छु।

## पूर्वाधार विकास

६५.निर्माण पूर्वाधारको गुणस्तर सुनिश्चित गर्न आवश्यक प्रयोगशाला परीक्षण (ल्याब टेस्ट) मेसिनरी तथा उपकरण खरिद र व्यवस्थापनका लागि रु. १० लाख विनियोजन गरेको छु ।

६६. चिप्लेटिघाट -१० को झोलुङ्गे पुल निर्माणको लागि रु..१० लाख विनियोजन गरिएको छ ।

६७. प्रत्यक वडामा १५/१५ लाख लागतका नगरस्तरीय योजना कार्यान्वयनको लागि बजेट विनियोजन गरेको छु।

६८. नगरपालिकाको निर्माणाधिन प्रशासकीय भवन निर्माण कार्यको लागि रु. एक करोड ५० लाख करोड विनियोजन गरेको छु ।

६९. वडा भित्रका सडकहरुको सरसफाई तथा मर्मत गरी नियमित सञ्चालन गर्न एकमुष्ठ रु. २० लाख विनियोजन गरेको छु।

७०. संघ र प्रदेश सरकारबाट प्राप्त हुने समपुरक योजना कार्यान्वयनको लागि समपुरक कोषमा रु. एक करोड १० लाख विनियोजन गरेको छु।

७१. बजेट तर्जुमाको समयमा पूर्वानुमान गर्न नसकिने तर वर्षभरी आत्यावश्यक देखिने योजना कार्यान्वयन र मर्मत संभार गर्न विशेष विकास कार्यक्रममा रु. ८९ लाख विनियोजन गरेको छु।

७२.नरेठाँटी दुदिलाभाटी-ढुङ्गेसागु-पेरिवाङ सडक स्तरउन्नतीको लागि नेपालसरकार समपुरक अनुदान तर्फ रु.५० लाख र नगरपालिकाको समपुरक कोषबाट रु.५० लाख गरी जम्मा रु.एक करोड बजेट विनियोज गरिएको छ ।

७३.-ओखरबोट चमुवा सडक स्तरोन्नतीको लागि प्रदेश सरकार समपुरक अनुदान तर्फ रु.५९ लाख ९९ हजार र नगरपालिकाको समपुरक कोषबाट रु.५९ लाख ९९ हजार गरी जम्मा रु. एक करोड १९ लाख ९८ हजार विनियोज गरिएको छु ।

७४. पूर्वाधार विकासतर्फका योजना कार्यान्वयन गर्न **"सुरक्षित, व्यवस्थित आधुनिक पूर्वाधार; समृद्ध र स्मार्ट नगरको आधार"** कार्यक्रम अन्तर्गत समपुरक सहित नगरपालिका तर्फ रु. ११ करोड ६९ लाख २० हजार ,संघीय सरकार तर्फ एक करोड ९९ लाख र प्रदेश अनुदान अन्तर्गत ५९ लाख ९९ हजार गरी जम्मा रु.१३ करोड २८ लाख १९ हजार विनियोजन भएको छ।

## सुशासन तथा अन्तरसम्बन्धित विषय

७५. उपभोक्ताको हित संरक्षणका लागि बजार अनुगमन कार्यलाई थप प्रभावकारी, नियमित र व्यवस्थित बनाइनेछ। साथै, उपभोक्ता अधिकार सम्बन्धी सचेतना अभिवृद्धि गर्न उपभोक्ता सचेतना कार्यक्रम सञ्चालनका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

७६. सरकारी कामकारवाहीमा पारदर्शिता, जवाफदेहिता तथा सूचनाको हकको प्रभावकारी कार्यान्वयन सुनिश्चित गरिनेछ। यसका लागि सार्वजनिक सुनुवाइ कार्यक्रम, सामाजिक परीक्षण तथा जनप्रतिनिधि र कर्मचारीहरूको क्षमता अभिवृद्धि तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

७७. स्थानीय तहबाट प्रवाह हुने सेवामा नागरिकको विश्वास, सहजता र अपनत्व अभिवृद्धि गरिनेछ। सेवा प्रवाहलाई

क्रमशः सूचना प्रविधिमैत्री बनाउँदै अनलाइन प्रणालीतर्फ रूपान्तरण गरिनेछ। साथै, कर्मचारीहरूको दक्षता अभिवृद्धिका लागि आवश्यक क्षमता विकास तथा तालिम कार्यक्रम सञ्चालन गरिनेछ।

७८. कर्मचारी तथा जनप्रतिनिधिहरूमा सदाचारयुक्त, उत्तरदायी र पारदर्शी कार्यसंस्कृतिको विकास गरिनेछ। यसका लागि सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्दै प्रभावकारी स्रोत परिचालन गरिनेछ। साथै, नागरिक गुनासो व्यवस्थापन प्रणालीलाई थप व्यवस्थित, प्रभावकारी र पहुँचयोग्य बनाइनेछ।

७९. न्यायिक समितिको भूमिकालाई थप सक्रिय, प्रभावकारी र सुदृढ बनाउँदै मेलमिलाप तथा विवाद समाधान प्रक्रियालाई व्यवस्थित रूपमा सञ्चालन गरिनेछ।

८०. स्थानीय तहको क्षेत्राधिकारभित्र पर्ने भूमि तथा मालपोतसम्बन्धी सेवा हालसम्म संघीय तहबाट स्पष्ट नीतिगत व्यवस्था नभएको कारण मालपोत कार्यालय, बागलुङबाट सम्पादन हुँदै आएको छ। नागरिकलाई घरदैलोमै प्रभावकारी, सहज र पहुँचयुक्त सेवा प्रदान गर्ने उद्देश्यले उक्त सेवा नगरपालिकामै सञ्चालन गर्ने व्यवस्था मिलाउन रु. २१ लाख बजेट विनियोजन गरेको छु।सुशासन प्रवर्द्धन तथा अन्तरसम्बन्धित क्षेत्रका **"चुस्त सेवा जनमुखी प्रशासन; संस्थागत विकास र सुशासन"** कार्यक्रम कार्यान्वयनका लागि रु. ७२ लाख बजेट विनियोजन गरेको छु।

वन वातावरण तथा विपद् व्यवस्थापन

८१.सामुदायिक वन उपभोक्ता समितिहरूलाई सक्रिय रूपमा परिचालन गरी वनजन्य स्रोत तथा उत्पादनको दिगो उपयोग, संरक्षण र व्यवस्थापन गरिनेछ।

८२.आपतकालीन कार्यसञ्चालन केन्द्रलाई थप सुदृढ, प्रभावकारी र व्यवस्थित बनाइनेछ। विपद् पूर्व, विपद्को समयमा तथा विपद् पश्चात् हुने खोज, उद्धार, राहत तथा पुनःस्थापना कार्यलाई प्रभावकारी रूपमा सञ्चालन गरी विपद् व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउन विपद् व्यवस्थापन कोषमा आवश्यक रकम विनियोजन गरिनेछ।

८३. वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्रको लागि जम्मा रु. ४७ लाख ५० हजार विनियोजन गरेको छु।

**श्रद्धेय नगरसभाका अध्यक्ष महोदय,**

अब म माथि उल्लिखित क्षेत्रगत नीति तथा कार्यक्रम कार्यान्वयन गर्न विनियोजित बजेट र स्रोतको अनुमान प्रस्तुत गर्दछु।

८४.आगामी आर्थिक वर्ष २०८३/८४ को लागि निर्धारित नीति तथा कार्यक्रम कार्यान्वयन गर्न रु. ७४ करोड ९९ लाख ८२ हजार सात सय ६० रुपैया बजेट विनियोजन गरेको छु।जसमध्ये चालु तर्फ रु. ५७ करोड १७ लाख २३ हजार सात सय ६० अर्थात् कुल विनियोजनको ७७.५६ प्रतिशत र पूँजीगत तर्फ रु. १७ करोड ८२ लाख ५९ हजार अर्थात कुल विनियोजनको २२.४४ प्रतिशत रकम विनियोजन गरेको छु।

८५.आगामी आर्थिक वर्ष २०८३/८४ को लागि खर्च वेहोर्ने स्रोत मध्ये नेपाल सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदानबाट रु. ११ करोड ६८ लाख, संघीय राजश्व बाँडफाँटबाट रु.१० करोड ८८ लाख ७९ हजार ,संघीय सशर्त अनुदानबाट ३९ करोड ६६ लाख, संघीय विशेष अनुदानबाट १ करोड ८० लाख ,सघीय समपुरक अनुदान तर्फ रु. ५० लाख हुने अनुमान गरेको छु। गण्डकी प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदानबाट रु.१ करोड ५३ लाख , राजश्व बाँडफाँटबाट रु. एक करोड १९ लाख ९९ हजार, तीन सय ७६, विशेष अनुदानबाट रु. ४० लाख, समपुरक अनुदानबाट रु. ५९ लाख ९९ हजार प्राप्त हुने अनुमान गरेको छु।स्थानीय राजश्व परिचालनबाट

आन्तरिक राजश्व(विभाज्य कोष सहित) रु. २ करोड ५ लाख प्राप्त हुने अनुमान गरेको छु ।साथै, चालु आर्थिक वर्षको कार्यक्रम कार्यान्वयन पश्चात् रु. चाँर करोड ३८ लाख ५२ हजार तीन सय ८४ बचत हुने अनुमान गरेको छु ।यसको विस्तृत विवरण अनुसूची १ मा उल्लेख गरेको छु ।

**श्रद्धेय नगरसभाका अध्यक्ष महोदय,**

८६. वर्तमान राजश्व परिचालनको अवस्थालाई दृष्टिगत गर्दा राजश्व लक्ष्य हासिल गर्न केही चुनौतीहरू रहेको देखिन्छ। यस परिस्थितिलाई सुधार गर्न राजश्व प्रशासनलाई अझ सुदृढ बनाइनेछ र कर तथा शुल्क तिर्ने संस्कृतिलाई प्रवर्द्धन गर्दै नागरिकलाई जिम्मेवार र उत्प्रेरित बनाउने नीति अवलम्बन गरिएको छ। साथै, आवश्यक कार्यविधि निर्माण गरी नगरपालिका क्षेत्रभित्रका घरहरूको व्यवस्थित अभिलेखीकरण कार्यलाई प्राथमिकताका साथ अघि बढाइनेछ। यसले अभिलेखीकरण शुल्क तथा घरबहाल कर संकलनमा उल्लेखनीय वृद्धि हुने विश्वास लिइएको छ।

८७. यस बजेटको कार्यान्वयनबाट उत्पादनशीलता र उत्पादकत्वमा वृद्धि भई स्थानीय पूर्वाधार विकासमा सकारात्मक योगदान पुग्ने अपेक्षा गरिएको छ। साथै, सेवा प्रवाहलाई प्रभावकारी बनाउँदै नागरिकको पहुँच विस्तार हुने र सुशासनका माध्यमबाट समृद्ध, समावेशी तथा सन्तुलित विकासको आधार मजबुत हुने विश्वास लिएको छु।

८८. अन्त्यमा, बजेट निर्माण प्रक्रियामा मार्गदर्शन प्रदान गर्नुहुने श्रद्धेय नगर प्रमुखज्यू, नगर कार्यपालिकाका सदस्यहरू, विषयगत समितिका सदस्यहरू, नगरसभाका सदस्यहरू, राजश्व परामर्श समिति, राजनीतिक दलका प्रतिनिधिहरू, कर्मचारी, शिक्षक, पत्रकार, निजी क्षेत्र, नागरिक समाज तथा सम्पूर्ण स्थानीय आम नागरिकप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु। प्रस्तुत बजेटको प्रभावकारी कार्यान्वयनका लागि सबै पक्षबाट निरन्तर सहयोग र इमान्दार प्रयास रहने विश्वास व्यक्त गर्दछु।

**धन्यवाद !**

**फमलाल निउरे**
**नगर उप-प्रमुख**
**सम्वत् २०८३ असाढ १० गते**
**ने.स. ११४६ तछलाथ्व: १०, दशमी**

# गलकोट नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय, गलकोट, बागलुङ

गण्डकी प्रदेश, नेपाल

# राजस्व तथा अनुदान प्राप्तिको अनुमान

कार्यालयको कोड : ८०४४५४०१३००

| अनुसूचि १ | | | | |
|---|---|---|---|---|
| आ.व.२०८१/८२ को यथार्थ २०८२/८३ को संशोधित र आ.व.२०८३/८४ को प्रस्तावित अनुमान | | | | |
| सि.नं | शीर्षक | आ.व. २०८१/८२ को यथार्थ | आ.व. २०८२/८३ को संशोधित अनुमान | आ.व. २०८३/८४ को प्रस्तावित अनुमान |
| १ | आय तर्फ (राजस्व तथा अनुदान ) | ६३२९०८७५४.७२ | ७०२१३२१७०.०० | ७४९९८२७६०.०० |
| १.१ | आन्तरिक राजस्व | ४०४२१९५४.३१ | ६२४१००००.०० | ६४२३७३८४.०० |
| १.१.२ | सम्पती कर | २६७४१५७.५० | २५०१३७० | २५८९५०० |
| १.१.३ | भुमिकर/मालपोत | १८६३८१९.१५ | २१००००० | २२५०००० |
| १.१.४ | वहाल कर | १९४१२२५.२३ | २१२०००० | २१००००० |
| १.१.५ | न्यायिक दस्तूर | १२१५.०० | ५००० | ८००० |
| १.१.६ | अन्य प्रशासनिक सेवा शुल्क | १५७९४४९.०० | १६६५००० | १७००००० |
| १.१.७ | नक्सापास दस्तुर | २३४९४४.०० | १०३००० | २५०००० |
| १.१.८ | सिफारिश दस्तुर | ४४८३३९०.०० | ४४३६००० | ४६००००० |
| १.१.९ | व्यक्तिगत घटना दर्ता दस्तुर | ६७७६००.०० | ७७०००० | ८००००० |
| १.१.१० | नाता प्रमाणित दस्तुर | १९९०००.०० | २०१००० | ४००००० |
| १.१.११ | अन्य दस्तुर | ९७५५०.०० | १७६००० | ६००००० |
| १.१.१२ | व्यावसाय रजिष्ट्रेशन दस्तुर | ३१४८५८०.०० | २९६४००० | ३०००००० |
| १.१.१३ | अन्य राजस्व | ४३८१३५.६० | ५१२००० | ६००००० |
| १.१.१४ | व्यवसाय कर | २२९५००.०० | ३००००० | ४००००० |
| १.१.१५ | बेरूजू | १८३९९५२.०० | ३००००० | ४००००० |
| १.१.१६ | दहत्तर बहत्तर शुल्क | २४०००.०० | २७००० | ६०००० |

| | | | | |
|---|---|---|---|---|
| १.१.१७ | अन्य सेवा सुल्क र आय | ९३५७९०.६३ | ९०९७९५.५३ | २५००० |
| १.१.१८ | प्रदुशण नियन्त्रण शुल्क | ०.०० | ४१२००० | ६००००० |
| १.१.१९ | स्थानीय संचित कोष बैंक मौज्दात | २००५१९३६.२० | ४२८९५८३४.४७ | ४३८५२३८४ |
| १.१.२० | मनोरञ्जन कर | १७१०.०० | १२०००.०० | २५०० |
| १.२ | जनसहभागिता | १७०००००.०० | ०.०० | ०.०० |
| १.२ | स्थानीय नगर सहभागिता | | ०.०० | ०.०० |
| १.३ | अन्तरसरकारी वित्तीय हस्तान्तरण संघीय सरकार | ५५५१३०३०७.२२ | ६०३१४३९५०.०० | ६४५२९४०००.०० |
| १.३.१ | रोयल्टी | १४७३३.२० | १५०००.०० | १५०००.०० |
| १.३.२ | बंडफांड भई प्राप्त हुने मु.अ.कर | ७२४७३०७२.५६ | ६८७७०६७४.०० | ७६२१५०००.०० |
| १.३.३ | बांडफांड भई प्राप्त हुने अन्त शुल्क | ३१२८७४११.५८ | २७२१४३२६.०० | ३२६६४०००.०० |
| १.३.४ | नेपाल सरकारबाट प्राप्त समानीकरण | १०५२४८७२०.०० | १०५२५८९५०.०० | ११६८०००००.०० |
| १.३.५ | नेपाल सरकारबाट प्राप्त ससर्त चालु | ३३६२७०११३.८८ | ३६६५०००००.०० | ३९१७००००० |
| १.३.६ | नेपाल सरकारबाट प्राप्त ससर्त पुँजिगत | १२६२१५०.०० | १३००००००.०० | ४९००००० |
| १.३.७ | नेपाल सरकारबाट प्राप्त समपुरक अनुदान पुँजिगत | ०.०० | १०६०००००.०० | ५००००००.०० |
| १.३.८ | नेपाल सरकारबाट प्राप्त विषेश अनुदान चालु | ०.०० | ११८०००००.०० | १८०००००० |
| १.३.९ | नेपाल सरकारबाट प्राप्त विषेश अनुदान पुँजिगत | ८५७४१०६.०० | ०.०० | ० |
| १.४ | वित्तीय हस्तान्तरण प्रदेश सरकार | ३२५५०५६१.१९ | ३३२७८२२०.०० | ३६८५१३७६.०० |
| १.४.१ | राजस्व बांडफांडबाट प्राप्त रकम सवारी साधन कर | ९९६५१६१.१९ | ११०५२०००.०० | ११९९९३७६.०० |

| | | | | |
|---|---|---|---|---|
| १.४.२ | प्रदेश सरकारबाट प्राप्त समानीकरण | १५०२९०००.०० | १४८२१०००.०० | १४८५३०००.०० |
| १.४.३ | प्रदेश सरकारबाट प्राप्त ससर्त अनुदान चालु | ०.०० | २०००००.०० | ०.०० |
| १.४.४ | प्रदेश सरकारबाट प्राप्त ससर्त अनुदान पुँजिगत | ०.०० | ३००००००.०० | ०.०० |
| १.४.५ | प्रदेश सरकारबाट प्राप्त समपुरक | ४४७१०००.०० | ४२०५२२०.०० | ५९९९०००.०० |
| १.४.६ | प्रदेश सरकारबाट प्राप्त विषेश अनुदान चालु | | | ०.०० |
| १.४.७ | प्रदेश सरकारबाट प्राप्त विषेश अनुदान पुँजितग | ३०८५४००.०० | ०.०० | ४००००००.०० |
| १.५ | घरजग्गा रजिष्ट्रेशन दस्तुर | ३१०५९३२.०० | ३३००००० | ३६००००० |
| २ | व्ययः | ५९००१२९२०.२५ | ६२८३१२१९२.०० | ७४९९८२७६०.०० |
| २.१ | चालु खर्च | ४६२६७४५७५.७२ | ४६५३१२१९२.०० | ५७१७२३७६० |
| २.२ | पुंजिगत खर्च | १२७३३८३४४.५३ | १६३००००००.००० | १७८२५९००० |
| बजेट बचत (+)/न्यून (-) | | ४२८९५८३४.४७ | ७३८१९९७८.०० | ७४९९८२७६०.०० |
| अन्तिम बजेट बचत (+)/न्यून (-) | | ४२८९५८३४.४७ | ४३८५२३८४.०० | ७४९९८२७६०.०० |

# गलकोट नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय, गलकोट, बागलुङ

गण्डकी प्रदेश, नेपाल

## कार्यक्रम तथा परियोजना अनुसारको बजेट विवरण आ.व. २०८३/८४

कार्यालयको कोड : ८०४४५४०१३००

| क्र.सं. | कार्यक्रम/आयोजना/ क्रियाकलापको नाम | उप क्षेत्र | खर्च शीर्षक | स्रोत | जम्मा |
|---|---|---|---|---|---|
| **कार्यालय सञ्चालन तथा प्रशासनिक** | | | | | |
| १ | पारिश्रमिक कर्मचारी | कार्यालय सञ्चालन तथा प्रशासनिक | २११११ | राजस्व बाँडफाँड - संघीय सरकार - नगद | |
| २ | पोशाक | कार्यालय सञ्चालन तथा प्रशासनिक | २११२१ | राजस्व बाँडफाँड - संघीय सरकार - नगद | ७,५०,०००.०० |
| ३ | स्थानीय भत्ता | कार्यालय सञ्चालन तथा प्रशासनिक | २११३१ | राजस्व बाँडफाँड - संघीय सरकार - नगद | १५,००,०००.०० |
| ४ | महंगी भत्ता | कार्यालय सञ्चालन तथा प्रशासनिक | २११३२ | राजस्व बाँडफाँड - संघीय सरकार - नगद | २१,००,०००.०० |
| ५ | फिल्ड भत्ता | कार्यालय सञ्चालन तथा प्रशासनिक | २११३३ | आन्तरिक श्रोत - नगद | ५,००,०००.०० |
| ६ | कर्मचारीको बैठक भत्ता(कर्मचारी छनोट र कानून निर्माण समेत) | कार्यालय सञ्चालन तथा प्रशासनिक | २११३४ | आन्तरिक श्रोत - नगद | ४,००,०००.०० |
| ७ | कर्मचारी प्रोत्साहन तथा पुरस्कार(प्रोत्साहन १०% सहित ) | कार्यालय सञ्चालन तथा प्रशासनिक | २११३५ | आन्तरिक श्रोत - नगद | ३०,००,०००.०० |
| ८ | अन्य भत्ता | कार्यालय सञ्चालन तथा प्रशासनिक | २११३९ | आन्तरिक श्रोत - नगद | ८,००,०००.०० |
| ९ | पदाधिकारी बैठक भत्ता | कार्यालय सञ्चालन तथा प्रशासनिक | २११४१ | आन्तरिक श्रोत - नगद | ४,००,०००.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| १० | पदाधिकारी सेवा सुविधा | कार्यालय सञ्चालन तथा प्रशासनिक | २११४२ | राजस्व बाँडफाँड - संघीय सरकार - नगद | |
| ११ | कर्मचारीको सामाजिक सुरक्षा कोष खर्च | कार्यालय सञ्चालन तथा प्रशासनिक | २१२११ | राजस्व बाँडफाँड - संघीय सरकार - नगद | ९,९९,४००.०० |
| १२ | पानी तथा बिजुली | कार्यालय सञ्चालन तथा प्रशासनिक | २२१११ | आन्तरिक श्रोत - नगद | २,५०,०००.०० |
| १३ | संचार महसुल | कार्यालय सञ्चालन तथा प्रशासनिक | २२११२ | राजस्व बाँडफाँड - संघीय सरकार - नगद | २,५०,०००.०० |
| १४ | इन्धन (कार्यालय प्रयोजन) | कार्यालय सञ्चालन तथा प्रशासनिक | २२२१२ | राजस्व बाँडफाँड - संघीय सरकार - नगद | १७,००,०००.०० |
| १५ | सवारी साधन मर्मत खर्च | कार्यालय सञ्चालन तथा प्रशासनिक | २२२१३ | राजस्व बाँडफाँड - संघीय सरकार - नगद | ९,००,०००.०० |
| १६ | बिमा तथा नवीकरण खर्च | कार्यालय सञ्चालन तथा प्रशासनिक | २२२१४ | राजस्व बाँडफाँड - संघीय सरकार - नगद | ३,००,०००.०० |
| १७ | मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | कार्यालय सञ्चालन तथा प्रशासनिक | २२२२१ | राजस्व बाँडफाँड - संघीय सरकार - नगद | ३,००,०००.०० |
| १८ | बार्षिक कार्यक्रम,बजेट पुस्तक र योजना पुस्तक छपाई | कार्यालय सञ्चालन तथा प्रशासनिक | २२३११ | राजस्व बाँडफाँड - संघीय सरकार - नगद | ३,५०,०००.०० |
| १९ | मसलन्द तथा कार्यालय सामाग्री | कार्यालय सञ्चालन तथा प्रशासनिक | २२३११ | राजस्व बाँडफाँड - संघीय सरकार - नगद | १९,००,०००.०० |
| २० | मसलन्द तथा कार्यालय सामाग्री(वडा तर्फ) | कार्यालय सञ्चालन तथा प्रशासनिक | २२३११ | राजस्व बाँडफाँड - संघीय सरकार - नगद | ११,००,०००.०० |
| २१ | इन्धन - अन्य प्रयोजन | कार्यालय सञ्चालन तथा प्रशासनिक | २२३१४ | राजस्व बाँडफाँड - संघीय सरकार - नगद | ५०,०००.०० |
| २२ | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | कार्यालय सञ्चालन तथा प्रशासनिक | २२३१५ | आन्तरिक श्रोत - नगद | ७,००,०००.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| २३ | करार सेवा शुल्क पारिश्रमिक (कृषि र पशु) | कार्यालय सञ्चालन तथा प्रशासनिक | २२४१३ | राजस्व बाँडफाँड - संघीय सरकार - नगद | १५,८०,०००.०० |
| २४ | कानूनी सहजकर्ताको पारिश्रमिक | कार्यालय सञ्चालन तथा प्रशासनिक | २२४१३ | आन्तरिक श्रोत - नगद | ३,००,०००.०० |
| २५ | नगर अस्पताल, चिकित्सक कर्मचारी र आधारभूत स्वा. केन्द्रको तलब तथा पारिश्रमिक | कार्यालय सञ्चालन तथा प्रशासनिक | २२४१३ | राजस्व बाँडफाँड - संघीय सरकार - नगद | ३५,००,६२४.०० |
| २६ | नगर अस्पताल, चिकित्सक कर्मचारी र आधारभूत स्वा. केन्द्रको तलब तथा पारिश्रमिक | कार्यालय सञ्चालन तथा प्रशासनिक | २२४१३ | राजस्व बाँडफाँड - प्रदेश सरकार - नगद | |
| २७ | नगर प्रहरी पारीश्रमिक तथा परिचालन खर्च | कार्यालय सञ्चालन तथा प्रशासनिक | २२४१३ | राजस्व बाँडफाँड - संघीय सरकार - नगद | १६,००,०००.०० |
| २८ | सुरक्षित आप्रवासन कार्यक्रम सञ्चालन वित्तीय साक्षरता र मनोसामाजिक परामर्शकर्ताको तलब(सशर्त वाहेक) | कार्यालय सञ्चालन तथा प्रशासनिक | २२४१३ | राजस्व बाँडफाँड - संघीय सरकार - नगद | ५,८०,०००.०० |
| २९ | अन्य सेवा शुल्क नगर करार कर्मचारी पारिश्रमिक | कार्यालय सञ्चालन तथा प्रशासनिक | २२४१९ | राजस्व बाँडफाँड - संघीय सरकार - नगद | ८५,००,०००.०० |
| ३० | कला संस्कृती र साहित्य संरक्षण तथा प्रवर्द्धन कार्यक्रम | कार्यालय सञ्चालन तथा प्रशासनिक | २२५२२ | नेपाल सरकार - समानिकरण अनुदान | २,५०,०००.०० |
| ३१ | बार्षिक प्रगती प्रतिवेदन प्रकासन तथा छपाई | कार्यालय सञ्चालन तथा प्रशासनिक | २२५२२ | राजस्व बाँडफाँड - संघीय सरकार - नगद | ७५,०००.०० |
| ३२ | विगत आ.ब को भुक्तानी बाकी | कार्यालय सञ्चालन तथा प्रशासनिक | २२५२२ | आन्तरिक श्रोत - नगद | ५,००,०००.०० |
| ३३ | विविध कार्यक्रम खर्च | कार्यालय सञ्चालन तथा प्रशासनिक | २२५२९ | आन्तरिक श्रोत - नगद | २,००,०००.०० |
| ३४ | अनुगमन, मूल्यांकन खर्च | कार्यालय सञ्चालन तथा प्रशासनिक | २२६११ | आन्तरिक श्रोत - नगद | ८,००,०००.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| ३५ | भ्रमण खर्च | कार्यालय सञ्चालन तथा प्रशासनिक | २२६१२ | आन्तरिक श्रोत - नगद | १२,००,०००.०० |
| ३६ | अतिथि सत्कार खर्च | कार्यालय सञ्चालन तथा प्रशासनिक | २२७११ | राजस्व बाँडफाँड - संघीय सरकार - नगद | २,००,०००.०० |
| ३७ | विविध खर्च | कार्यालय सञ्चालन तथा प्रशासनिक | २२७११ | आन्तरिक श्रोत - नगद | १३,००,०००.०० |
| ३८ | नगर सभा सञ्चालन खर्च | कार्यालय सञ्चालन तथा प्रशासनिक | २२७२१ | राजस्व बाँडफाँड - संघीय सरकार - नगद | ३,५०,०००.०० |
| ३९ | जग्गाको भाडा | कार्यालय सञ्चालन तथा प्रशासनिक | २८१४१ | राजस्व बाँडफाँड – स्थानीय - नगद | ४,००,०००.०० |
| ४० | घरभाडा | कार्यालय सञ्चालन तथा प्रशासनिक | २८१४२ | आन्तरिक श्रोत - नगद | २९,००,०००.०० |
| ४१ | सवारी साधन तथा मेशिनर औजार भाडा | कार्यालय सञ्चालन तथा प्रशासनिक | २८१४३ | आन्तरिक श्रोत - नगद | १७,००,०००.०० |
| ४२ | सवारी साधन | कार्यालय सञ्चालन तथा प्रशासनिक | ३११२१ | आन्तरिक श्रोत - नगद | ८,००,०००.०० |
| ४३ | मेशिनरी तथा औजार | कार्यालय सञ्चालन तथा प्रशासनिक | ३११२२ | आन्तरिक श्रोत - नगद | १०,००,०००.०० |
| ४४ | फर्निचर तथा फिक्चर्स | कार्यालय सञ्चालन तथा प्रशासनिक | ३११२३ | आन्तरिक श्रोत - नगद | ६,००,०००.०० |
| कार्यालय सञ्चालन तथा प्रशासनिक जम्मा | | | | | ९८६८४४००. |
| **आर्थिक विकास** | | | | | |
| १ | आर्थिक विकासका लागी व्यवसायिक ओखरखेती परियोजना व्यवस्थापन कार्यक्रम | कृषि | २२५११ | आन्तरिक श्रोत - नगद | ३,००,०००.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | आ.व. २०८२/०८३ मा सञ्चालित अकबरे खुर्सानीको व्यवसायीक उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम निरन्तरता | कृषि | २२५२१ | आन्तरिक श्रोत - नगद | ३,००,०००.०० |
| १० | खोल्टे पानी सिँचाई मर्मत | जलश्रोत तथा सिंचाई | ३११५५ | नेपाल सरकार - समानिकरण अनुदान | १,००,०००.०० |
| ११ | गल्याङ फापर खेत सिचाई कुलो | जलश्रोत तथा सिंचाई | ३११५५ | नेपाल सरकार - समानिकरण अनुदान | २,५०,०००.०० |
| १२ | ढोडेनी, सुरकिटी, सिम्ले, बद्मपाटा तथा ठुलोपाटा कुलो मर्मत तथा निर्माण | जलश्रोत तथा सिंचाई | ३११५५ | नेपाल सरकार - समानिकरण अनुदान | ४,५०,०००.०० |
| १३ | नाइरेखोला थामानेटा सिँचाई कुलो | जलश्रोत तथा सिंचाई | ३११५५ | नेपाल सरकार - समानिकरण अनुदान | २,५०,०००.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| १४ | सिद्धथान हुदै रानाटोल सिचाँई कुलो निर्माण | जलश्रोत तथा सिंचाई | ३११५५ | नेपाल सरकार - समानिकरण अनुदान | १,००,०००.०० |
| जम्मा | | | | | ४४०००००. |
| **गल्कोट नगरपालिका वडा नं.१०** | | | | | |
| १ | वडा कार्यालय संञ्चालन खर्च | कार्यालय सञ्चालन तथा प्रशासनिक | २२५२२ | आन्तरिक श्रोत - नगद | ४,००,०००.०० |
| २ | नउमति बाजा संरक्षण तथा टर्स निर्माण | भवन, आवास तथा सहरी विकास | ३१११२ | नेपाल सरकार - समानिकरण अनुदान | २,००,०००.०० |
| ३ | रमुवा सामुदायिक भवन मर्मत | भवन, आवास तथा सहरी विकास | ३१११२ | नेपाल सरकार - समानिकरण अनुदान | १४,००,०००.०० |
| ४ | वडा कार्यालय व्यवस्थापन | पुननिर्माण | ३१११२ | नेपाल सरकार - समानिकरण अनुदान | २,००,०००.०० |
| ५ | काप्रे लाङगुरे जोड्ने माउखोला पुल स्तरउन्नती | यातयात पूर्वाधार | ३११५१ | नेपाल सरकार - समानिकरण अनुदान | ६,००,०००.०० |
| ६ | ढुङगिल मोटर बाटो मर्मत | यातयात पूर्वाधार | ३११५१ | नेपाल सरकार - समानिकरण अनुदान | २,००,०००.०० |
| ७ | तल्लो फुर्से देखी देउराली हुदै दाग्दी र देउराली देखी स्कुल जोड्ने सडक मर्मत | यातयात पूर्वाधार | ३११५१ | नेपाल सरकार - समानिकरण अनुदान | ३,५०,०००.०० |
| ८ | पाण्डवखानी मोटर बाटो मर्मत | यातयात पूर्वाधार | ३११५१ | नेपाल सरकार - समानिकरण अनुदान | २,५०,०००.०० |
| ९ | बाइगाउ ढल ब्यवस्थापन | यातयात पूर्वाधार | ३११५१ | आन्तरिक श्रोत - नगद | २,५०,०००.०० |
| १० | बाटो तथा ढल ब्यवस्थापन | यातयात पूर्वाधार | ३११५१ | नेपाल सरकार - समानिकरण अनुदान | २,००,०००.०० |
| 11 | रमुवा आ.बि जाने पुल स्तरउन्नति | यातयात पूर्वाधार | ३११५१ | नेपाल सरकार - समानिकरण अनुदान | ४,००,०००.०० |
| १२ | लेङगुरे देखि लामपाटा सम्म मोटर बाटो मर्मत | यातयात पूर्वाधार | ३११५१ | नेपाल सरकार - समानिकरण अनुदान | ३,००,०००.०० |
| १३ | सिद्धथान सोरमने हुदै फेदि खर्क सडक मर्मत | यातयात पूर्वाधार | ३११५१ | नेपाल सरकार - समानिकरण अनुदान | ५,००,०००.०० |
| १४ | सामुदायिक भवन घेरा बार तार जालि | भवन, आवास तथा सहरी विकास | ३११५९ | नेपाल सरकार - समानिकरण अनुदान | १,५०,०००.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| जम्मा | | | | | ५४०००००. |
| **गल्कोट नगरपालिका वडा नं.११** | | | | | |
| १ | कृषि तथा पशु बिकास कार्यक्रम | कृषि | २२५२२ | आन्तरिक श्रोत - नगद | १,००,०००.०० |
| २ | बालमैत्री कार्यक्रम | लैंगिक समानता तथा सामाजिक समावेशीकरण | २२५२२ | आन्तरिक श्रोत - नगद | १,००,०००.०० |
| ३ | युवा तथा खेलकुद कार्यक्रम | युवा तथा खेलकुद | २२५२२ | आन्तरिक श्रोत - नगद | १,००,०००.०० |
| ४ | वडा कार्यालय संञ्चालन खर्च | कार्यालय सञ्चालन तथा प्रशासनिक | २२५२२ | आन्तरिक श्रोत - नगद | ४,००,०००.०० |
| ५ | वडा कार्यालयको उद्घाटन तथा कार्यालय व्यवसथापन | कार्यालय सञ्चालन तथा प्रशासनिक | २२५२२ | राजस्व बाँडफाँड – स्थानीय - नगद | १,५०,०००.०० |
| ६ | शिक्षा विकास सम्बन्धि कार्यक्रम | शिक्षा | २२५२२ | आन्तरिक श्रोत - नगद | १,००,०००.०० |
| ७ | छिचिम्रा आ.वि. मर्मत | भवन, आवास तथा सहरी विकास | ३१११२ | नेपाल सरकार - समानिकरण अनुदान | २,००,०००.०० |
| ८ | पञ्चौली आमासमुह भवन मर्मत | भवन, आवास तथा सहरी विकास | ३१११२ | गण्डकी प्रदेश - समानिकरण अनुदान | १,००,०००.०० |
| ९ | फलाटे प्रतिक्षालय निर्माण | भवन, आवास तथा सहरी विकास | ३१११२ | नेपाल सरकार - समानिकरण अनुदान | १,००,०००.०० |
| १० | मनेवा आ.वि. कक्षाकोठा व्यवस्थापन तथा रङरोगन | भवन, आवास तथा सहरी विकास | ३१११२ | नेपाल सरकार - समानिकरण अनुदान | १,००,०००.०० |
| ११ | शिखर बालबिकास केन्द्र मर्मत | भवन, आवास तथा सहरी विकास | ३१११२ | नेपाल सरकार - समानिकरण अनुदान | १,००,०००.०० |
| १२ | वडा कार्यालय व्यवस्थापन, सि.सि.क्यामरा जडान | संचार तथा सूचना प्रबिधि | ३११२२ | आन्तरिक श्रोत - नगद | १,००,०००.०० |
| १३ | वडा कार्यालयमा डेस्टप तथा प्रिन्टर खरिद | कार्यालय सञ्चालन तथा प्रशासनिक | ३११२२ | राजस्व बाँडफाँड – स्थानीय - नगद | १,५०,०००.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| १४ | स्वास्थ्य सम्बन्धि मेशिनरी सामाग्री खरिद | स्वास्थ्य | ३११२२ | आन्तरिक श्रोत - नगद | १,५०,०००.०० |
| १५ | कल्छे फलाटे पदमार्ग निर्माण | पर्यटन | ३११५१ | नेपाल सरकार - समानिकरण अनुदान | १,५०,०००.०० |
| १६ | काउछे प्रतिक्षालय देखि दरम पुल गोरेटो बाटो मर्मत | यातयात पूर्वाधार | ३११५१ | आन्तरिक श्रोत - नगद | १,००,०००.०० |
| १७ | किटनी टोल पदमार्ग निर्माण | पर्यटन | ३११५१ | नेपाल सरकार - समानिकरण अनुदान | १,५०,०००.०० |
| १८ | गब्देघार बजनी लाखुरीडाँडा गोरेटो बाटो निर्माण | यातयात पूर्वाधार | ३११५१ | नेपाल सरकार - समानिकरण अनुदान | २,००,०००.०० |
| १९ | ठुलोखोला चमरे सिंचाई | जलश्रोत तथा सिंचाई | ३११५१ | नेपाल सरकार - समानिकरण अनुदान | १,००,०००.०० |
| २० | दर्जी टोल पदमार्ग निर्माण | पर्यटन | ३११५१ | नेपाल सरकार - समानिकरण अनुदान | १,००,०००.०० |
| २१ | पाटा शिवालय मन्दिर हुदै बालज्योती आ.वि. पदमार्ग निर्माण | पर्यटन | ३११५१ | नेपाल सरकार - समानिकरण अनुदान | २,००,०००.०० |
| २२ | फेदी आ.वि. देखि मध्य पहाडी राजमार्ग प्रतिक्षालय पदमार्ग | यातयात पूर्वाधार | ३११५१ | नेपाल सरकार - समानिकरण अनुदान | २,००,०००.०० |
| २३ | बाघखोर देखि छपालीटोला छेडापोखरी मोटरबाटो निर्माण | यातयात पूर्वाधार | ३११५१ | नेपाल सरकार - समानिकरण अनुदान | १,५०,०००.०० |
| २४ | राङ्खानीटोल-गाउँटोल-छिचिम्रा मोटरबाटो मर्मत | यातयात पूर्वाधार | ३११५१ | नेपाल सरकार - समानिकरण अनुदान | १,५०,०००.०० |
| २५ | रिघा गोठलाङ गोरेटो बाटो छेउमा तारजाली निर्माण | यातयात पूर्वाधार | ३११५१ | नेपाल सरकार - समानिकरण अनुदान | १,५०,०००.०० |
| २६ | वडा भित्रका मोटरबाटो सरसफाई | यातयात पूर्वाधार | ३११५१ | नेपाल सरकार - समानिकरण अनुदान | १,५०,०००.०० |
| २७ | साउनेखोला कोङ्गा ठुलोचौर मोटरबाटो मर्मत | यातयात पूर्वाधार | ३११५१ | नेपाल सरकार - समानिकरण अनुदान | १,००,०००.०० |
| २८ | सानो रिघा पाखुरी रुख गाउँजाने मोटरबाटो निर्माण | यातयात पूर्वाधार | ३११५१ | नेपाल सरकार - समानिकरण अनुदान | १,००,०००.०० |
| २९ | तल्लो साउनेखोला लघु जलविद्युत आयोजना मुहान संरक्षण | उर्जा | ३११५३ | आन्तरिक श्रोत - नगद | १,००,०००.०० |
| ३० | कोर्गा सिंचाईकुलो मर्मत | जलश्रोत तथा सिंचाई | ३११५५ | आन्तरिक श्रोत - नगद | १,००,०००.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| ३१ | खिरदी सिंचाई पोखरी निर्माण | जलश्रोत तथा सिंचाई | ३११५५ | नेपाल सरकार - समानिकरण अनुदान | १,००,०००.०० |
| ३२ | ठुलोखोला चाउका विरौता सिंचाई कुलो निर्माण | जलश्रोत तथा सिंचाई | ३११५५ | नेपाल सरकार - समानिकरण अनुदान | १,००,०००.०० |
| ३३ | भालुपाइले रहले सिचाइ कुलो मर्मत | जलश्रोत तथा सिंचाई | ३११५५ | नेपाल सरकार - समानिकरण अनुदान | १,००,०००.०० |
| ३४ | टाटाखोरिया खानेपानी व्यवस्थापान | खानेपानी तथा सरसफाई | ३११५६ | गण्डकी प्रदेश - समानिकरण अनुदान | १,००,०००.०० |
| ३५ | रिघा खानेपानी पाइपलाईन बाटो मर्मत | खानेपानी तथा सरसफाई | ३११५६ | गण्डकी प्रदेश - समानिकरण अनुदान | १,५०,०००.०० |
| ३६ | लब्दी खानेपानी पाईप व्यवस्थापन | खानेपानी तथा सरसफाई | ३११५६ | गण्डकी प्रदेश - समानिकरण अनुदान | १,००,०००.०० |
| ३७ | किम्ले आ.वि. खेल मैदान निर्माण | युवा तथा खेलकुद | ३११५९ | गण्डकी प्रदेश - समानिकरण अनुदान | १,००,०००.०० |
| ३८ | छिचिम्रा खेलमैदान फेन्सिङ जाली निर्माण | युवा तथा खेलकुद | ३११५९ | गण्डकी प्रदेश - समानिकरण अनुदान | १,५०,०००.०० |
| ३९ | बालज्योति आ.वि. तारबार निर्माण | शिक्षा | ३११५९ | गण्डकी प्रदेश - समानिकरण अनुदान | १,००,०००.०० |
| ४० | मनेवा खेल मैदान निर्माण | शिक्षा | ३११५९ | गण्डकी प्रदेश - समानिकरण अनुदान | १,५०,०००.०० |
| ४१ | लाम्चे खेल मैदान फेन्सिङ जाली | युवा तथा खेलकुद | ३११५९ | गण्डकी प्रदेश - समानिकरण अनुदान | १,५०,०००.०० |
| ४२ | सरस्वती आ.वि. तारबार निर्माण | शिक्षा | ३११५९ | गण्डकी प्रदेश - समानिकरण अनुदान | १,००,०००.०० |
| जम्मा | | | | | ५५५००००. |
| **संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (शसर्त अनुदान)** | | | | | |
| १ | स्थानीय तहका स्वास्थ्य शाखा, स्वास्थ्य चौकी, प्राथमिक स्वास्थ्य केन्द्र, अस्पताल तथा आयुर्वेद औषधालयहरुमा कार्यरत स्थायी कर्मचारीहरुको स्वीकृत दरवन्दी अनुसारको तलव, महगी भत्ता र पोषाक भत्ता | स्वास्थ्य | २११११ | नेपाल सरकार - शसर्त अनुदान चालु | ४,०१,००,०००.०० |
| २ | एम.आई.एस.अपरेटर र फिल्ड सहायक पोशाक भत्ता | सामाजिक सुरक्षा तथा संरक्षण | २११२१ | नेपाल सरकार - शसर्त अनुदान चालु | २०,०००.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | रोजगार संयोजकको पोसाक | सामाजिक सुरक्षा तथा संरक्षण | २११२१ | नेपाल सरकार - शसर्त अनुदान चालु | १०,०००.०० |
| ४ | सामाजिक परिक्षण कार्यक्रम संचालन | स्वास्थ्य | २२४११ | नेपाल सरकार - शसर्त अनुदान चालु | १,८०,०००.०० |
| ५ | "म स्वास्थ्य मेरो सामुदाय स्वास्थ्य" घरटोलमा स्वास्थ्य प्रवर्धन कार्यक्रम | स्वास्थ्य | २२४१३ | नेपाल सरकार - शसर्त अनुदान चालु | ४,६०,०००.०० |
| ६ | उद्यम विकास सहजकर्ताहरुको पारिश्रमिक (एकमुष्ट) | उद्योग | २२४१३ | नेपाल सरकार - शसर्त अनुदान चालु | ८,७९,०००.०० |
| ७ | कृषि तथा पशु सेवाका एक गाँउ एक प्राविधिकहरुको तलव भत्ता | कृषि | २२४१३ | नेपाल सरकार - शसर्त अनुदान चालु | ३,४५,०००.०० |
| ८ | मनोसामाजिक परामर्शकर्ता (सहायक पाचौं तह) को करार सेवा शुल्क (५० प्रतिशत रकम संघ सरकार मार्फत विनियोजन ) | सामाजिक सुरक्षा तथा संरक्षण | २२४१३ | नेपाल सरकार - शसर्त अनुदान चालु | २,७१,०००.०० |
| ९ | रोजगार संयोजकको तलव | सामाजिक सुरक्षा तथा संरक्षण | २२४१३ | नेपाल सरकार - शसर्त अनुदान चालु | ५,६८,०००.०० |
| १० | वित्तीय साक्षरता सहजकर्ता (सहायक पाचौं तह) को करार सेवा शुल्क (५० प्रतिशत रकम संघ सरकार मार्फत विनियोजन) | सामाजिक सुरक्षा तथा संरक्षण | २२४१३ | नेपाल सरकार - शसर्त अनुदान चालु | २,७९,०००.०० |
| ११ | स्थानीय तहका MIS Operator को लागत साझेदारी अन्तर्गत संघीय सरकारले व्यहोर्ने ७ महिनाको पारिश्रमिक बापतको रकम (बाँकी ६ महिनाको सम्बन्धित स्थानीय तहले व्यहोर्ने) | सामाजिक सुरक्षा तथा संरक्षण | २२४१३ | नेपाल सरकार - शसर्त अनुदान चालु | २,४९,०००.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| १२ | स्थानीय तहका फिल्ड सहायकको लागत साझेदारी अन्तर्गत संघीय सरकारले व्यहोर्ने ७ महिनाको पारिश्रमिक बापतको रकम (बाँकी ६ महिनाको सम्बन्धित स्थानीय तहले व्यहोर्ने) | सामाजिक सुरक्षा तथा संरक्षण | २२४१३ | नेपाल सरकार - शसर्त अनुदान चालु | २,३१,०००.०० |
| १३ | स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्य कर्मीहरुको लागि PAMS V2 सम्बन्धि अभिमुखिकरण | स्वास्थ्य | २२५११ | नेपाल सरकार - शसर्त अनुदान चालु | ७०,०००.०० |
| १४ | गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन कार्यविधि, २०८२ बमोजिम उद्यमीको स्तरोन्नती (आवश्यकता पहिचानका आधारमा पुनर्ताजगी र एडभान्स सीप विकास तालिम कार्यक्रम) | उद्योग | २२५१२ | नेपाल सरकार - शसर्त अनुदान चालु | २,१६,०००.०० |
| १५ | अपाङ्गता भएका व्यक्ति लक्षित कार्यक्रम | लैंगिक समानता तथा सामाजिक समावेशीकरण | २२५२२ | नेपाल सरकार - शसर्त अनुदान चालु | ४,००,०००.०० |
| १६ | आधारभूत सिकाइ (Foundational Learning ) प्रबर्द्धन कार्यक्रम सञ्चालन | शिक्षा | २२५२२ | नेपाल सरकार - शसर्त अनुदान चालु [ एस.इ.एस.पी. - सोधभर्ना हुने ऋण (बैदेशिक)] | १,४८,०००.०० |
| १७ | आधारभूत सिकाइ (Foundational Learning ) प्रबर्द्धन कार्यक्रम सञ्चालन | शिक्षा | २२५२२ | नेपाल सरकार - शसर्त अनुदान चालु [ एस.इ.एस.पी. - सोधभर्ना अनुदान (बैदेशिक)] | 74,000.00 |
| १८ | आधारभूत सिकाइ (Foundational Learning ) प्रबर्द्धन कार्यक्रम सञ्चालन | शिक्षा | २२५२२ | नेपाल सरकार - शसर्त अनुदान चालु | ५,१६,०००.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| १९ | उत्पादन र उद्यमशीलता मार्फत रोजगारी सिर्जना तथा न्यूनतम रोजगारी प्रत्याभूति, सीप विकास, उद्यमशीलता प्रवर्द्धन र पुनः एकीकरण सम्बन्धी क्रियाकलाप सञ्चालन (स्थानीय तहको शत प्रतिशत लागत साझेदारी अनिवार्य) | उद्योग | २२५२२ | नेपाल सरकार - शसर्त अनुदान चालु | ४,४७,०००.०० |
| २० | कृत्रिम गर्भाधान मिसन कार्यक्रम | पशुपन्छी विकास | २२५२२ | नेपाल सरकार - शसर्त अनुदान चालु | ४०,०००.०० |
| २१ | क्षयरोग मुक्त अभियान निरन्तरताका लागि विभिन्न कार्यक्रमहरु (जनशक्ति बाहेक) | स्वास्थ्य | २२५२२ | नेपाल सरकार - शसर्त अनुदान चालु | ७,००,०००.०० |
| २२ | कृषि, पशुपन्छी तथा मत्स्य तथ्याकं अध्यावधिक कार्यक्रम | कृषि | २२५२२ | नेपाल सरकार - शसर्त अनुदान चालु | ३५,०००.०० |
| २३ | किशोरकिशोरी स्वास्थ्य सेवा | स्वास्थ्य | २२५२२ | नेपाल सरकार - शसर्त अनुदान चालु | ८०,०००.०० |
| २४ | किसान सूचीकरण कार्यक्रम | कृषि | २२५२२ | नेपाल सरकार - शसर्त अनुदान चालु | १,२०,०००.०० |
| २५ | गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन कार्यविधि, २०८२ बमोजिम लघु उद्यम विकास मोडेलमा नयाँ लघु उद्यमी सिर्जना गर्ने | उद्योग | २२५२२ | नेपाल सरकार - शसर्त अनुदान चालु | ३५,०००.०० |
| २६ | ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र सञ्चालन /स्थापनाका लागि सर्शत अनुदान | सामाजिक सुरक्षा तथा संरक्षण | २२५२२ | नेपाल सरकार - शसर्त अनुदान चालु | ४,००,०००.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| 27 | डेंगी तथा अन्य कीटजन्य रोगहरूको रोकथाम तथा नियन्त्रण, हात्तीपाइले रोग विरुद्ध आम औषधि सेवन अभियान, हात्तीपाइलेका बिरामीहरूको स्व-हेरचाह समूह गठन तथा सञ्चालन, औलो ग्रामीण कार्यकर्ता परिचालन तथा व्यवस्थापन, लक्षित जनसंख्यामा आधारित औषधि सेवन कार्यक्रम, औलो कालाजार ए सी डी, निवारण उन्मुख रोगहरूको केश अनुसन्धान, निगरानी र माईग्रान्ट केन्द्रित कृयाकलाप सञ्चालन | स्वास्थ्य | २२५२२ | नेपाल सरकार - शसर्त अनुदान चालु | १,१०,०००.०० |
| 28 | डिजिटल श्रम तथा रोजगार सेवा सम्बन्धी सरोकारवाला अभिमुखिकरण एवं प्रवर्द्धन कार्यक्रम | सामाजिक सुरक्षा तथा संरक्षण | २२५२२ | नेपाल सरकार - शसर्त अनुदान चालु | २५,०००.०० |
| 29 | द्रुत प्रतिकार्य समितिको नियमित बैठक तथा द्रुत प्रतिकार्य टोलि अध्यावधिक | स्वास्थ्य | २२५२२ | नेपाल सरकार - शसर्त अनुदान चालु | २०,०००.०० |
| 30 | नागरिक आरोग्य सेवा केन्द्र सञ्चालन तथा अभियान | स्वास्थ्य | २२५२२ | नेपाल सरकार - शसर्त अनुदान चालु | ५,००,०००.०० |
| 31 | नियमित तथ्याङ्कको गुणस्तर वृद्धिका लागि स्वास्थ्य संस्थाहरूको मासिक बैठक, डाटा भेरिफिकेशन तथा भ्यालिडेशन एवम् अर्धबार्षिक र बार्षिक समिक्षा | स्वास्थ्य | २२५२२ | नेपाल सरकार - शसर्त अनुदान चालु | ३,३०,०००.०० |
| 32 | निर्माण सम्पन्न भै हस्तान्तरण भएका ५/१०/१५ शैय्याका आधारभूत अस्पताल संचालन खर्च | स्वास्थ्य | २२५२२ | नेपाल सरकार - शसर्त अनुदान चालु | ७४,८०,०००.०० |
| 33 | प्रजनन् रुग्णता स्वास्थ्य सेवा | स्वास्थ्य | २२५२२ | नेपाल सरकार - शसर्त अनुदान चालु | १,२३,०००.०० |
| 34 | परिवार योजना सेवा | स्वास्थ्य | २२५२२ | नेपाल सरकार - शसर्त अनुदान चालु | १,२३,०००.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| 35 | पशुपन्छिमा महामारी/ आकस्मिक रोग नियन्त्रण तथा NAHIS रिपोटिङ्ग कार्यक्रम | पशुपन्छी विकास | २२५२२ | नेपाल सरकार - शसर्त अनुदान चालु | ६०,०००.०० |
| 36 | पोषण कार्यक्रम | स्वास्थ्य | २२५२२ | नेपाल सरकार - शसर्त अनुदान चालु | २२,५२,०००.०० |
| 37 | पोषणमैत्री स्थानीय शासन प्रवर्द्धन | स्वास्थ्य | २२५२२ | नेपाल सरकार - शसर्त अनुदान चालु [ युरोपियन युनियन - नगद अनुदान (बैदेशिक)] | ३,००,०००.०० |
| ३८ | मनोसामाजिक परामर्शकर्ताको दैनिक भ्रमण भत्ता तथा यातायात र सञ्चार खर्च | सामाजिक सुरक्षा तथा संरक्षण | २२५२२ | नेपाल सरकार - शसर्त अनुदान चालु | ६०,०००.०० |
| ३९ | माटो स्वाश्थ्य सुधार कार्यक्रम | कृषि | २२५२२ | नेपाल सरकार - शसर्त अनुदान चालु | ७,००,०००.०० |
| ४० | मानसिक स्वास्थ्य प्रवर्धन तथा आत्माहत्या रोकथाम सम्बन्धि जनचेतना कार्यक्रम | स्वास्थ्य | २२५२२ | नेपाल सरकार - शसर्त अनुदान चालु | ५०,०००.०० |
| ४१ | राष्ट्रिय महिला स्वास्थ्य स्वयंसेविका कार्यक्रम (पोसाक प्रोत्साहन र यातायात खर्च) | स्वास्थ्य | २२५२२ | नेपाल सरकार - शसर्त अनुदान चालु | ३८,००,०००.०० |
| ४२ | रोजगार सेवा केन्द्र सञ्चालन खर्च (मसलन्द, अनुगमन/ ईन्धन, रोजगारीमा खटिनु पूर्व अभिमुखिकरण, अन्य विविध खर्च) | सामाजिक सुरक्षा तथा संरक्षण | २२५२२ | नेपाल सरकार - शसर्त अनुदान चालु | १,००,०००.०० |
| ४३ | रोजगारी सिर्जना एवं प्रवर्द्धन सम्बन्धी सरोकारवालासँग रणनीतिक संवाद तथा छलफल कार्यक्रम | सामाजिक सुरक्षा तथा संरक्षण | २२५२२ | नेपाल सरकार - शसर्त अनुदान चालु | २५,०००.०० |
| ४४ | वित्तीय साक्षरता कार्यक्रम सञ्चालन खर्च | सामाजिक सुरक्षा तथा संरक्षण | २२५२२ | नेपाल सरकार - शसर्त अनुदान चालु | १,८७,०००.०० |
| ४५ | विद्यालयको विस्तृत भौतिक पूर्वाधार सर्वेक्षण तथा प्रतिवेदन तयारी | शिक्षा | २२५२२ | नेपाल सरकार - शसर्त अनुदान चालु [ एस.इ.एस.पी. - सोधभर्ना हुने ऋण (बैदेशिक)] | ४,१८,०००.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| ४६ | विद्यालयको विस्तृत भौतिक पूर्वाधार सर्वेक्षण तथा प्रतिवेदन तयारी | शिक्षा | २२५२२ | नेपाल सरकार - शसर्त अनुदान चालु | १४,६१,०००.०० |
| ४७ | विद्यालयको विस्तृत भौतिक पूर्वाधार सर्वेक्षण तथा प्रतिवेदन तयारी | शिक्षा | २२५२२ | नेपाल सरकार - शसर्त अनुदान चालु [ एस.इ.एस.पी. - सोधभर्ना अनुदान (बैदेशिक)] | २,०९,०००.०० |
| ४८ | शैक्षिक सुशासन प्रवर्द्धनका लागि स्थानीय तहमा शैक्षिक कार्यक्रम सञ्चालन | शिक्षा | २२५२२ | नेपाल सरकार - शसर्त अनुदान चालु [ एस.इ.एस.पी. - सोधभर्ना अनुदान (बैदेशिक)] | ६०,०००.०० |
| ४९ | शैक्षिक सुशासन प्रवर्द्धनका लागि स्थानीय तहमा शैक्षिक कार्यक्रम सञ्चालन | शिक्षा | २२५२२ | नेपाल सरकार - शसर्त अनुदान चालु | ४,१८,०००.०० |
| ५० | शैक्षिक सुशासन प्रवर्द्धनका लागि स्थानीय तहमा शैक्षिक कार्यक्रम सञ्चालन | शिक्षा | २२५२२ | नेपाल सरकार - शसर्त अनुदान चालु [ एस.इ.एस.पी. - सोधभर्ना हुने ऋण (बैदेशिक)] | १,१९,०००.०० |
| ५१ | श्रमको सम्मान राष्ट्रको अभियान सम्बन्धी क्रियाकलाप संचालन | सामाजिक सुरक्षा तथा संरक्षण | २२५२२ | नेपाल सरकार - शसर्त अनुदान चालु | २५,०००.०० |
| ५२ | स्थानिय तह तर्फ मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गत आमा सुरक्षा, गर्भवती उत्प्रेरणा सेवा, रक्तसंचार, न्यानो झोला, सुरक्षित निशुल्क गर्भपतन र नवजात शिशुको निशुल्क उपचार कार्यक्रम | स्वास्थ्य | २२५२२ | नेपाल सरकार - शसर्त अनुदान चालु | २२,५२,०००.०० |
| ५३ | स्थानिय तह मार्फत मातृ तथा नवशिशु कार्यक्रम सन्चालन | स्वास्थ्य | २२५२२ | नेपाल सरकार - शसर्त अनुदान चालु | ४२,८५,०००.०० |
| ५४ | स्थानीय तह कार्यक्रम कार्यान्वयन समितिको बैठक व्यवस्थापन खर्च | सामाजिक सुरक्षा तथा संरक्षण | २२५२२ | नेपाल सरकार - शसर्त अनुदान चालु | १५,०००.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| ५५ | स्थानीय तह/रोजगार सेवा केन्द्रद्वारा समुदायस्तरमा सुरक्षित वैदेशिक रोजगारी सम्बन्धी अभिमुखीकरण तथा सूचना प्रवाह कार्यक्रम | सामाजिक सुरक्षा तथा संरक्षण | २२५२२ | नेपाल सरकार - शसर्त अनुदान चालु | ८८,०००.०० |
| ५६ | स्थानीय तहको साझेदारीमा नियमित खोप सुदृढीकरण, नियमित खोपमा विद्यालय केन्द्रित खोप अभियान सञ्चालन, सरसफाई प्रवर्द्धन कार्यक्रम निरन्तरता, खोपबाट बचाउन सकिने रोगहरूको खोजपड्ताल तथा निगरानी, खोप महिना, पूर्ण खोप सुनिश्चतता र दिगोपनाका लागि व्यवस्थापन खर्च | स्वास्थ्य | २२५२२ | नेपाल सरकार - शसर्त अनुदान चालु | ६,८५,०००.०० |
| ५७ | समुदाय स्तरमा नसर्ने रोग सम्बन्धि स्क्रिनिङ्ग (फागुन महिना) तथा जनचेतना कार्यक्रम सञ्चालन | स्वास्थ्य | २२५२२ | नेपाल सरकार - शसर्त अनुदान चालु | २,२०,०००.०० |
| ५८ | सम्भाव्य उत्पादनको उत्पादकत्व र बजार प्रतिस्पर्धा बृद्धि गर्नका लागि कम्तिमा ५ जनाको समुहमा प्रबिधि हस्तान्तरण | उद्योग | २२५२२ | नेपाल सरकार - शसर्त अनुदान चालु | ७०,०००.०० |
| ५९ | स्वास्थ्य चौकी (आधारभुत स्वास्थ्य सेवा केन्द्र) को न्युनतम सेवा मापदण्ड कार्यक्रम ( अभिमुखीकरण, समिक्षा, फलो अप , अनुगमन तथा सुदृधिकरण समेत ) | स्वास्थ्य | २२५२२ | नेपाल सरकार - शसर्त अनुदान चालु | १,१३,०००.०० |
| ६० | स्वीकृत कार्यविधि बमोजिम पालिकाको Geo-referenced Water Supply, Sanitation and Hygiene(WASH) plan बनाउने कार्य | खानेपानी तथा सरसफाई | २२५२२ | नेपाल सरकार - शसर्त अनुदान चालु | ६,००,०००.०० |
| ६१ | सामुदायिक विद्यालयका छात्राहरुलाई निशुल्क स्यानिटरी प्याड ब्यवस्थापन | शिक्षा | २२५२२ | नेपाल सरकार - शसर्त अनुदान चालु | ८,२९,०००.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| 62 | सामुदायिक विद्यालयका छात्राहरुलाई निशुल्क स्यानिटरी प्याड ब्यवस्थापन | शिक्षा | 22522 | नेपाल सरकार - शसर्त अनुदान चालु [ एस.इ.एस.पी. - सोधभर्ना हुने ऋण (बैदेशिक)] | २,३७,०००.०० |
| 63 | सामुदायिक विद्यालयका छात्राहरुलाई निशुल्क स्यानिटरी प्याड ब्यवस्थापन | शिक्षा | 22522 | नेपाल सरकार - शसर्त अनुदान चालु [ एस.इ.एस.पी. - सोधभर्ना अनुदान (बैदेशिक)] | १,१८,०००.०० |
| 64 | अनौपचारिक / परम्परागत शिक्षा सञ्चालन अनुदान | शिक्षा | 26412 | नेपाल सरकार - शसर्त अनुदान चालु [ एस.इ.एस.पी. - सोधभर्ना अनुदान (बैदेशिक)] | २,५६,०००.०० |
| ६५ | अनौपचारिक / परम्परागत शिक्षा सञ्चालन अनुदान | शिक्षा | २६४१२ | नेपाल सरकार - शसर्त अनुदान चालु [ एस.इ.एस.पी. - सोधभर्ना हुने ऋण (बैदेशिक)] | ५,१२,०००.०० |
| ६६ | अनौपचारिक / परम्परागत शिक्षा सञ्चालन अनुदान | शिक्षा | २६४१२ | नेपाल सरकार - शसर्त अनुदान चालु | १७,९२,०००.०० |
| ६७ | आधारभुत तह कक्षा (६-८) मा अंग्रेजी,गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान | शिक्षा | २६४१२ | नेपाल सरकार - शसर्त अनुदान चालु [ एस.इ.एस.पी. - सोधभर्ना अनुदान (बैदेशिक)] | ९२,०००.०० |
| ६८ | आधारभुत तह कक्षा (६-८) मा अंग्रेजी,गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान | शिक्षा | २६४१२ | नेपाल सरकार - शसर्त अनुदान चालु [ एस.इ.एस.पी. - सोधभर्ना हुने ऋण (बैदेशिक)] | १,८५,०००.०० |
| ६९ | आधारभुत तह कक्षा (६-८) मा अंग्रेजी,गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान | शिक्षा | २६४१२ | नेपाल सरकार - शसर्त अनुदान चालु | ६,४६,०००.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| ७० | आधारभूत तहका स्वीकृत दरवन्दीका शिक्षक, राहत अनुदान शिक्षकका लागि तलब भत्ता अनुदान (विशेष शिक्षा परिषद अन्तरगतका शिक्षक/ कर्मचारीहरु समेत) | शिक्षा | २६४१२ | नेपाल सरकार - शसर्त अनुदान चालु | १९,७३,००,०००.०० |
| ७१ | तोकिएका विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान | शिक्षा | २६४१२ | नेपाल सरकार - शसर्त अनुदान चालु [ एस.इ.एस.पी. - सोधभर्ना हुने ऋण (बैदेशिक)] | २०,५२,०००.०० |
| ७२ | तोकिएका विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान | शिक्षा | २६४१२ | नेपाल सरकार - शसर्त अनुदान चालु [ एस.इ.एस.पी. - सोधभर्ना अनुदान (बैदेशिक)] | १०,२६,०००.०० |
| ७३ | तोकिएका विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान | शिक्षा | २६४१२ | नेपाल सरकार - शसर्त अनुदान चालु | ७१,८२,०००.०० |
| ७४ | प्रति विद्यार्थी लागतका आधारमा शिक्षण सिकाइ व्यवस्थापन अनुदान | शिक्षा | २६४१२ | नेपाल सरकार - शसर्त अनुदान चालु [ एस.इ.एस.पी. - सोधभर्ना अनुदान (बैदेशिक)] | २,४७,०००.०० |
| ७५ | प्रति विद्यार्थी लागतका आधारमा शिक्षण सिकाइ व्यवस्थापन अनुदान | शिक्षा | २६४१२ | नेपाल सरकार - शसर्त अनुदान चालु | १७,२९,०००.०० |
| ७६ | प्रति विद्यार्थी लागतका आधारमा शिक्षण सिकाइ व्यवस्थापन अनुदान | शिक्षा | २६४१२ | नेपाल सरकार - शसर्त अनुदान चालु [ एस.इ.एस.पी. - सोधभर्ना हुने ऋण (बैदेशिक)] | ४,९४,०००.०० |
| ७७ | प्रारम्भिक बाल विकास सहजकर्ताहरुको पारिश्रमिक तथा विद्यालय कर्मचारी व्यबस्थापन अनुदान | शिक्षा | २६४१२ | नेपाल सरकार - शसर्त अनुदान चालु | १,२३,०८,०००.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| ७८ | प्रारम्भिक बाल विकास सहजकर्ताहरुको पारिश्रमिक तथा विद्यालय कर्मचारी व्यबस्थापन अनुदान | शिक्षा | २६४१२ | नेपाल सरकार - शसर्त अनुदान चालु [ एस.इ.एस.पी. - सोधभर्ना अनुदान (बैदेशिक)] | १८,०१,०००.०० |
| ७९ | प्रारम्भिक बाल विकास सहजकर्ताहरुको पारिश्रमिक तथा विद्यालय कर्मचारी व्यबस्थापन अनुदान | शिक्षा | २६४१२ | नेपाल सरकार - शसर्त अनुदान चालु [ एस.इ.एस.पी. - सोधभर्ना हुने ऋण (बैदेशिक)] | ३५,००,०००.०० |
| ८० | माध्यमिक तह कक्षा (९-१०) मा अंग्रेजी,गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान | शिक्षा | २६४१२ | नेपाल सरकार - शसर्त अनुदान चालु [ एस.इ.एस.पी. - सोधभर्ना अनुदान (बैदेशिक)] | १,७३,०००.०० |
| ८१ | माध्यमिक तह कक्षा (९-१०) मा अंग्रेजी,गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान | शिक्षा | २६४१२ | नेपाल सरकार - शसर्त अनुदान चालु [ एस.इ.एस.पी. - सोधभर्ना हुने ऋण (बैदेशिक)] | ३,४७,०००.०० |
| ८२ | माध्यमिक तह कक्षा (९-१०) मा अंग्रेजी,गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान | शिक्षा | २६४१२ | नेपाल सरकार - शसर्त अनुदान चालु | १२,१४,०००.०० |
| ८३ | माध्यमिक तहका स्वीकृत दरवन्दीका शिक्षक, राहत अनुदान शिक्षक लागि तलब भत्ता अनुदान (विशेष शिक्षा परिषद अन्तरगतका शिक्षक/कर्मचारी,प्राविधिक धारका प्रशिक्षक समेत) | शिक्षा | २६४१२ | नेपाल सरकार - शसर्त अनुदान चालु | ६,१५,००,०००.०० |
| ८४ | विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान | शिक्षा | २६४१२ | नेपाल सरकार - शसर्त अनुदान चालु [ एस.इ.एस.पी. - सोधभर्ना अनुदान (बैदेशिक)] | ६,०३,०००.०० |
| ८५ | विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान | शिक्षा | २६४१२ | नेपाल सरकार - शसर्त अनुदान चालु [ एस.इ.एस.पी. - सोधभर्ना हुने ऋण (बैदेशिक)] | १२,०६,०००.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| ८६ | विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान | शिक्षा | २६४१२ | नेपाल सरकार - शसर्त अनुदान चालु | ४२,२१,०००.०० |
| ८७ | स्वीकृत स्थानीय शिक्षा योजना कार्यान्वयनका लागि अनुदान | शिक्षा | २६४१२ | नेपाल सरकार - शसर्त अनुदान चालु [ एस.इ.एस.पी. - सोधभर्ना हुने ऋण (बैदेशिक)] | १,८४,०००.०० |
| ८८ | स्वीकृत स्थानीय शिक्षा योजना कार्यान्वयनका लागि अनुदान | शिक्षा | २६४१२ | नेपाल सरकार - शसर्त अनुदान चालु [ एस.इ.एस.पी. - सोधभर्ना अनुदान (बैदेशिक)] | ९२,०००.०० |
| ८९ | स्वीकृत स्थानीय शिक्षा योजना कार्यान्वयनका लागि अनुदान | शिक्षा | २६४१२ | नेपाल सरकार - शसर्त अनुदान चालु | ६,४२,०००.०० |
| ९० | सामुदायिक विद्यालयहरुमा शैक्षिक कार्यक्रम सञ्चालन अनुदान | शिक्षा | २६४१२ | नेपाल सरकार - शसर्त अनुदान चालु [ एस.इ.एस.पी. - सोधभर्ना अनुदान (बैदेशिक)] | ४,८६,०००.०० |
| ९१ | सामुदायिक विद्यालयहरुमा शैक्षिक कार्यक्रम सञ्चालन अनुदान | शिक्षा | २६४१२ | नेपाल सरकार - शसर्त अनुदान चालु | ३४,०२,०००.०० |
| ९२ | सामुदायिक विद्यालयहरुमा शैक्षिक कार्यक्रम सञ्चालन अनुदान | शिक्षा | २६४१२ | नेपाल सरकार - शसर्त अनुदान चालु [ एस.इ.एस.पी. - सोधभर्ना हुने ऋण (बैदेशिक)] | ९,७२,०००.०० |
| ९३ | सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि निशुल्क पाठ्यपुस्तक अनुदान (स्थानीय विषय/मातृभाषाको समेत) | शिक्षा | २६४१२ | नेपाल सरकार - शसर्त अनुदान चालु [ एस.इ.एस.पी. - सोधभर्ना अनुदान (बैदेशिक)] | ३,३१,०००.०० |
| ९४ | सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि निशुल्क पाठ्यपुस्तक अनुदान (स्थानीय विषय/मातृभाषाको समेत) | शिक्षा | २६४१२ | नेपाल सरकार - शसर्त अनुदान चालु [ एस.इ.एस.पी. - सोधभर्ना हुने ऋण (बैदेशिक)] | ६,६१,०००.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| ९५ | सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि निशुल्क पाठ्यपुस्तक अनुदान (स्थानीय विषय/मातृभाषाको समेत) | शिक्षा | २६४१२ | नेपाल सरकार - शसर्त अनुदान चालु | २३,१५,०००.०० |
| ९६ | मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गराइरहेका, क्यासर रोगी र मेरूदण्ड पक्षघातका विरामीहरूलाई औषधि उपचार खर्च बापत मासिक रु ५ हजार दरले उपलब्ध गराइने रकम | स्वास्थ्य | २७१११ | नेपाल सरकार - शसर्त अनुदान चालु | ३३,६०,०००.०० |
| ९७ | विपन्न लक्षित छात्रवृत्तिकालागि छनौट भएका (कक्षा ६-१२ मा अध्ययनरत) विद्यार्थीका लागि छात्रवृत्ति | शिक्षा | २७२११ | नेपाल सरकार - शसर्त अनुदान चालु | १०,८३,०००.०० |
| ९८ | विपन्न लक्षित छात्रवृत्तिकालागि छनौट भएका (कक्षा ६-१२ मा अध्ययनरत) विद्यार्थीका लागि छात्रवृत्ति | शिक्षा | २७२११ | नेपाल सरकार - शसर्त अनुदान चालु [ एस.इ.एस.पी. - सोधभर्ना हुने ऋण (बैदेशिक)] | ३,१०,०००.०० |
| ९९ | विपन्न लक्षित छात्रवृत्तिकालागि छनौट भएका (कक्षा ६-१२ मा अध्ययनरत) विद्यार्थीका लागि छात्रवृत्ति | शिक्षा | २७२११ | नेपाल सरकार - शसर्त अनुदान चालु [ एस.इ.एस.पी. - सोधभर्ना अनुदान (बैदेशिक)] | १,५५,०००.०० |
| १०० | सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि छात्रबृत्ति (आवासीय तथा गैरआवासीय) | शिक्षा | २७२११ | नेपाल सरकार - शसर्त अनुदान चालु [ एस.इ.एस.पी. - सोधभर्ना हुने ऋण (बैदेशिक)] | १,५५,०००.०० |
| १०१ | सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि छात्रबृत्ति (आवासीय तथा गैरआवासीय) | शिक्षा | २७२११ | नेपाल सरकार - शसर्त अनुदान चालु | ५,४२,०००.०० |
| १०२ | सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि छात्रबृत्ति (आवासीय तथा गैरआवासीय) | शिक्षा | २७२११ | नेपाल सरकार - शसर्त अनुदान चालु [ एस.इ.एस.पी. - सोधभर्ना अनुदान (बैदेशिक)] | ७७,०००.०० |
| १०३ | आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि औषधि खरिद | स्वास्थ्य | २७२१३ | नेपाल सरकार - शसर्त अनुदान चालु | १२,०७,०००.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| १०४ | सुरक्षित नागरिक आवास कार्यक्रम :- गण्डकी प्रदेशको वाग्लुङ जिल्ला क्षेत्र नं. २ अन्तर्गत गल्कोट नगरपालिका- १५१ वटा (स्वीकृत आवास संख्या अनुसार आ.व. २०८2/०८3 सम्म सम्झौता भएका लाभग्राहीका लागि भुक्तानी गर्न) | भवन, आवास तथा सहरी विकास | ३११११ | नेपाल सरकार - शसर्त अनुदान पुँजीगत [ आन्तरिक ऋण - नगद (आन्तरिक ऋण)] | ९,००,०००.०० |
| १०५ | स्वीकृत गुरुयोजनाका आधारमा साझेदारीमा विद्यालय पुर्वाधार विकास | शिक्षा | ३१११२ | नेपाल सरकार - शसर्त अनुदान पुँजीगत [ आन्तरिक ऋण - नगद (आन्तरिक ऋण)] | २१,००,०००.०० |
| १०६ | स्वीकृत गुरुयोजनाका आधारमा साझेदारीमा विद्यालय पुर्वाधार विकास | शिक्षा | ३१११२ | नेपाल सरकार - शसर्त अनुदान पुँजीगत [ एस.इ.एस.पी. - सोधभर्ना हुने ऋण (बैदेशिक)] | ६,००,०००.०० |
| १०७ | स्वीकृत गुरुयोजनाका आधारमा साझेदारीमा विद्यालय पुर्वाधार विकास | शिक्षा | ३१११२ | नेपाल सरकार - शसर्त अनुदान पुँजीगत [ एस.इ.एस.पी. - सोधभर्ना अनुदान (बैदेशिक)] | ३,००,०००.०० |
| १०८ | चिप्लेटी घाट-१० गल्कोट 1 झो पु | यातयात पूर्वाधार | ३११५१ | नेपाल सरकार - शसर्त अनुदान पुँजीगत [ आन्तरिक ऋण - नगद (आन्तरिक ऋण)] | १०,००,०००.०० |
| संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (विषेश अनुदान) | | | | | |
| १०९ | उत्पादनदेखी प्रशोधनसम्मः एकिकृत कृषि विकास कार्यक्रम | कृषि | २२५२१ | नेपाल सरकार - विषेश अनुदान चालु [ आन्तरिक ऋण - नगद (आन्तरिक ऋण)] | १,८०,००,०००.०० |
| संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम(समपुरक अनुदान) | | | | | |
| 110 | नरेठाँटी- दुदुलाभाटी- ढुङ्गेसाँघु- पैरीवाङ सडक स्तरोन्नती | यातयात पूर्वाधार | ३११५१ | नेपाल सरकार - समपुरक अनुदान चालु [ आन्तरिक ऋण - नगद (आन्तरिक ऋण)] | ५०,००,०००.०० |
| संघीय सरकार हस्तान्तरित जम्मा | | | | | ४१९६०००००. |

| | | | | | |
|---|---|---|---|---|---|
| प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम (विषेश अनुदान) | | | | | |
| 1 | रोजगार प्रवर्द्धन तथा आयआर्जन वृद्धि लक्षित व्यावसायिक बाख्रा पालन कार्यक्रम | कृषि | २२५२१ | गण्डकी प्रदेश - विषेश अनुदान चालु | ४०,००,०००.०० |
| प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम (समपुरक अनुदान) | | | | | |
| २ | ओखरबोट चमुवा सडक स्तरोन्नति | यातयात पूर्वाधार | ३११५१ | गण्डकी प्रदेश - समपुरक अनुदान पुँजीगत | ५९,९९,०००.०० |
| प्रदेश सरकारबाट हस्तान्तरित जम्मा | | | | | ९९९९०००. |

# गलकोट नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय, गलकोट, बागलुङ

गण्डकी प्रदेश, नेपाल

# राजस्व परामर्श समितिको प्रतिवेदन–२०८३

**१.पृष्ठभूमिः**

नेपालको संविधान, २०७२ ले संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको शासन प्रणालीलाई संघ, प्रदेश र स्थानीय तह गरी तीन तहमा संरचित गरेको छ। संविधानले यी तीनै तहका सरकारलाई आफ्नो कार्यक्षेत्रभित्र राजस्व संकलन तथा कर निर्धारण गर्ने अधिकार स्पष्ट रूपमा प्रदान गरेको छ। संविधानको धारा ५९ अनुसार स्थानीय तहले आफ्नो अधिकार क्षेत्रसँग सम्बन्धित आर्थिक विषयमा कानुन निर्माण गर्न, वार्षिक बजेट तर्जुमा गर्न, नीति तथा योजना तयार गरी स्वीकृत गर्न तथा तिनको प्रभावकारी कार्यान्वयन गर्न सक्ने व्यवस्था रहेको छ।

स्थानीय सरकार गठन भएसँगै No Taxation without Representation भन्ने लोकतान्त्रिक सिद्धान्तलाई आत्मसात् गर्दै स्थानीय तहहरूले आफ्नै स्रोतबाट राजस्व परिचालन गर्ने अभ्यासलाई संस्थागत रूपमा अगाडि बढाएका छन्। यसैगरी, संविधानको भाग–१९ अन्तर्गत रहेको धारा २२८ मा कानुनले व्यवस्था गरेबाहेक स्थानीय तहले कुनै कर लगाउन वा ऋण लिन नसक्ने संवैधानिक प्रावधान रहेको छ।

यस संवैधानिक तथा कानुनी व्यवस्थाको परिपालन गर्दै गलकोट नगरपालिका ले स्थापना कालदेखि नै आन्तरिक आय अभिवृद्धि तथा राजस्व व्यवस्थापनलाई सुदृढ बनाउन विभिन्न कार्यक्रम तथा पहलहरू सञ्चालन गर्दै आएको छ। नगरपालिकाले आर्थिक सूचकाङ्क, नगरवासीहरूको आर्थिक तथा वित्तीय अवस्था, राजस्व संकलन तथा परिचालनका क्षेत्रका अनुभवहरू, साथै अन्य स्थानीय तहहरूमा कार्यान्वयन गरिएका सफल अभ्यासहरूलाई आधार मानी आफ्नो राजस्व प्रणालीलाई व्यवस्थित गर्ने प्रयास गर्दै आएको छ।

यद्यपि, नगरपालिकाको आन्तरिक आम्दानी अपेक्षित लक्ष्यअनुसार वृद्धि हुन नसकेको वर्तमान परिस्थितिलाई मध्यनजर गर्दै राजस्वका स्रोतहरूको विस्तार, कर तथा शुल्कको दर र दायराको पुनरावलोकन, तथा राजस्व प्रशासनमा समयानुकूल सुधार आवश्यक देखिएको छ। सोही उद्देश्यका साथ आन्तरिक आय वृद्धि तथा राजस्व प्रणालीको प्रभावकारिता अभिवृद्धि गर्न आवश्यक अध्ययन, विश्लेषण तथा सुझावसहितको प्रतिवेदन राजस्व परामर्श समितिको तर्फबाट तयार गरी प्रस्तुत गरिएको छ।

**२.स्थानीय तहको राजस्व सम्बन्धी कानुनी व्यवस्थाहरु :-**

**क) नेपालको संविधान :**

नेपालको संविधान, २०७२ को धारा ५९ ले स्थानीय तहलाई आफ्नो अधिकार क्षेत्रसँग सम्बन्धित आर्थिक विषयमा कानुन निर्माण गर्ने अधिकार प्रदान गरेको छ। संविधानको भाग–१९ मा स्थानीय आर्थिक कार्यप्रणाली सम्बन्धी व्यवस्था समेटिएको छ, जसले स्थानीय तहको वित्तीय स्वायत्तता र उत्तरदायित्वलाई स्पष्ट गरेको छ। यसै सन्दर्भमा धारा २२८ मा कानुनद्वारा व्यवस्था गरिएबाहेक कुनै पनि स्थानीय तहले कर लगाउन, कर उठाउन वा ऋण लिन नसक्ने व्यवस्था गरिएको छ।

संविधानले स्थानीय तहलाई आफ्नो अधिकार क्षेत्रभित्र रही आवश्यक कानुनी व्यवस्था गरेर कर तथा राजस्व संकलन गर्न र कानुनबमोजिम ऋण परिचालन गर्न सक्ने अधिकार प्रदान गरेको छ। धारा २२८ को उपधारा (२) मा स्थानीय

तहले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा राष्ट्रिय आर्थिक नीति, वस्तु तथा सेवाको आवागमन, पूँजी तथा श्रम बजार, साथै छिमेकी प्रदेश वा स्थानीय तहको हितमा प्रतिकूल असर नपर्ने गरी कानुन बनाई कर लगाउन सक्ने व्यवस्था गरिएको छ।

त्यसैगरी, संविधानको अनुसूची–८ मा स्थानीय तहको एकल अधिकार सूची अन्तर्गत विभिन्न कर, शुल्क तथा राजस्वका स्रोतहरू उल्लेख गरिएका छन्। उक्त अनुसूचीअनुसार सम्पत्ति कर, घरबहाल कर, घरजग्गा रजिस्ट्रेशन शुल्क तथा सवारी साधन कर स्थानीय तहका प्रमुख करका स्रोत मानिएका छन्। साथै व्यवसाय कर, विज्ञापन कर, भूमि कर (मालपोत), पर्यटन शुल्क, सेवा शुल्क तथा दस्तुर पनि स्थानीय तहले संकलन गर्न सक्ने राजस्वका महत्वपूर्ण आधारहरू हुन्।

यस अतिरिक्त स्थानीय तहले कानुनबमोजिम विभिन्न सेवा प्रवाहबाट प्राप्त हुने शुल्क, प्रशासनिक दस्तुर, मनोरञ्जन कर, दण्ड तथा जरिवाना, मालपोत संकलनलगायतका शीर्षकबाट समेत राजस्व परिचालन गर्न सक्ने व्यवस्था गरिएको छ। यस्ता स्रोतहरूको प्रभावकारी परिचालनले स्थानीय सरकारको वित्तीय क्षमता सुदृढ हुने, विकास निर्माणका कार्यक्रम सञ्चालन गर्न सहयोग पुग्ने तथा स्थानीय तहलाई आत्मनिर्भर र दिगो आर्थिक आधार निर्माण गर्न मद्दत पुग्ने अपेक्षा गरिएको छ।

**ख) स्थानीय सरकार सचानल ऐन २०७४ :**

स्थानीय सरकार सचानल ऐन २०७४ को परिछेद ९ गाउंपालिका तथा नगरपालिकाको वित्तीय अधिकार क्षेत्र अन्तर्गत दफा ५४ मा कानून बमोजिम बाहेक कर लगाउन उठाउन वा ऋण लिन नपाउने व्यवस्था गरिएको छ भने दफा ५५,५६, ५७, ५८, ५९, ६०, ६१, क्रमश एकीकृत सम्पत्ति कर, भुमिकर मालपोत घरजग्गा बहाल कर, व्यवसाय कर बाहाल विरौटी कर, पार्किङ शुल्क, जडीबुटी कवाडी र जीवजन्तु कर सेवा शुल्क तथा ६३ मा प्रचलित कानून बमोजिम कुटनीटिक नियोग वा कुटनीतिज्ञलाई कर नलाग्ने विषयमा कर लगाउन सक्ने छैन भन्ने व्यवस्था गरिएको छ। सोही ऐनको दफा ६४ मा प्रदेश र गाउँपालिका वा नगरपालकाको दोहोरो अधिकार क्षेलिभत्रका कर निर्धारण संकलन तथा बांडफांड सम्बन्धी तथा दफा ६५ मा स्थानीय राजस्व परामर्श समितिको व्यवस्था गरिएको छ।

**ग.अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४ :**

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा १९ मा नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहले कर वा गैर कर राजस्वको प्रस्ताव गर्दा वा भइरहेको कर वा गैर कर राजस्वमा परिवर्तन गर्नु पर्दछ र त्यसको आवश्यकता, औचित्यता र त्यसबाट पर्ने प्रभाव समेत उल्लेख गरी प्रस्ताव तयार गर्नुपर्नेछ व्यवस्था रहेको छ। र उपदफा २ मा राजस्व प्रस्ताव तयार गर्दा प्रदेश वा स्थानीय तहले त्यस्तै विषयमा नेपाल सरकार अन्य प्रदेश वा स्थानीय तहले लगाएका कर वा गैरकर र त्यसका दरसंग यथासम्भव तादाम्यता हुने गरी प्रस्ताव गर्नुपर्ने भन्ने उल्लेख छ।

**घ.गलकोट नगरपालिकाको आर्थिक ऐन :**

अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न स्थानीय कर तथा शुल्क संकलन गर्ने छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न नेपालको संविधानको धारा २८८ को उपधारा २ बमोजिम नगरपालिकाले आर्थिक ऐन बनाएको छ।

**३.गलकोट नगरपालिकाको स्थापना देखी हालसम्मको राजस्व संकलनको अवस्थाको समीक्षा :**

गलकोट नगरपालिका ले स्थापना कालदेखि नै आर्थिक अनुशासन, कार्यसम्पादनको प्रभावकारिता, स्रोत विनियोजनको दक्षता तथा समष्टिगत आर्थिक स्थायित्वलाई प्राथमिक आधारका रूपमा अवलम्बन गर्दै प्रचलित राजस्वसम्बन्धी कानुनी व्यवस्थाको सीमाभित्र रही आन्तरिक राजस्वको प्रक्षेपण, संकलन तथा परिचालन गर्दै आएको छ। नगरपालिकाको वित्तीय व्यवस्थापनमा राजस्वको महत्वपूर्ण भूमिका रहेको छ, किनभने स्थानीय सरकारको नियमित

सञ्चालन तथा विकास निर्माणका कार्यक्रमहरूको कार्यान्वयनका लागि आवश्यक आर्थिक स्रोतको प्रमुख आधार राजस्व नै हो। राजस्व संकलन तथा परिचालन प्रणाली प्रभावकारी नभएसम्म स्थानीय तहको आयमा अपेक्षित वृद्धि हासिल गर्न कठिन हुन्छ। यस तथ्यलाई आत्मसात् गर्दै नगरपालिकाले कर तथा गैरकर राजस्वका स्रोतहरूको विस्तार, राजस्व प्रशासनको सुधार, करदातामैत्री व्यवस्था तथा आवश्यकतानुसार राजस्व दरहरूको पुनरावलोकनमार्फत राजस्व परिचालनलाई थप प्रभावकारी बनाउने नीति अवलम्बन गरेको छ।

स्थानीय विकासका आवश्यकता तथा सेवा प्रवाहको बढ्दो दायित्वलाई ध्यानमा राखी नगरपालिकाले राजस्व परिचालन सम्बन्धी विभिन्न नीति तथा कार्यक्रमहरू कार्यान्वयन गर्दै आएको छ। ती नीति तथा कार्यक्रमहरूको आधारमा आन्तरिक राजस्व संकलनतर्फ हासिल गरिएको लक्ष्य तथा प्रगतिको अवस्था निम्नानुसार प्रस्तुत गरिएको छ।

**तपसिल:**

| क्र.सं. | आ.व. | लक्ष्य | प्रगति | कैफियत |
|---|---|---|---|---|
| १ | ०७४/७५ | २६५६७०००।०० | १००५१२१५।०० | ३७.८३ प्रतिशत |
| २ | ०७५/७६ | ४००००००।०० | १३७१५०४९।०० | ३४.२८ प्रतिशत |
| ३ | ०७६/७७ | २८००००००।०० | १३५२४५२१.६२ | ४८.३० प्रतिशत |
| ४ | ०७७/७८ | ३१००००००।०० | १५६३६४४५।६४ | ५०.४४ प्रतिशत |
| ५ | ०७८/७९ | २१००००००।०० | १०५८६८१४।३ | ५०.४१ प्रतिशत जेष्ठ मसान्त सम्म |
| ६ | ०७८/७९ | ५९६१४३३४।०० | ५३३८७३४८।७२ | ८९.५५ प्रतिशत आसाढ ६ गते सम्म,गत वर्षको मौज्दात .३,८५,१४,३३४ सहित |
| ७ | ०७९/८० | ५९६१४३३४।०० | ५५५५१२९५।४३ | ९३.१प्रतिशत (गत वर्षको वैङ्क मौज्दात ३,८५,१४,३३४.६१ सहित ) |
| ८ | २०८०/८१ | ३६५००००।०० | ३८४८४३६६।०० | १०५.४३ प्रतिशत(गत वर्षको वैङ्क मौज्दात रु. २०६३४२२१ सहित |
| ९ | २०८१/८२ | ४१०००००।- | ३८०५२१६५।- | आसाढ १ सम्म बैङ्क मौज्दात रु. २००५१९३६.२० |
| १० | २०८२/८३ | ५९६२८६३६।— (संकलन २०३५०००० र बैङ्क मौज्दात ३९२७८६३६) | | ५९२२११४१.१२ (संकलन १६३२५३०६.६५ र बैङ्क मौज्दात ४२८९५८३४.४७) |

**आ.व.२०८२/०८३ को असार १ सम्मको प्रगति विवरण र संशोधित अनुमान तपिसल बमोजिम रहेको छ :-**

उपरोक्त विवरणको विश्लेषण गर्दा चालु आर्थिक वर्षको असार मसान्तसम्म गत आर्थिक वर्षबाट प्राप्त मौज्दात रकमसमेत समावेश गर्दा कुल राजस्व लक्ष्यको ९९.३१ प्रतिशत प्रगति हासिल भएको देखिन्छ। बाँकी रहेको ३० दिनको अवधिमा रु. ४,०७,४९४.८८ संकलन हुन सकेमा कुल रु. ५,९६,२८,६३६।– को वार्षिक राजस्व लक्ष्य प्राप्त हुने अवस्था देखिन्छ। यद्यपि, प्राप्त प्रगतिमा गत वर्षको बैंक मौज्दातको योगदान उल्लेखनीय रहेको हुँदा चालु आर्थिक वर्षको वास्तविक राजस्व संकलनको लक्ष्य हासिल गर्न रु. ४,०२,४६,३९३.३५ अतिरिक्त राजस्व संकलन आवश्यक रहेको देखिन्छ। यसले

आन्तरिक राजस्व परिचालनमा अझै थप प्रयास, प्रभावकारी कार्यान्वयन तथा राजस्वका स्रोतहरूको अधिकतम उपयोग आवश्यक रहेको संकेत गर्दछ।

तथापि, विगत आर्थिक वर्षहरूको तुलनामा चालु आर्थिक वर्षमा राजस्व संकलनको अवस्था सकारात्मक तथा सुधारोन्मुख रहेको देखिन्छ। राजस्व प्रशासनमा गरिएको सुधार, करदातामैत्री नीति तथा राजस्व संकलनका क्षेत्रमा अवलम्बन गरिएका विभिन्न कार्यक्रमहरूको प्रभावका कारण राजस्व परिचालनमा क्रमिक वृद्धि भएको देखिन्छ। यस प्रवृत्तिलाई निरन्तरता दिन सकेमा आगामी वर्षहरूमा आन्तरिक आय अभिवृद्धि तथा वित्तीय आत्मनिर्भरताको लक्ष्य हासिल गर्न थप सहज हुने अपेक्षा गर्न सकिन्छ।

**४.अन्य छिमेकी स्थानीय तहहरुको अध्ययनको विवरण :-**

- बागलुङ नगरपालिकाको करका दर र राजस्व अध्ययनको लागि नगरपालिकाको आर्थिक ऐन अध्ययन गरिएको।
- बडिगाड गाउँपालिकाको करका दर र राजस्वको अध्ययनको लागि गाउँपालिकाको आर्थिक ऐन अध्ययन गरिएको।
- मुसीकोट नगरपालिकाको करका दर र राजस्वको अध्ययनको लागि नगरपालिकाको आर्थिक ऐन अध्ययन गरिएको।
- धवलागिरी गाउँपालिका म्याग्दीको करका दर र राजस्वको अध्ययनको लागि गाउँपालिकाको आर्थिक ऐन अध्ययन गरिएको।
- पोखरा महानगरपालिकाको करका दर र राजस्वको अध्ययनको लागि महानगरपालिकाको आर्थिक ऐन अध्ययन गरिएको।
- अजिरकोट गाउँपालिकाको करका दर र राजस्वको अध्ययनको लागि गाउँपालिकाको आर्थिक ऐन अध्ययन गरिएको।

**५.राजस्व संकलनमा हालसम्मका सवल पक्षहरु :-**

- आन्तरिक आयका विभिन्न स्रोत तथा शीर्षकहरूको पहिचान, अध्ययन र विश्लेषण गरी सोही आधारमा राजस्व दर निर्धारण गरिएको छ।
- सम्पत्ति करलाई पूर्ण रूपमा कार्यान्वयनमा ल्याई राजस्व संकलन प्रणालीलाई थप व्यवस्थित बनाइएको छ।
- व्यवसायको प्रकृति, आकार तथा आयआर्जन क्षमतालाई आधार मानी प्रगतिशील कर प्रणालीको अवधारणाअनुसार व्यवसाय करका दरहरू निर्धारण गरिएको छ।
- राजस्व प्रशासनलाई प्रविधिमैत्री बनाउने उद्देश्यले पूर्ण रूपमा सूत्र (SUTRA) प्रणाली कार्यान्वयनमा ल्याइएको छ तथा नागरिकले QR Code मार्फत सहज रूपमा कर भुक्तानी गर्न सक्ने व्यवस्था लागू गरिएको छ।
- अनलाइन पोर्टल तथा LLRP App मार्फत करदाताले घरमै बसेर विभिन्न प्रकारका कर तथा शुल्क भुक्तानी गर्न सक्ने व्यवस्था मिलाइएको छ।
- वडा तहबाटै सबै प्रकारका राजस्व संकलन गर्ने प्रणालीको विकास गरी सेवाग्राहीलाई सहज पहुँच प्रदान गरिएको छ।
- फोहोर व्यवस्थापन शुल्क, घरबहाल कर तथा नक्सा पास दस्तुरबाट प्राप्त हुने राजस्वमा विगत वर्षहरूको तुलनामा क्रमिक वृद्धि देखिएको छ।
- राजस्व संकलन तथा परिचालनको नियमित अनुगमन र मूल्याङ्कनका लागि राजस्व अनुगमन समिति गठन गरिएको छ।
- राजस्वका दर तथा दायराको अध्ययन, पुनरावलोकन र पुनर्मूल्याङ्कन गरी राजस्व संकलनलाई यथार्थपरक, वस्तुनिष्ठ तथा प्रभावकारी बनाउने प्रयास गरिएको छ।
- आर्थिक वर्ष २०८२/८३ मा राजस्व परामर्श समितिको तीन पटक बैठक सम्पन्न भएको छ। साथै, हिउँदे अधिवेशनमा समेत राजस्वको विस्तृत समीक्षा तथा विश्लेषण गरी आवश्यकतानुसार आर्थिक ऐन संशोधन गरिएको छ।

**६.राजस्व संकलनमा हालसम्म देखिएका समस्या तथा चुनौतीहरु :-**

- कर्मचारीको समस्या र वडा कार्यालयबाट बैंक टाढा भएको कारण राजस्व रकम आम्दानी बाध्ने र समयमै बैंक दाखिला गर्ने वानीको विकास हुन नसकेको ।
- नगरक्षेत्रभित्र संचालनमा रहेका ढुंगा खानी र ढुंगा गिटी वालुवाहरुबाट ठेक्का लगाई आम्दानी लिन नसकिएको।
- जडिबुटी करलाई करको दायरामा ल्याउन नसिकएको ।
- सवै नागरीकलाई घरनक्सा पास र घरकायमको दायरामा ल्याउन नसकिएको ।
- ढुंगा स्लेट र अन्य बस्तुको निकासी कर स्वरुप शुल्क निर्धारण गरी कार्यान्वयन गर्न नसकिएको ।
- पार्किङ शुल्क र सवारी कर संकलनको कार्य नभएको।
- सामुदायिक वनको संचालन र व्यवस्थापनबाट प्राप्त हुने रोयल्टी संकलन हुन नसकेको ।
- थोरै लगानीबाट व्यवसाय गरेका व्यवसायीहरुलाई करको दायरामा ल्याउन चुनौटी रहेको छ ।
- छरिएर रहेका वस्ती तथा भौगोलिक जटिलताले कर संकलन कार्यमा समस्या रहेको ।
- निकासी शुल्क दस्तुर र पटके सवारी कर संकलनको कार्य अगाडी बढाउन नसकिएको
- प्रयोग नगरेका व्यक्तिको जग्गाको मालपोत भूमिकर संकलन गर्न नसकिएको ।
- स्थानीय सरकार संचालन ऐनले तोकेका सबै कर तथा शुल्कका दायराहरु प्रयोग हुन नसकेको
- व्यक्तिगत प्रयोजनमा प्रयोग भएका घरहरुको वाहाल कर संकलन गर्न नसकिएको ।
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी ऐन २०७६ र नियमावली २०७७ अनुसार स्थानीय तहले तीन वर्षको स्रोत अनुमान गरी मध्यकालीन खर्च संरचना तयार गर्नु पर्ने जसमा आर्थिक स्थायित्व तयार हुने गरी वित्त खाका,नतिजा खाका र बजेट खाका समावेश गर्नु पर्ने कानूनी व्यवस्था रहेको छ अत यि विषयलाई समेटी बैज्ञानिक र कार्यन्वयनयोग्य मध्यकालीन संरचना तयार गर्नु पर्ने ।

**७. सुझावहरु :-**

विगतका प्रयास राजस्व संकलनको अवस्था सवल तथा कमजोर पक्षहरुको विश्लेषणको आधारमा अगामी आर्थिक वर्षको लागि राजस्व संकलनमा सुधार गरी वैज्ञानीक, विश्वासयोग्य,अनुमानयोग्य र लक्ष्यको नजिक पुग्ने गरी राजस्व संकलन गर्नको लागि तपिसल बमोजिमका सुझावहरु प्रस्तुत गरिएको छ ।

**तपसिल**

- पालिकाले अनुगमन समिति बनाई राजश्वको निरन्तर अनुगमन गर्नेमा ध्यान दिनु पर्दछ ।
- बजारमा तथा वडामा अधिक पसल हरु दर्ता नगरी सञ्चालनमा आएको पाईयो साथै दर्ता भएका पसल हरुले पनि राजश्व नतिरेको पाईएकोले त्यस्ता पसललाई नियमन गर्न ध्यान पुर्याउनु पर्दछ ।
- धेरै घर हरु नक्सा पास विनै निर्माण भएको पाईएकोले नक्सा पासको सम्बन्धामा संचार माध्यम प्रयोग गरी नागरिकलाई सुसुचित गराउने र नियमनमा ध्यान दिनु पर्दछ।
- राजश्व सम्बन्धी स्थानीय तहको अधिकार सूची र कार्यजिम्मेवारीको सफल कार्यन्वयनमा जोड दिनु पर्दछ।
- नगरपालिकाबाट उत्पादन भइ निकासी हुने बस्तुहरुमा प्रतिष्पर्धाको आधारमा ठेक्का मार्फत निकासी कर संकलन गर्ने व्यवस्था मिलाउने।
- संस्थागत मात्र नभई व्यक्तिगत प्रयोजन र व्यवसाय प्रयोजनमा वहालमा प्रयोग गरेका घरधनीहरुलाइ समेत घरवहाल करको दायरामा ल्याई घरवहाल करलाई प्रभावकारी रुपमा संकलन गर्ने व्यवस्था मिलाउने।
- व्यवसाय कर वडा तहबाट नै संकलन गर्ने व्यवस्था गर्ने र समयमा नै व्यवसाय कर नतिर्ने हरुलाई आर्थिक वर्ष समाप्त भएपछि जरिवाना सहित बक्यौता कर समेत असुल गर्ने।

- सबै वडामा अनलाईमार्फत राजस्व संकलन गरेको कार्य प्रभावकारी भए नभएको सम्बन्धमा अनुगमन गरी देखिएका कमजोरीहरु तत्काल सुधार गर्ने।
- सामुदायिक वनबाट भएको आम्दानीबाट नगरपालिकालाई तिर्नुपर्ने राजस्व कडाईका साथ संकलन गर्ने व्यवस्था मिलाउने ।
- ढुंगा खानीलाई व्यवस्थित रुपमा संचालन गर्न प्रदेश कानून बमोजिम हुने गरी करको दायरामा ल्याउन प्रदेश सरकार जिल्ला वन कार्यालय र जिल्ला समन्वय समितिहरु संग समन्वय गरी सरलीकरण गर्ने।
- स्थानीय पर्व मेला महोत्सव तथा हाटबजारमा बहाल विरौटी कर संकलनको थालनी गर्ने।र विभाज्य कोषको रकम जम्मा गर्नमा समेत जोड दिनु पर्दछु ।
- सार्वजनिक जग्गाहरुको पहिचान गरी पार्क बगैंचा संग्रहालय मन्दिर पोखरी निर्माण गर्ने तथा पर्यटकीय स्थलहरुको विकास गरी पर्यटन शुल्क संकलन गर्ने व्यवस्था गर्ने ।
- नगरपालिकाको आम्दानीका स्रोत संग सम्बन्धित विषयमा प्रचार प्रसार छलफल तथा बहसका कार्यक्रमहरु संचालन गरी थप कानून र मापदण्डहरु बनाई लागु गर्ने ।
- राजश्व सुधार योजनालाई कार्यन्वयनमा जोड दिनु पर्दाछ ।
- आर्थिक वर्षभित्र कार्यान्वन गर्न सकिने र अनुमानलाई भरपर्दो बनाउन चालु वर्षको राजस्व संकलनको आधार र आगामी आर्थिक वर्ष थप गर्न सकिने स्रोतको आधारमा आ.व.२०८३/८४ को लागि तपिसल बमोजिमको शिर्षकमा तपसिल बमोजिम कर संकलन गर्न सकिने देखिएकोले सोही बमोजिम राजस्व अनुमान तयार गरी कार्यक्रम तथा बजेटमा समावेश गर्नका लागि नगरकार्यापालिकामा पेश गर्ने।

तपसिल

| क्र. सं. | राजस्व शिर्षक | आ.व. २०८१/८२ को यथार्थ | आ.व. २०८२/८३ को संशोधित अनुमान | आ.व. २०८३/०८४ को लागि सिफारिस | कैफियत |
|---|---|---|---|---|---|
| १. | सम्पत्ति कर | २६७४१५७.५ | २५०१३७० | २५८९५०० | |
| २. | भुमिकर/ मालपोत | १८६३८१९.१५ | २१००००० | २२५०००० | |
| ३. | वहाल कर | १९४१२२५.२३ | २१२०००० | २१००००० | |
| ४. | न्यायिक दस्तुर | १२१५ | ५००० | ८००० | |
| ५. | अन्य प्रशासनिक सेवा शुल्क | १५७९४४९ | १६६५००० | १७००००० | |
| ६. | नक्सा पास दस्तुर | २३४९४४ | १०३००० | २५०००० | |
| ७. | सिफारिस दस्तुर | ४४८३३९० | ४४३६००० | ४६००००० | |
| ८. | व्यक्तिगत घट्ना दर्ता दस्तुर | ६७७६०० | ७७०००० | ८००००० | |
| ९. | नाता प्रमाणित दस्तुर | १९९००० | २०१००० | ४००००० | |
| १०. | अन्य दस्तुर | ७५५० | १७६००० | ६०००० | |

| | | | | | |
|---|---|---|---|---|---|
| ११. | व्यवसाय रजिष्ट्रेशन दस्तुर | ३१४८५८० | २९६४००० | ३०००००० | |
| १२. | अन्य राजस्व | ४३८१३५.६ | ५१२००० | १००००० | |
| १३. | व्यवसाय कर | २२९५०० | ३००००० | ४००००० | |
| १४. | बेरुजु | १८३९९५२ | ३००००० | ४००००० | |
| १५. | दहत्तर बहत्तर शुल्लक | २४००० | २७००० | ६०००० | |
| १६. | अन्य सेवा शुल्क तथा आय | ९३५७९०.६३ | ९०९७९५.५३ | २५००० | |
| १७. | दुषण नियन्त्रण शुल्क | ० | ४१२००० | ६००००० | |
| १८. | मनोरञ्जन कर | १७१० | १२००० | २५०० | |
| १९. | गत वर्षको मौज्दात | २००५१९३६.२ | ४२८९५८३४.४७ | ४३८५२३८४ | |
| कुल जम्मा रु | ४०४२१९५४.३१ | ६२४१०००० | ६३१९७३८४ | | |

विगत आ.ब २०८1/८2 को अन्त्य सम्ममा गत वर्षको बैङ्क मौज्दात बाहेक संकलित आन्तरिक राजश्व रु. 2 करोड 3 लाख ४४ हजार 3 सय 8 रुपैयाँ 11 पैसा रहेकोमा चालु आ.व.को असार १ सम्ममा आन्तरिक राजश्व रु.१ करोड 63 लाख २5 हजार ३ सय 6 रुपैयाँ 65पैसा संकलन भै सकेको छ साथै यस आ.व. को अन्तिम सम्ममा 1 करोड 95 लाख 14 हजार 1 सय 66 रुपैया संशोधित अनुमान गरिएको छ।

**८.निष्कर्ष :-**

यो प्रतिवेदन नगरपालिकाले विगतमा गरेको आन्तरिक आय अनुमानको आधारमा आय संकलन तथा कर संकलनमा हालसम्म देखिएका सवल पक्ष र कमजोर पक्षहरु तथा अन्य छिमेकी गाउँपालिका तथा नगरपलिकाले अवलम्बन गरेका दरहरु र हालसम्म संकलन गरेका राजस्वका शिर्षकबाहेकका सम्भावित अन्य शिर्षकहरुको अध्ययन र विश्लेषणको आधारमा तयार गिरएको छ। अध्ययनको आधारमा राजस्व अनुमान र संकलन बीच तालमेल मिलाउन खोजिएको तथा नगरपालिकाले करको दायरा बढाउनको लागि सम्भावित शिर्षकहरुको समेत पहिचान गरी पेश गरिएको छ । नगरपालिकाले आवश्यक ठानेमा विषय विज्ञ समेतको सुझाव लिई आन्तरिक आय बृद्धिको कार्य अगाडी बढाउन पनि सक्ने देखिन्छ ।उल्लिखित विवरणहरुको आधारमा पेश भएका सुझावहरुको कार्यान्वयन संगै करका दरमा समय अनुसार परिवर्तन छुट तथा थपघट गरी सुधार गर्दै जाने र करका दायरा फराकिलो पार्दै गएमा आगामी दिनमा राजस्व बृद्धि गरी नगरपालिकाले लिएको लक्ष्य हासिल गर्न सकिने कुरामा विश्वास गर्न सकिन्छ।

**धन्यवाद !**

**प्रतिवेदक:**

**फमलाल निउरे**

**नगर उप-प्रमुख(संयोजक -राजस्व परामर्श समिति )**

**विक्रम संवत् २०८२ साल असार ५ गते, बिहीवार**

**नेपाल संवत् १४४५ तछलागा:८, बिहीवार**

# गलकोट नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय, गलकोट, बागलुङ

गण्डकी प्रदेश, नेपाल

# न्यायिक समितिको प्रतिवेदन, २०८३

**यस नगरसभाका सम्माननीय अध्यक्षज्यू ,**
**नगर सभा सदस्यज्यूहरु ,**
**प्रमुख प्रशासकीय अधिकृतज्यू,**
**र अन्य सभामा उपस्थित महानुभावहरु ,**

नेपालको संविधानको धारा २१७ व्यवस्था बमोजिम यस गलकोट नगरपालिकामा वि. सं. २०७९ सालको स्थानीय तहको निर्वाचन पश्चात मेरो संयोजकत्वमा खिम बहादुर साहनी सदस्य र लोकनाथ कँडेल सदस्य रहनुभएको न्यायिक समितिको गठन भई क्रियासिल रहृदै आएको छ । स्थानीय सरकार सञ्चालन ऐन , २०७४ को दफा ५३ को उपदफा २ को ब्यवस्था अनुसार नगरपालिकाको न्यायिक समितिको संयोजक मार्फत न्यायिक समितिको प्रतिवेदन नगर सभामा पेश गर्नु पर्ने कानूनी प्रावधान मुताविक आज आयोजित यस गरिमामय नगर सभामा न्यायिक समितिको प्रतिवेदन प्रस्तुत गर्न पाउँदा म गौरवान्वित भएको छु । चालु आर्थिक वर्ष २०८२/०८३ मा गलकोट नगरपालिकाको स्थानीय न्यायिक समितिबाट भए गरेका मुख्य मुख्य कार्य विवरण र न्यायिक समितिको भावी कार्यदिशा समेतलाई समेटेर यो न्यायिक समितिको प्रतिवेदन पेश गर्न गइरहेको छु ।

१. आर्थिक वर्ष २०८२/०८३ को न्यायिक समितिको वार्षिक कार्य प्रगति विवरण

**क) न्यायिक समितिको वैठक**

आर्थिक वर्ष २०८२/०८३ मा गलकोट नगरपालिकाको न्यायिक समिति को १६ वटा औपचारिक वैठकहरु सम्पन्न भएका छन ।

**ख) विवाद निरुपणको लागी इजलास बैठक**

आर्थिक वर्ष २०८२/०८३ मा न्यायिक समितिमा स्थानीय सरकार सञ्चालन ऐन , २०७४ को दफा ४७ को उपदफा १ बमोजिम परेका न्यायिक समितिबाट निर्णय गर्ने सम्वन्धी निवेदनहरुको निरुपण गर्न न्यायिक समितिमा पाँच वटा इजलास वैठक बसी विवादको निरुपण (निर्णय /फैसला) गरिएका छन ।

**ग ) न्यायिक समितिको रोहवरमा मिलापत्रको लागि छलफल**

आ. व. २०८२/०८३ मा स्थानीय सरकार सञ्चालन ऐन , २०७४ को दफा ४७ को उपदफा २ बमोजिमका विवादहरु मध्यका विवादहरुलाई न्यायिक समितिको रोहवरमा १० वटा औपचारिक छलफल आयोजना गरि अधिकांश छलफलमा पक्ष विपक्षी विच मिलापत्र गरि विवाद टुङ्ग्याइएका छन ।

**घ) गलकोट नगरपालिका न्यायिक समितिमा दर्ता भएका निवेदनहरुको तथ्याङ्कीय अवस्था**

- यस आ. व. २०८२/८३ को हाल सम्म स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४७ को उपदफा १ अनुसारको न्यायिक समितिले निरुपण गर्ने प्रकृतिका ६ वटा निवेदन मध्य ५ वटा न्यायिक समितिको इजलासबाट फैसला भइसकेका छन भने स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ४७ को उपदफा २ बमोजिम मिलापत्र र मेलमिलापबाट समाधान गर्नु पर्ने २४ वटा निवेदन मध्य ६ वटा निवेदनहरु गलकोट नगरपालिका न्यायिक समितिको रोहवरमा पक्ष विपक्षी विच मिलापत्र गरि टुङ्ग्याइएका छन ।
- १२ वटा निवेदनहरु पक्ष विपक्षीको तर्फबाट मेलमिलापकर्ता नियुक्ति गरि मेलमिलापको प्रक्रियामा रहेका छन ।
- ५ वटा निवेदनहरु निवेदक र विपक्षीले तारेख टुटाइ न्यायिक समितिमा सम्पर्क विहिन भएको र निवेदकले निवेदनफिर्ता लिएकोले न्यायिक समितिबाट ति निवेदनको बारेमा कानून बमोजिम उपयुक्त आदेश जारी गरि सकिएको छ । बाँकी ३ वटा निवेदनहरु छलफल र मेलमिलापको प्रक्रियामा रहेका छन ।१ वटा निवेदनको न्यायिक समितिको इजलासबाट निर्णय हुन बाँकी रहेको छ ।
- आ. व. २०८२/०८३ मा २७ वटा निवेदन दर्ता भएकोमा ४ वटा निवेदन गत वर्षबाट दायित्व सरि आएकोमा जम्मा ३१ वटा निवेदन न्यायिक समितिमा दर्ता भएका छन ।
- त्यसरी गलकोट नगरपालिका न्यायिक समितिमा आ. व. २०८२/०८३ मा हाल सम्म हाल सम्म दर्ता भएका जम्मा ३१ वटा निवेदन मध्य आली धुर बाँध पैनी कुलो वा पानी घाटको व्यवस्थापन सम्वन्धी १ वटा, वार्षिक २५ लाख रुपैंया सम्मको घर बहाल सम्वन्धी १ वटा, ज्याला मजुरी नदिएको १ वटा विगो भएको, अन्य व्यक्तिको घर जग्गालाई रुख विरुवा रोपी असर पुर्याएको ४ वटा , सरकारी सार्वजनिक वा सामुदायिक बाहेकको एकको हकको जग्गा अर्कोले चापी मिचि घुसाइ खाएको बारेको १ वटा , अङ्ग भङ्ग बाहेकको बढीमा एक वर्ष सम्म कैद सजाय हुने कुटपिट सम्वन्धी १ वटा, सम्वन्ध विच्छेद / पारिवारिक मेलमिलाप सम्वन्धी सम्वन्धी ५ वटा र प्रचलित कानून बमोजिम मेलमिलाप हुन सक्ने व्यक्ति वादी भई दायर हुने अन्य देवानी र एक वर्ष सम्म कैंद हुने सक्ने फौजदारी सम्वन्धी १६ वटा निवेदनहरु रहेका छन।

**ङ ) मेलमिलाकर्ताको सूचिकरण र तालिम सञ्चालन**

गलकोट नगरपालिका स्थानीय न्यायिक समितिले प्रत्यक वर्ष मेलमिलाप कर्ताहरुलाई सूचिकृत गर्दै आइरहेकोमा यस आ. व. २०८२/०८३ मा ४९ जना मेलमिलापकर्ताहरु सूचिकृत गरिएका छन । मेलमिलापकर्ताहरुको कार्य क्षमता अभिवृद्धि गर्नको लागी आवश्यकता अनुसार मेलमिलापकर्ताहरुलाई मेलमिलाप सम्वन्धी ४८ घन्टे मेलमिलाप सम्वन्धी तालिम र प्रशिक्षण प्रदान गरिदै आइएको छ ।

**च) न्यायिक समितिको कार्यक्रम सञ्चालन**

- आ. व. २०८२/०८३ मा मेमिलापकर्ताहरुको वार्षिक समीक्षा बैठक र स्व-मूल्याङ्कन तालिम कार्यक्रम सम्पन्न गरिएको छ ।
- गलकोट नगरपालिकाका ८ स्थानमा एकल र संयुक्त वडा स्तरीय न्याय तथा कानून सम्वन्धी गुनासो व्यवस्थापन सम्वन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको छ ।

**छ) कानूनी परामर्श र कानूनी लिखतहरु तयार गर्न सहायता**

गलकोट नगरपालिका न्यायिक समितिले हाल सेवाग्राहीहरुलाई नि:शुल्क कानूनी परामर्श र कानूनी लिखतहरु

तयार गर्न नि:शुल्क रुपमा सहायता प्रदान गर्दै आइरहेको छ ।

**ज) न्यायिक समिति र मेमिलाप सम्वन्धी ऐन र नियमावली निर्माण**

यस आ. व. मा गलकोट नगरपालिका न्यायिक समिति कार्यविधि सम्वन्धी पहिलो संशोधन ऐन र गलकोट नगरपालिका मेलमिलाप सम्वन्धी ऐन पारित भएका छन भने गलकोट नगरपालिका न्यायिक समिति कार्यविधी सम्वन्धी नियमावली र गलकोट नगपालिका मेलमिलाप सम्वन्धी नियमावली निकट भविष्यमै निर्माण हुने क्रममा रहेका छन ।

**२. आगामी आर्थिक वर्षको लागि समितिका कार्ययोजनाहरु**

- समितिको वैठक कम्तिमा एक पटक मासिक रुपमा बस्ने र आवश्यकता अनुसार मासिक एक भन्दा बढी पटक बस्ने ।
- आगामी आर्थीक वर्षमा दर्ता हुने निवेदनहरुलाई आगामी आर्थीक वर्ष को अन्त्य सम्ममा फछ्र्यौट गरिसक्ने ।
- निवेदनको संख्याको आधारमा नियमित रुपमा इजलास वैठक र मेलमिलाप हुने विवादहरुलाई मेलमिलापकर्ता मार्फत मेलमिलाप गराउने ।
- मेमिलापकर्ताको क्षमता अभिवृद्धि गर्न वडा स्तरमै मेलमिलाप सम्वन्धी पुनर्ताजगी तालिम र मेलमिलाप सम्वन्धी सैद्धान्तिक र व्यवहारिक प्रशिक्षण कार्यक्रम आयोजना गर्ने ।
- न्यायिक समितिको काम कर्तव्य र अधिकारबारे जनस्तरमा सु-सुचित गर्न वडा स्तरीय न्यायिक सचेतना कार्यक्रम आयोजना गर्ने ।

**३ . न्यायिक समितिको कार्यसम्पादनमा देखिएका समस्या र चुनौतिहरु**

गलकोट नगरपालिकामा गण्डकी प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयले यस नगरपालिका संगको साझेदारीमा एक स्थानीय न्यायिक सहजकर्ता खटाइएकाले न्यायिक समितिको दैनिक प्रशासनिक र नियमित कार्य सम्पादन गर्न सहजता हुँदै आएको छ । तथापि गलकोट नगरपालिका न्यायिक समितिमा कतिपय विवाद का पक्षहरु न्यायिक समितिको न्यायिक प्रक्रियाको क्रममा समितिको सम्पर्कमा नरहने, समस्या (विशेषत : विदेश र अर्को जिल्लाको पक्ष भएमा) , निर्धारित समयावधि भित्र समितिमा प्रति उत्तर नपर्ने समस्या , मेलमिलाप सम्वन्धी विवादका पक्षहरु असल नियत नरहेमा मिलापत्र गरि टुङ्ग्याउन समस्या , न्यायिक समितिबाट निर्णय या मिलापत्र र मेलमिलाप कर्ताबाट मेलमिलाप गरि टुङ्ग्याइएका विवादहरुको फैसला र मिलापत्र लिखत पक्षहरबाट कार्यान्वयन नहुने समस्या, नगपालिकाको प्रशासनिक भवन निर्माणाधिन भएकाले छुट्टै इजलास कक्षको प्रवन्ध नहुनु, सवै वडाहरुमा मेलमिलाप सम्वन्धी ऐन र कानून अनुरुप मेलमिलाप केन्द्रहरु स्थापना गर्न बाँकी रहनु , कतिपय वडाहरुमा मेलमिलाप केन्द्रको छुट्टै कार्यालयको व्यवस्थापन नहुनु , कतिपय वडामा मेलमिलाप केन्द्रको फर्निचरको अभाव रहनु आदी जस्ता समस्याहरु विद्यमान रहेका देखिन्छन ।

**४. सुझावहरु :**

- न्यायिक समितिबाट निष्पक्ष र पारदर्शी रुपमा न्याय सम्पादन गरिनुपर्ने ।
- न्यायिक समितिको न्याय सम्पादनलाई थप प्रभावकारी तुल्याउन छुट्टै इजलास र छलफल कक्षको व्यवस्थापन गरिनुपर्ने ।
- नगरपालिकाका सम्पूर्ण वडाहरुमा मेलमिलाप केन्द्रहरु गठन भई क्रियासिल रहेकोमा ति केन्द्रहरुलाई थप व्यवस्थापन गरि कार्य सम्पादनलाई प्रभावकारी तुल्याउनु पर्ने ।
- मेलमिलापकर्ताहरुको सैद्धान्तिक र व्यवहारिक क्षमता अभिवृद्धि गरिनुपर्ने ।

- न्यायिक समितिबाट प्रदान गरिने न्यायिक सेवाको सम्वन्धमा आम जनमानसमा व्यापक प्रचार प्रसार गरिनुपर्ने ।

**५. निष्कर्ष :**

राज्यले अवलम्वन गरेको नीति र संवैधानिक प्रावधान अनुरुप स्थानीय तहमा स-साना विवादहरु मेलमिलापको माध्यमबाट समाधान गर्न न्यायिक समिति क्रियासिल रहंदै आएको छ । मेलमिलापको माध्यमबाट स्थानीय तहमा नै दक्ष र योग्य मेलमिलापकर्ताहरुको सहजिकरणमा छिटो छरितो र कम खर्चमा विवाद निरुपण हुन सक्छ भन्ने जानकारीको अभाव र कतिपय अवस्थामा मेलमिलाप संयन्त्रको प्रभावकारिताको बारेको अनभिज्ञताले स्थानीय तहमा न्यायिक समितिको क्षेत्राधिकार अन्तर्गत पर्ने विवाद समेत प्रहरी प्रशासन तथा अन्य अदालती न्यायिक निकायमा लिएर जाने प्रवृतिको समेत विद्यमानता समेत यदाकदा देखिदैं आएकोमा यस गलकोट नगरपालिकाको न्यायिक समितिबाट आम नागरिक खास गरि विपन्न र सीमान्तकृत वर्ग र समुदायलाई समेत न्यायमा सहज र सरल पहुँच स्थापित गर्न मेरो नेतृत्वको न्यायिक समिति प्रतिवद्ध रहेको पुन: स्मरण गराउँदै गलकोट नगरपालिकाको न्यायिक समितिको कार्य सम्पादनमा सहयोग पुर्याउनुहुने यस नगरपालिकाको नगर कार्यपालिकाका पदाधिकारी एवम सदस्यज्यूहरु, सम्पूर्ण वडाका वडा अध्यक्षज्यूहरु, न्यायिक समितिका सदस्यज्यूहरु, वडा सदस्यज्यूहरु, मेलमिलापकर्ताज्यूहर , प्रमुख प्रशासकीय अधिकृत ज्यू, सम्पूर्ण राष्ट्र सेवक कर्मचारीज्यूहरु, न्यायिक सहजकर्ता लगाएत सम्पूर्ण नगरवासी आमा, बुवा , दिदी बहिनी तथा दाजु भाइहरुमा आगामी दिनहरुमा समेत न्यायिक समितिको कार्य सम्पादनमा विगतमा झैं साथ र सहयोग प्रदान गर्नुहुनेछ भन्ने अपेक्षा राख्दै यो प्रतिवेदन सम्मानित सभा समक्ष पेश गर्दछु ।

**धन्यवाद !**

**फमलाल निउरे**
**संयोजक**
**स्थानीय न्यायिक समिति**
**मिति: २०८२/०३/०५**

# गलकोट नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय, गलकोट, बागलुङ

गण्डकी प्रदेश, नेपाल

## गलकोट नगरपालिका लेखा समितिको प्रतिवेदन -२०८३

**नगरसभाका अध्यक्षज्यू,**
**नगर उप-प्रमुख ज्यू,**
**प्रमुख प्रशासकीय अधिकृतज्यू,**
**सम्पूर्ण नगरसभा सदस्य ज्यूहरु लगायत सभामा उपस्थित सम्पूर्ण महानुभावहरु,**

**सभाध्यक्षज्यूको अनुमतिले अब म गलकोट नगरपालिकाको लेखा समितिको बार्षिक प्रतिवेदन -२०८३ सम्मानित सभासमक्ष प्रस्तुत गर्दछु ।**

- कानुनी आधार: नेपालको संविधानको अनुसूची-८, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र गण्डकी प्रदेश स्थानीय तहको सभा सञ्चालन ऐन, २०७५ को भावना अनुरूप गलकोट नगरपालिकामा यो लेखा समिति गठन भएको हो।
- मुख्य उद्देश्य: कार्यपालिकालाई नगरसभाप्रति जवाफदेही बनाउन, स्थानीय विकासका कार्यहरूको अनुगमन गर्न र सुशासन कायम गर्नु समितिको मुख्य ध्येय रहेको छ।
- प्रतिवेदन प्रस्तुती: समितिले आफ्नो कार्यक्षेत्र भित्र रही सम्पादन गरेका कार्यहरू नगरसभामा पेस गर्नुपर्ने कानुनी व्यवस्था बमोजिम चालू आर्थिक वर्ष २०८२/०८३ को संक्षिप्त प्रगति प्रतिवेदन यस गरिमामय सभा समक्ष सादर प्रस्तुत गर्दछु ।

**लेखा समितिले हालसम्म गरेका कार्यहरू:**

हालेखा परिक्षेक कार्यालयको २०८०/८१ को साथै त्यस भन्दा अघिल्लो आ.व.का प्रतिवेदन अध्ययन गरी तपसिलमा उल्लेखित आ.व., दफा, बेरुजु शीर्षक र रकमको अनियमित भएको बेरुजु नियमित गर्नका लागि नगरसभाको हिउँदे अधिवेशनमा पेश गरिएको।

**तपसिल**

| क्र.सं. | आर्थिक वर्ष | दफा नं. | बेरुजु शीर्षक | रकम रु. |
|---|---|---|---|---|
| १ | २०७९/८० | ६० | असम्बन्धित कार्यमा खर्च- विद्यार्थीहरुले खाना खाएको | १,००,०००।- |
| २ | २०८०/८१ | १९.३ | कागजात पेश नगरी तथा अनुगमन नगरी गौमुखी सहकारी संस्थालाई दिएको अनुदान | ३,३६,११५।- |
| ३ | २०८०।८१ | २८.२ | जेष्ठ नागरिक सम्मान कार्यक्रम | ८,००,०००।- |

- महालेखापरिक्षकको कार्यालयले दिएको आ.व २०८१।०८२ को गलकोट नगरपालिकाको बार्षिक प्रतिवेदनमा औंल्याएका बेरुजु दफा नं २६.३ मा रहेको कृषि तर्फको उत्पादनमा आधारित अनुदान कार्यक्रमको नियमित गर्नुपर्ने बेरुजु रकम रू. ४ लाख ९५ हजार रुपैंया नियमित गर्न नगरसभामा पेश गरिएको।

- लेखा समितिको कार्यसंचालन कार्यबिधि-२०८२ तयार गरी लागू गरिएको छ । आन्तरिक लेखापरिक्षण र महालेखा परीक्षक कार्यालयले दिएका सुझाव र वेरुजु औल्याउदै आएको विषयमा सुधारकाका लागि निरन्तर सुझाव र निर्देशन दिदै आएको र कार्यालयका कमजोरी र नागरीकका गुनासो सँग जोडिएका विषयमा समय समयमा ध्यानाआकर्षण गराउंदै आएको छ ।

**सबल पक्ष :**

१. स्थानीय निर्वाचनपश्चात् "सिंहदरबारको अधिकार घर-घरमा" पुर्‍याउने संकल्पका साथ जनआवाजको कदर गर्दै सेवा सुविधालाई छिटो-छरितो, सरल र सहज बनाउन जनप्रतिनिधिहरू निरन्तर प्रयत्नशील रहेको।

२. आर्थिक व्यवस्थापनलाई पारदर्शी बनाउन कम्प्युटर सफ्टवेयरको प्रयोग गरिएको, राजस्व चुहावट रोक्न राजस्व संकलन सफ्टवेयर लागू गरिएको र नगरपालिकाको भुक्तानी प्रणालीलाई पूर्ण रूपमा 'इ.एफ.टी.' (EFT) मार्फत सुनिश्चित गरिएको।

३. विकास निर्माण तथा योजनाहरूको अनुगमन र मूल्याङ्कनलाई थप प्रभावकारी बनाउन 'अनुगमन प्रतिवेदन' लाई अनिवार्य गरिएको साथै बलियो आर्थिक नियन्त्रणका लागि 'आन्तरिक नियन्त्रण प्रणाली' निर्माण गरी कार्यान्वयनमा ल्याइएको।

४. आन्तरिक आय वृद्धि र दिगो आर्थिक विकासका लागि राजस्व प्रक्षेपण तथा राजस्व सुधार योजनाले दिएका रचनात्मक सुझावहरूलाई नीतिगत रूपमा ग्रहण गरिएको।

५. नगरपालिका स्थापना कालदेखि हालसम्म समग्र बागलुङ जिल्लामै सबैभन्दा न्यून बेरुजू कायम राख्न सफल भएको र बाँकी रहेको बेरुजू फर्स्योट (सम्परीक्षण) का लागि कार्यालय सक्रिय रूपमा अगाडि बढेको।

६. नगरपालिकामा कार्यरत कर्मचारीहरुको ई- हाजिरी प्रणालीलाई व्यवस्थित गरी कार्यालयमा समयपालना, नियमितता र भ्रमण काज लगायतका विषयलाई व्यवस्थित गरिएको छ ।

**सुधार गर्नुपर्ने पक्ष :**

- नगरपालिकाको आफ्नै केन्द्रीय भवन नहुँदा शाखाहरू छरिएका छन्, जसले गर्दा प्रशासनिक समन्वय कमजोर भएको छ भने सेवाग्राहीले सेवा लिन प्रशासनिक सास्ती र समयको बर्बादी बेहोर्नुपरेको छ ।
- बजेट निर्माण प्रक्रिया तथ्यपरक र वैज्ञानिक नहुँदा प्राथमिकताका आयोजनाहरू छुट्ने गरेका छन्, जसको प्रत्यक्ष असर तोकिएको लक्ष्यअनुसार पुँजीगत बजेट खर्च हुन नसक्नुमा देखिएको छ।
- आर्थिक विकास र रोजगारी सिर्जना गर्ने उत्पादनशील क्षेत्रमा पर्याप्त बजेट विनियोजन हुन सकेको छैन भने आन्तरिक राजस्वका नयाँ स्रोतहरूको खोजी र परिचालन नहुँदा पालिका आत्मनिर्भरतातर्फ अघि बढ्न सकेको छैन।
- आवश्यक विज्ञताको अभावमा खरिद योजनाहरू प्रभावकारी रूपमा कार्यान्वयन हुन सकेका छैनन्, जसले गर्दा वडा र शाखा तहसम्मै खरिद कार्य व्यवस्थित र सङ्गठित हुन सकेको छैन।
- नगरपालिकामा गठन भएको विभिन्न विषयगत समितिको कार्यलाई व्यवस्थित र प्रभावकारी नभएकोले बजेटमा विनियोजन कुशलता र कार्यान्वयन दक्षता कमजोर रहेको देखिन्छ ।

**सभाका अध्यक्ष ज्यू,**

**नगरसभाका सम्पुर्ण सदस्य ज्यूहरु,**

उल्लिखित समस्या समाधान गरी समग्र नगरपालिकाको सेवा प्रवाह र विकास निर्माणको कार्यमा सुधार गरी प्रभावकारीता वृद्धि गर्न देहाय बमोजिमका उपायहरु प्रस्तुत गरिएको छ ।

- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४ बमोजिम कार्यालयले आयोजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दिर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट विनियोजन गर्दा दिर्घकालीन उपलब्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला, मझौला र दिर्घकालीन महत्वका आयोजना छनौटलाई प्राथमिकतामा राख्नुपर्दछ ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ । यसै गरी सार्वजनिक खरिद नियमावलीमा २०६४ को नियम ८५ मा एकै पटक वा पटक पटक गरी रू. १० लाख भन्दा बढिको सोझै खरिद गर्न नहुने व्यवस्था छ तसर्थ कार्यालयले एकमुष्ट खरिदलाई जोड दिई टुक्रे खरिद गर्ने कार्यलाई नियन्त्रण गर्नुपर्ने देखिन्छ ।
- आन्तरिक आयका स्रोतहरू खोजि गरी राजश्व वृद्धि संगै उत्पादनशिल बजेट निर्माणमा प्राथमिकता दिनुपर्दछ ।
- नगरपालिकाले योजना तर्जुमा गर्दा स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ को पूर्ण पालना गरी तर्जुमा गर्नुपर्दछ ।
- खरिद योजनालाई प्रभावकारी बनाई वित्तीय क्रियाकलाप र वित्तीय अनुशासन पूर्ण रूपमा कार्यान्वयन गर्नुपर्दछ ।
- कार्यालयको सेवा प्रवाहलाई चुस्त दुरूस्त बनाई सेवा प्रवाहको सन्दर्भमा हुन सक्ने अनियमितता, कार्यालयका कार्यक्रम कार्यान्वयनको अवस्था, नियमितता, पार्दशिता प्रति कार्यालय जवाफदेही हुनुपर्दछ ।
- नगरपालिकामा नागरिक वडापत्र अद्यावधिक गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्ने ।
- नगरपालिकामा गठन भएको विभिन्न विषयगत समितिको कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउनुपर्ने ।

**अन्त्यमा,**

प्रचलित कानुनको पालना गराई गलकोट नगरपालिकालाई जनमुखी, पारदर्शी र सुशासित बनाउन नगरसभाद्वारा गठित लेखा समितिको कार्यअनुभवका आधारमा यो प्रतिवेदन तयार पारिएको हो । प्रतिवेदनका सकारात्मक पक्षहरूलाई आत्मसात गर्दै आगामी दिनमा अन्य विषयगत समिति र उपसमितिहरू गठन गरी आन्तरिक नियन्त्रण प्रणालीलाई थप मजबुत बनाउनुपर्ने देखिन्छ। सबै मिलि नगरपालिकाको कामकारबाहीलाई थप व्यवस्थित र प्रभावकारी बनाउँदै आम नगरबासीको हित, कल्याण र सेवा प्रवाहमा केन्द्रित हुनु आवश्यक छ।

**धन्यबाद !**

**प्रतिवेदक**
**राम प्रसाद बि.क.**
**लेखा समिति संयोजक**
**गलकोट नगरपालिका,बागलुङ**

# गलकोट नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय, गलकोट, बागलुङ

गण्डकी प्रदेश, नेपाल

## गलकोट नगरपालिका सुशासन समितिको प्रतिवेदन -२०८३

**नगरसभाका अध्यक्ष ज्यू,**

**नगर उप-प्रमुखज्यू**

**नगरसभा सचिवज्यू,**

**सम्पूर्ण नगरसभा सदस्य ज्यूहरु,**

नेपालको संविधानको अनुसूची-८, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ र परिच्छेद ५ को दफा २२ तथा गण्डकी प्रदेश स्थानीय तहको सभा सञ्चालन ऐन, २०७५ को दफा ३५ मा भएको कानुनी व्यवस्थाको अधीनमा रही गलकोट नगरपालिकाको नगर सभाबाट यो सुशासन समिति गठन भएको हो । कार्यपालिकालाई सभाप्रति उत्तरदायी बनाउन, कानुन निर्माण प्रक्रियालाई व्यवस्थित गर्न र कार्यपालिकाका काम-कारबाहीको अनुगमन तथा मूल्याङ्कन गर्ने कानुनी आधार यस समितिलाई रहेको छ । उक्त कानुनी व्यवस्थाको कार्यान्वयन गरी जनमुखी सेवामुखी, जनउत्तरदायी र पारदर्शी तुल्याई सुशासन कायम गर्ने जिम्मेवारी सहित गलकोट नगरपालिकाको नगरसभाबाट सुशासन समिति गठन गरी आफ्नो अधिकार क्षेत्रभित्रको कार्य सम्पादन गर्ने प्रयास गरिरहेको छ । गलकोट नगरपालिकाको १९ औँ नगर सभामा विधायन समितिको संयोजकको हैसियतले प्रगति प्रतिवेदन पेश गर्न अनुमति चाहन्छु ।

**सुशासन समितिले हालसम्म गरेका कार्यहरू:**

- गलकोट नगरपालिका नगरसभाको १३ औँ अधिवेशनबाट सुशासन समिति गठन भएपछि समय समयमा समितिको बैठक बसी समितिले काम गर्दै आएको व्यहोरा अनुरोध गर्दछु ।
- नगरपालिकाले आफ्नो कामलाई पारदर्शी, मितव्ययी, नियमित र दक्षतापूर्वक सम्पन्न गरी वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका, २०७९, कार्य सञ्चालन निर्देशिका २०७९, फिल्ड भत्ता सम्बन्धी कार्यविधि-२०८१, जारी गरी कार्यान्वयनमा ल्याएको छ ।

**सुशासन समितिको काम, कर्तव्य र अधिकार:**

- नगरपालिकाको कामको प्रकृति अनुरूप आन्तरिक नियन्त्रणको वातावरण, जोखिम क्षेत्रको पहिचान, नियन्त्रणको गतिविधि, सूचनाको आदानप्रदान, अनुगमन तथा मूल्याङ्कन जस्ता विषयलाई समावेश गरी देहाय बमोजिमको कार्यहरूको अनुगमन तथा मूल्याङ्कन गरी सभा समक्ष प्रतिवेदन पेश गर्ने जिम्मेवारी सुशासन समितिलाई प्रदान गरिएको छ ।
- नगरपालिकाका महाशाखा, शाखा तथा अन्तर्गतका निकायहरूको सेवा प्रवाह, कानुनको परिपालना र कार्यविधिको प्रयोगको समग्र मूल्याङ्कन गरी शासन व्यवस्थालाई प्रभावकारी बनाउन आवश्यक निर्देशन दिने ।
- संघीय र प्रदेश सरकारका सुशासन सम्बन्धी कानुन, नीति, निर्देशन, मापदण्ड र सर्तहरूको पालना तथा प्रतिफलको विश्लेषण गरी नगरपालिकालाई आवश्यक निर्देशन दिने ।
- नगरपालिकाको समग्र शासकीय क्रियाकलाप, सेवाको गुणस्तर, दिगोपना, लागत र सेवा शुल्कका बारेमा निरन्तर

अध्ययन, विश्लेषण र मूल्याङ्कन गरी आवश्यक निर्देशन दिने ।

- स्थानीय शासनमा समावेशीकरण, गुणात्मक सहभागिता, निष्पक्ष न्याय, र नागरिकका माग तथा आवाज सम्बोधनको स्थितिको समीक्षा गरी सुधारका लागि कार्यपालिकामा लेखी पठाउने ।
- नगरपालिका र वडा कार्यालयहरू बीचको कार्य विभाजन, अधिकार प्रत्यायोजन, कार्य व्यवस्था र वडा व्यवस्थापनको अन्तरसम्बन्ध अध्ययन गरी आवश्यक निर्देशन दिने ।
- नगरपालिका र वडा कार्यालयहरूबाट प्रवाह हुने सेवा, सिफारिस र सामाजिक विकासका कार्यहरूका सम्बन्धमा प्राप्त उजुरीहरूमाथि अध्ययन गरी आवश्यक सुझाव तथा निर्देशन दिने ।
- नगरपालिकाको एकल, साझा तथा संघ र प्रदेशबाट प्रत्यायोजित अधिकारहरूको छुट्टाछुट्टै समीक्षा गरी नगर विकास एवम् सेवा प्रवाहमा सुधारका लागि उपयुक्त सुझाव दिने ।
- कार्य सम्पादनमा पारदर्शिता, खुल्लापन, सूचनामा पहुँच, नागरिक बडापत्रको कार्यान्वयन, र नगरपालिकाप्रति नागरिकको सन्तुष्टि तथा जवाफदेहिताको मूल्याङ्कन गरी सुझाव दिने ।
- सामाजिक सशक्तीकरण, सामुदायिक शासन, नागरिकको सार्थक सहभागिता, र विकास व्यवस्थापनको दक्षता एवं प्रभावकारिताको अध्ययन र मूल्याङ्कन गरी आवश्यक निर्देशन दिने ।
- नगरभित्र आधारभूत सेवाको स्थिति, गुणस्तर, सामाजिक सुरक्षा, रोजगारी, र आय-आर्जन तथा वितरणको अवस्था विश्लेषण गरी सुधारका लागि सुझाव दिने ।
- नगरपालिकाका निर्वाचित पदाधिकारी तथा कर्मचारीहरूको आचार संहिता पालनाको नियमित अवलोकन र अनुगमन गरी नगर सभामा प्रतिवेदन पेश गर्ने ।
- नगरपालिकाका नीति, कार्ययोजना, घोषणा र प्रतिबद्धताको कार्यान्वयन स्थितिको मूल्याङ्कन गर्नुका साथै सामाजिक न्याय, शान्ति सुरक्षा र अमनचैनको समीक्षा गरी निर्देशन दिने ।
- नगरपालिकाको संस्थागत क्षमता, दिगो विकासका लक्ष्यहरू (SDGs) को कार्यान्वयन, वातावरण व्यवस्थापन, जलवायु अनुकूलन र विपद् व्यवस्थापनको स्थिति मूल्याङ्कन गरी आवश्यक सुझाव दिने ।
- नगरपालिकाको राजस्व संकलन र सेवा प्रवाह बीचको आबद्धताको मूल्याङ्कन गर्ने तथा सेवा प्रवाहमा मितव्ययी र वैकल्पिक आयामहरू अपनाउन उपयुक्त सुझाव दिने ।
- समितिको कार्यअनुभव र अनुकरणीय कार्यहरू छिमेकी पालिका तथा सभाका अन्य समितिहरूसँग आदानप्रदान र सहकार्य गर्ने, र नगर सभाले तोकेका सुशासन सम्बन्धी अन्य कार्यहरू गर्ने/गराउने ।
- उक्त कार्यजिम्मेवारी अनुसार समितिको बैठक बसी गरेको प्रारम्भिक अध्ययन र अनुगमनका आधारमा देखिएका विषयहरू देहाय बमोजिम प्रस्तुत गरिएको छ ।
- नगरपालिकाको सङ्गठन तथा व्यवस्थापन (O&M) सर्वेक्षण स्वीकृत भइसकेको सन्दर्भमा, कार्यालयका सम्पूर्ण पदहरूको काम, कर्तव्य, उत्तरदायित्व र अधिकार स्पष्ट भएको कार्यविवरण (JD) केही कर्मचारीमा मात्र भएकोमा शतप्रतिशत कर्मचारीहरूलाई अनिवार्य रूपमा उपलब्ध गराउने र कार्यसम्पादनलाई नतिजामुखी बनाउने ।
- नगरपालिका, वडा कार्यालय तथा स्वास्थ्य संस्थाहरूमा विद्युतीय हाजिरी (E-Attendance) जडान गरी कर्मचारी व्यवस्थापन गर्ने गरिएको भएपनि विद्युतीय हाजिरी प्रणालिलाई कडाइका साथ लागू गरी कर्मचारीलाई जवाफदेही बनाउने । साथै, सबै वडा कार्यालयहरूमा एकरूपता आउने गरी 'विद्युतीय नागरिक बडापत्र' (Digital Citizen Charter) को निर्माण तथा विस्तार गरी सेवाग्राहीको पहुँच बढाउने।

- पहिलो आउनेलाई पहिलो सेवा (First-Come, First-Served) को सिद्धान्त र हेल्प डेस्क/सोधपुछ काउन्टरलाई सुदृढ गर्ने । नगरपालिकाको आधिकारिक वेबसाइटमा ऐन, कानुन, कार्यविधि, बजेट, कार्यपालिकाका निर्णय तथा प्रगति प्रतिवेदनहरू आंशिक रुपमा मात्र अद्यावधिक हुने गरेकोले त्यस्ता विषयहरु तोकिएको समयमानै अनिवार्य रूपमा अद्यावधिक गरी नागरिकको सूचनाको हक सुनिश्चित गर्ने।
- न्यायिक समिति मार्फत हुने न्याय निरूपणका कार्यहरूलाई तोकिएको अवधिभित्रै सम्पादन गर्न न्यायिक इजलासलाई प्रभावकारी बनाउने। सामाजिक सुरक्षा भत्ता वितरण प्रणालीलाई बैंकिङ माध्यमबाट भएको अवस्थामा अझ पारदर्शी, समयबद्ध र गुनासोरहित बनाउने ।
- नगरपालिका क्षेत्रभित्र भवन निर्माण गर्दा घर नक्सा पास प्रक्रियालाई अनिवार्य र कानुनसम्मत बनाउने। नक्सा पासका लागि लाग्ने समय सीमा (Time Bound) निर्धारण गरी सोको कडाइका साथ पालना गराउने।
- प्रमुख प्रशासकीय अधिकृत वा तोकिएको अधिकारीबाट कार्यालय र अन्तर्गतका निकायहरूको वर्षमा कम्तीमा एक पटक गरिने निरीक्षण कार्यलाई नतिजामुखी बनाउने। संकलित राजस्व रकम सबै वडा कार्यालयहरूले तोकिएको समयभित्रै अनिवार्य रूपमा बैंक दाखिला गर्ने प्रणालीलाई पूर्ण रूपमा लागू गर्ने।
- विकास योजनाहरूको बजेट तथा कार्यक्रम तर्जुमा गर्दा योजनाहरूको वस्तुनिष्ठ प्राथमिकीकरण गर्ने। योजना छनोटको प्रारम्भिक चरणदेखि नै लक्षित वर्ग, महिला, दलित, अपाङ्गता भएका व्यक्ति र स्थानीय समुदायको सार्थक सहभागिता (Meaningful Participation) सुनिश्चित गर्ने।
- सवारी साधनको इन्धन र मर्मतको लगबुक (Logbook) चुस्त राख्ने, र तालिम/गोष्ठीको लागत अनुमान स्वीकृत गरी प्रतिवेदनका आधारमा मात्र भुक्तानी दिने परिपाटीलाई अझ प्रभावकारी बनाउने।
- खरिद कानुन बमोजिम वार्षिक खरिद योजना (Annual Procurement Plan) स्वीकृत भएको अवस्थामा, सार्वजनिक खरिदलाई थप पारदर्शी र व्यवस्थित बनाउन स्वीकृत खरिद गुरुयोजना (Procurement Master Plan) समेत तयार गरी सोही बमोजिम मात्र खरिद कार्य सञ्चालन गर्ने।
- नगर तथा वडास्तरीय विपद् व्यवस्थापन समितिहरूलाई थप क्रियाशील बनाउने। विपद्को समयमा प्रयोग हुने एम्बुलेन्स र उद्धारका उपकरणहरू उचित मर्मत सम्भार गरी सधैं चालु (Active) हालतमा राख्ने तथा दमकल (वारुणयन्त्र) को क्रमशः व्यवस्थापन गर्दै जाने।
- वर्षमा कम्तीमा एक पटक जिन्सी सामान तथा पुँजीगत सम्पत्तिको भौतिक परीक्षण गराई प्रतिवेदन तयार गर्ने गरिएकोमा प्रतिवेदनमा औल्याईइका विषयहरु आंशिक रुपमा कार्यान्वयन हुँदा सार्वजनिक सम्पत्ति चुस्त रुपमा व्यवस्थिति हुन नसकेको अवस्थामा प्रतिवेदनका विषहरु आवश्यकताको आधारमा कार्यान्वयन गर्ने । नगरपालिका र वडा कार्यालयको स्वामित्वमा रहेका घर, जग्गा, पर्ती, ऐलानी र सार्वजनिक जग्गाहरूको विवरण डिजिटल प्रविधि (GIS) मार्फत अद्यावधिक लगत राखी संरक्षण गर्ने।
- आर्थिक कारोबारको शुद्धताका लागि 'आन्तरिक लेखापरीक्षक' को निरन्तरता कायम गराउने। महालेखा परीक्षकको कार्यालयबाट हुने अन्तिम लेखापरीक्षणका क्रममा औंल्याइएका बेरुजुहरूको लगत अद्यावधिक गरी ३५ दिनभित्रै जबाफ पेश गर्ने तथा बेरुजु फर्स्योटको दरलाई शतप्रतिशत पुर्‍याउन आन्तरिक नियन्त्रण प्रणाली बलियो बनाउने ।

**१. सबल पक्ष :**

- "समृद्ध गलकोट, सुसंस्कृत र सुखी नगरवासी" को दीर्घकालीन सङ्कल्पसहित नीति र बजेटको सफल कार्यान्वयन गरिएको छ। महालेखा परीक्षकको ६३ औँ प्रतिवेदन अनुसार गलकोटको सञ्चित बेरुजू बागलुङ जिल्लाका अन्य

पालिका र देशकै औसत तुलनामा समेत निकै न्यून रही आर्थिक पारदर्शितामा उत्कृष्ट देखिएको छ।

- आर्थिक व्यवस्थापनमा आधुनिक कम्प्युटर सफ्टवेयर (SUTRA) को प्रयोग, सार्वजनिक खरिदमा विद्युतीय प्रणाली (e-GP) को अवलम्बन र सुदृढ 'आन्तरिक नियन्त्रण प्रणाली' को कार्यान्वयनले पालिकाको आर्थिक प्रशासनलाई पारदर्शी, सुरक्षित र त्रुटिरहित बनाउन सहयोग गरेको छ।
- निर्वाचन पछि नगरपालिकामा निर्वाचित जनप्रतिनिधिहरुको व्यवस्था भई सिंहदरबारको आधिकार घर घरमा पुर्याउन जनताका आवाजहरूलाई सेवा सुविधा छिटो छरितो, सरल,सहज बनाउन प्रयत्नशिल भएको देखिन्छ ।
- नगरपालिका, वडा कार्यालय तथा स्वास्थ्य संस्थाहरुमा विद्युतीय हाजिरी (E-Attendance) लाई पूर्ण रुपमा अनिवार्य गरिएको छ। यस प्रणालीलाई कर्मचारीको मासिक तलब-भत्ता भुक्तानी, विद्युतीय हाजिरी र कार्यसम्पादनलाई वार्षिक कार्यसम्पादन मूल्याङ्कन प्रणाली (Performance Evaluation System) सँग प्रत्यक्ष आबद्ध (Link) गरी कार्यान्वयनमा ल्याइएको छ ।

उल्लिखित समस्या समाधानका गरी समग्र नगरपालिकाको सेवा प्रवाह र विकास निर्माणको कार्यमा सुधार गरी प्रभावकारीता वृद्धि गर्न देहाय बमोजिमका उपायहरु प्रस्तुत गरिएको छ ।

**सुधार गर्नुपर्ने पक्ष :**

- माथि उल्लिखित सबै कमीकमजोरीलाई ग्रहण गर्दै तत्काल सुधारको कार्ययोजना बनाई कार्यान्वयन गर्ने ।
- नगरपालिका, अन्तर्गतका वडा कार्यालय/कार्यालयमा स्वीकृत दरबन्दी तेरिज र आवश्यकतानुसार कर्मचारीको व्यवस्था गर्नुपर्ने, सेवा प्रभावकारी बनाउनुपर्ने ।
- जनप्रतिनिधि र कर्मचारीहरूको आचारसंहिता कडाइका साथ लागू गर्नुपर्ने
- नगरपालिकाको सेवा प्रवाह प्रक्रियाको बारेमा सेवाग्राही र नगरबासीमा क्षमता विकास कार्यक्रम र सचेतना विकास गर्ने ।
- नगरपालिकामा गठन भएको विभिन्न विषयगत समितिको कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउनुपर्ने ।
- नगरपालिकाबाट भएका सबै शिर्षकको आम्दानी र खर्चको सूचना पाटी, वेवसाईट र अन्य माध्यमबाट सबै नगरबासीहरुले थाहा पाउने गरी मासिक रुपमा प्रकाशनको व्यवस्था गर्नुपर्ने ।

**अन्त्यमा,**

प्रतिवेदनमा उल्लिखित सबल पक्षका बाबजुद सुधारका उपायहरुको पालना गर्दै कानूनी व्यवस्था बमोजिम अन्य थप विषयगत समिति र उपसमितिहरु गठन गरी नगर सभा र समग्र नगरपालिकाको कामकारबाहीलाई समेत सबै मिलेर थप व्यवस्थित र प्रभावकारी बनाउदै आम नगरको विकास र समृद्धिमा केन्द्रित हुनेपर्ने देखिन्छ । यस प्रतिवेदन तयार पार्नको लागि सहयोग पुर्याउनुहुने समितिका सदस्यज्यू, कर्मचारी मित्र, लगायत सम्पूर्ण सरोकारवालाहरू प्रति धन्यवाद व्यक्त गर्दै आगामी दिनहरूमा समेत यस्तै सहयोगको अपेक्षा सहित यो प्रतिवेदन सम्मानित सभामा पेश गर्दछु ।

**धन्यबाद।**

**प्रतिवेदक**

**टुक कुमारी श्रेष्ठ**

**संयोजक, सुशासन समिति गलकोट नगरपालिका, बागलुङ**

**मितिः २०८३/०३/०९**

# गलकोट नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय, गलकोट, बागलुङ

गण्डकी प्रदेश, नेपाल

## गलकोट नगरपालिका विद्यायन समितिको प्रतिवेदन -२०८३

**नगरसभाका अध्यक्ष ज्यू,**
**नगर उप-प्रमुखज्यू**
**नगरसभा सचिवज्यू,**
**सम्पूर्ण नगरसभा सदस्य ज्यूहरु,**

गलकोट नगरपालिकाको १९ औँ नगर सभामा विधायन समितिको संयोजकको हैसियतले प्रगति प्रतिवेदन पेश गर्न अनुमति चाहन्छु । नेपालको संविधानले तीन तहको सङ्घीय शासन प्रणालीको परिकल्पना गरेसँगै स्थानीय तहलाई प्रदत्त एकल तथा साझा अधिकारको सूचीभित्र रही स्थानीय सरकारले तर्जुमा गरेका नीति, कार्यक्रम र बजेटलाई कार्यान्वयनको चरणमा लैजानु हाम्रो मुख्य दायित्व हो । यस प्रक्रियालाई थप सहज, सरल, एकरूप, उद्देश्यमूलक र प्रतिफलमुखी बनाउन थुप्रै ऐन, नियम, कार्यविधि र निर्देशिकाहरू तर्जुमा गर्नुपर्ने वैधानिक आवश्यकता रहिआएको छ। सोही सन्दर्भमा कानुन मस्यौदाहरु अगाडी बढीरहेका छन ।

स्थानीय सरकारप्रति आम नागरिकले राखेका उच्च अपेक्षाहरू र आवश्यकतालाई उचित सम्बोधन गर्दै यस गलकोट नगरपालिकालाई समृद्ध नगरको रूपमा स्थापित गर्न आफ्नो अधिकार क्षेत्रभित्र रही कानुन निर्माण र सोको अक्षरसः कार्यान्वयन गर्नु आजको मुख्य चुनौती र दायित्व दुवै हो। विगतका वर्षहरूमा पनि हामीले जनभावना अनुरूप थुप्रै कार्यविधि तथा कानुनहरू निर्माण गरी कार्यान्वयन गरिसकेका छौँ र कतिपय कानुनहरू कार्यान्वयनको चरणमा रहेका छन्। यद्यपि, नगरको बदलिँदो आवश्यकता अनुसार अझै पनि थुप्रै कानुनहरू परिमार्जन तथा निर्माण गर्नुपर्ने अवस्था रहेको हुँदा उक्त कार्यलाई अगाडि बढाइएको व्यहोरा अनुरोध गर्दै विधायन समितिको ले यस आर्थिक वर्षमा सम्पादन गरेको विषयको प्रतिवेदन पेश गर्दछु ।

**१. विधायन समितिले मस्यौदा निर्माण गर्नका लक्ष्य तथा उद्देश्यहरू**

- नेपालको संविधानले परिकल्पना गरेको संघ, प्रदेश र स्थानीय सरकारको मर्म अनुरूप कानुनको कार्यान्वयन गर्नु ।
- स्थानीय तहलाई संविधानप्रदत्त अधिकार क्षेत्रभित्र रही आफै कानुन बनाई लागू गर्ने सुअवसरको समुचित उपयोग गर्नु ।
- स्थानीय आवश्यकताहरूलाई व्यवस्थित गरी कानुनी राज्यको परिकल्पनालाई साकार बनाउनु ।
- वार्षिक बजेटको उचित, पारदर्शी र उत्पादनशील कार्यान्वयन सुनिश्चित गर्नु ।
- योजना कार्यान्वयन प्रक्रियामा सरलता, सहजता र कानुनी स्पष्टता स्थापित गर्नु ।
- लक्षित वर्गका कार्यक्रमहरूलाई थप उद्देश्यमूलक तथा उपलब्धिमूलक बनाउनु ।
- स्थानीय तहको सेवा र विकासमा सर्वसाधारणको समान एवं न्यायोचित पहुँच स्थापित गर्नु ।
- गलकोट नगरपालिकालाई एक सबल, सक्षम, सुशासनयुक्त, पारदर्शी र जवाफदेही स्थानीय सरकारको रूपमा स्थापित

गर्नु ।

## २. हालसम्म स्वीकृत भई कार्यान्वयनमा रहेका कानुनहरू

नगरपालिकाबाट हालसम्म स्वीकृत भई कार्यान्वयनमा आइसकेका ऐन ३९ वटा नियमावली ९ वटा कार्यविधि, निर्देशिका मापदण्ड एवम् आचारसंहिता ४७ वटा कार्यान्वयन भ्ःइरहेका छन । यस आर्थिक वर्षमा बनेका ऐन, नियमावली कार्यविधि निर्देशिका तथा मापदण्ड देहाय बमोजिम रहेका छन् ।

1. गलकोट नगरपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि २०७५ (संशोधन)
2. उत्पादनमा आधारित अनुदान कार्यक्रम संचालन कार्यविधि २०८० (संशोधन)
3. घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि २०७४ (संशोधन)
4. व्यवसाय कर सम्बन्धी कार्यविधि २०७७ (संशोधन)
5. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०८२
6. खानेपानी तथा स्वच्छता व्यवस्था गर्न बनेको ऐन २०८२
7. गलकोट नगरपालिकाको मेलमिलाप सम्बन्धी ऐन २०८२
8. न्यायिक समिति कार्यविधि सम्बन्धी ऐन २०७५ (संशोधन)
9. लेखा समितिको कार्यसञ्चालन कार्यविधि २०८२
10. सालवसाली आर्थिक ऐन तथा विनियोजन ऐन २०८२
11. गलकोट नगरपालिकाको कृषि, पशुपंक्षी तथा मत्स्य फार्म एवम् व्यवसाय दर्ता निर्देशिका २०७७ (संशोधन)
12. अस्पताल स्थापना तथा संचालन कार्यविधि २०७९ (संशोधन)
13. गलकोट नगरपालिका अटो रिक्सा सञ्चालन कार्यविधि, २०८३

## ३. निर्माणको अन्तिम चरणमा रहेका प्रस्तावित विधेयक (आ.व. २०८३/८४)

1. आर्थिक विधेयक, २०८३
2. विनियोजन विधेयक, २०८३
3. गलकोट नगरपालिकाको वन विधेयक, २०८३
4. गलकोट नगरपालिका दलित अधिकार तथा सशक्तीकरण सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन २०८३

## ४. चुनौतीहरू

- दक्ष प्राविधिक तथा कानुन निर्माण सम्बन्धी विज्ञता भएका कर्मचारी, कानुनी सल्लाहकार र परामर्शदाताको अभावका कारण कानुन मस्यौदा लेखनमा कठिनाइ हुनु, बाझिनु, एकरुपता नहुनु ।
- सङ्घीय र प्रदेश सरकारबाट प्राप्त हुने नमुना कानुनहरू समयमै उपलब्ध नहुँदा स्थानीय कानुन निर्माणमा ढिलाइ हुनु ।
- विधायन समितिबाट परिमार्जन र सिफारिस गरिएका कतिपय कानुनहरूलाई समयमै स्वीकृत गरी पूर्ण रूपमा कार्यान्वयनको चरणमा ल्याउन प्राविधिक जटिलता हुनु ।

## ५. अबको कार्यदिशा

नेपालको संविधानद्वारा स्थानीय सरकारलाई प्रदत्त एकल तथा साझा अधिकारहरूको अधिकतम उपयोग गर्दै आगामी दिनमा बजेट, नीति, तथा कार्यक्रमहरूलाई आम नागरिकको उच्च अपेक्षा र आवश्यकता अनुरूप निर्देशित गरिनेछ। यस सम्मानित विधायन समितिले जनभावनालाई सर्वोपरी ठानी प्राथमिकताका आधारमा समयसापेक्ष कानुनहरू निर्माण गर्न पूर्ण प्रतिबद्ध रहनेछ। निर्मित कानुनहरूलाई समयमै नगर सभा र कार्यपालिकाबाट स्वीकृत गराई द्रुत कार्यान्वयनमार्फत आम नगरबासीलाई वास्तविक स्थानीय सरकारको सुखद र सुशासनयुक्त अनुभूति दिलाउनु नै यस विधायन समितिको अबको मुख्य कार्यदिशा र सङ्कल्प हुनेछ।

**धन्यवाद ।**

**प्रतिवेदक**
**राम प्रसाद कंडेल**
**संयोजक, विद्यायन समिति**
**गलकोट नगरपालिका, गलकोट, बागलुङ ।**
**मितिः २०८३/०३/०९**

# गलकोट नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय, गलकोट, बागलुङ

गण्डकी प्रदेश, नेपाल

## गलकोट नगरपालिका आर्थिक ऐन, २०८३

प्रस्तावना: गलकोट नगरपालिकाको आर्थिक वर्ष २०८३/०८४ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयनको निमित्त स्थानीय कर तथा शुल्क, दस्तुर संकलन गर्न, छुट दिन तथा अन्य आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम गलकोट नगरपालिकाको नगर सभामा स्वीकृतका लागि पेश गरिएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ (१) यो एनको नाम "गलकोट नगरपालिका आर्थिक ऐन, २०८३" रहेको छ।

(२) यो ऐन २०८३ साल श्रावण १ गते देखि गलकोट नगरपालिका क्षेत्र भित्र लागु हुनेछ।

**२. सम्पत्ति कर:** (१) गलकोट नगरपालिका क्षेत्रभित्र रहेका घर, टहरा तथा भवनहरु र सोले चर्चेको जग्गामा अनुसूची (१ख) बमोजिम सम्पत्ति मूल्याङ्कनको आधारमा कर लाग्नेछ । सम्पत्ति मूल्याङ्कन, घरको मूल्याङ्कन अनुसूची (१) र सो घरले चर्चेको जग्गाको मूल्याङ्कन अनुसूची (१क) मा भएको दरका आधारमा गरिनेछ ।

(२) स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ५५ (५) बमोजिम सम्पति कर नलाग्ने संरचनाको अभिलेख सफ्टवेयरमा रहेको भएमा उक्त संरचनाको विगत आ.व. देखि सफ्टवेयरमा रहेको अभिलेख हटाइ भूमि (मालपोत) कर मात्र असुल गरिनेछ ।

(३) सम्पत्तिकर र भूमिकर (मालपोत) लागु हुनु भन्दा अगाडि लगाईएका घरजग्गा कर, एकीकृत सम्पत्ति कर लगायत अन्य खारेज भएका कर तथा शुल्कको बक्यौताको हकमा साविककै नियमानुसार कर लाग्नेछ।

(४) सम्पत्ति करको लागि भवनको क्षेत्रफल कायम गर्दा स्वीकृत नक्शा र निर्माण भएको भवनको क्षेत्रफलमा फरक भएमा निर्माण भएको भवनको क्षेत्रफललाई आधार मानिनेछ। कर तिरेको प्रमाण अन्यकुनै प्रयोजनमा दावि लाग्ने छैन।

स्पष्टीकरणः यस दफाको प्रयोजनका लागि घरले चर्चेको जग्गा भन्नाले घरले ओगटेको जग्गाको क्षेत्रफल भएको जग्गा सम्म सम्झनुपर्छ ।

३. भूमिकर (मालपोत): गलकोट नगरपालिका क्षेत्रभित्र सम्पत्ति कर लाग्ने भूमि बाहेकमा अनुसूची (२) बमोजिमको दरले भूमिकर (मालपोत) लगाई कर लाग्नेछ ।

४. वहाल करः (१) गलकोट नगरपालिका क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, वर्कसप, गोदाम, टहरा, छप्पर, सेड, जग्गा वा पोखरी पुरै वा आशिंक तवरले वहालमा दिएकोमा अनुसूची (३) बमोजिम वहाल मासिक रुपमा कर लाग्नेछ ।

५. व्यवसाय करः (१) गलकोट नगरपालिका क्षेत्रभित्र उद्योग, व्यापार, व्यवसाय, सेवा र यस्तै प्रकारका जुनसुकै कारोबार गर्ने व्यक्ति, संघ संस्था वा निकायलाई व्यवसायको प्रकृति, लगानी तथा पूँजीलाई आधार लिई गरिएको वर्गीकरण अनुसार अनुसूची (४) बमोजिम व्यवसाय दर्ता कर लाग्नेछ ।

(२) व्यवसाय दर्ता भएको आ.व. बाट १ (एक) आ.व. नाघेपश्चात अनुसूची (४क) बमोजिममा तोकिएको दर बमोजिम व्यवसाय नवीकरण कर लाग्नेछ ।

(३) विगतमा दर्ता भएको व्यवसायबाट नवीकरण कर असुल गर्दा व्यवसाय करको दर नखुलेको हकमा आ.व. २०८३/८४ मा भएको व्यवस्था बमोजिम सबै आ.व. मा कर लाग्नेछ । साथै गत गत आ.व. मा नवीकरण नगरेको हकमा असोज मसान्तसम्म नवीकरण गर्न आएमा दण्ड जरिवाना लाग्ने छैन ।

(४) उपदफा (३) बमोजिम बाहेकको अवस्थामा नवीकरण दस्तुरको थप १० प्रतिशत जरिवाना लाग्नेछ ।

६. अस्थायी हाट बजार वा घुम्ती पसल: अस्थायी हाट बजार वा घुम्ती व्यवसाय कर अनुसूची (५) बमोजिम लाग्नेछ । यसरी घुम्ति व्यवसाय गर्न अनुमति माग्दा गलकोट उद्योग बाणिज्य संघको सिफारिस अनिवार्य आवश्यक पर्नेछ ।

७. जडीबुटी, र जीवजन्तु करः जडीबुटी, र जीवजन्तु कर अनुसूची (६) बमोजिमको कर लाग्नेछ ।

८. निकासी कर: निकासी कर अनुसूची (७) मा भएका वस्तुहरु नगपालिकाभन्दा बाहिर निकासी गर्नु परेमा अनुसूची (७) बमोजिम कर लाग्नेछ ।

९. कवाडी कर: कवाडी कर अनुसूची (८) बमोजिमको दरमा कर लाग्नेछ ।

१०. सवारी साधन कर: नरपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूची (९) बमोजिम सवारी साधन कर लगाइनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

११. वहाल विटौरी कर: नगरपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका सेवामा अनुसूची (१०) मा उल्लेख भए अनुसार हाट, बजार वा पसलमा सोहि अनुसूचीमा भएको व्यवस्था अनुसार बहाल बिटौरी कर लगाईनेछ ।

१२. पार्किङ्ग शुल्क: नगरपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूची (११) बमोजिमको दरमा शुल्क लाग्नेछ ।

१३. सेवा शुल्क दस्तुर: नियमअनुसार तथा नगरपालिकाले प्रवाह गर्ने सेवाहरुमा सेवाग्राहीबाट कानुनले छुट दिने व्यवस्था भएको वा शुल्क लाग्ने व्यवस्थामा अनुसूची (१२) बमोजिमको दरमा दस्तुर लाग्नेछ ।

१४. नक्सा पास दस्तुर: नगरपालिकाभित्र निर्माण गरिने भौतिक संरचनाहरुमा अनुसूची (१३) बमोजिमको दरमा दस्तुर लाग्नेछ ।

१५. प्रदुषण नियन्त्रण(फोहोरमैला व्यवस्थापन) दस्तुर: प्रदुषण नियन्त्रण (फोहोरमैला व्यवस्थापन) दस्तुर अनुसूची (१४) बमोजिमको दरमा दस्तुर लाग्नेछ ।

१६. न्यायिक दस्तुर: न्यायिक समितिद्वारा न्याय सम्पादन गर्दा अनुसूची (१५) बमोजिमको दस्तुर लाग्नेछ ।

१७. परीक्षा शुल्क: परीक्षा शुल्क: अनुसूची (१६) बमोजिमको दरमा शुल्क लाग्नेछ ।

१८. फिल्ड रेखाङ्कन दस्तुर: कुनै व्यक्ति वा सस्थाले आफ्नो व्यक्तिगत तथा संस्थागत प्रयोजनका लागि जग्गा नापजाँच गर्दा अनुसूची (१७) बमोजिमको दरमा दस्तुर लाग्नेछ ।

१९. गलकोट नगरपालिका क्षेत्र भित्र हुने र शुल्क लिई सञ्चालन गरिने जुनसुकै प्रकारको मनोरञ्जन व्यवसायमा गण्डकी प्रदेश सरकारले तोकेको दरमा मनोरञ्जन असुल उपर गरिनेछ । संकलित मनोरञ्जन कर अन्तर सरकारी वित्त व्यवस्थापन ऐन , २०७४ को व्यवस्था बमोजिम बाँडफाँड हुनेछ ।

२०. कर तथा शुल्क संकलन सम्वन्धी थप व्यवस्थाः यस ऐनमा भएको व्यवस्था यसै बमोजिम र अन्यको हकमा यस ऐनसँग नबाझिने गरी कर तथा शुल्क संकलन सम्बन्धमा गलकोट नगरपालिका, नगर कार्यपालिकाले आवश्यक निर्णय गरी लागु गर्न सक्नेछ ।

२१. कर फिर्ता र समायोजन सम्बन्धी व्यवस्थाः करदाताले यस ऐन बमोजिम कर बुझाउँदा तिनुपर्ने भन्दा बढी कर दाखिला गरेमा बढी दाखिला भएको रकम फिर्ता माग गर्न सक्ने छ । यसरी बढी दाखिला भएको रकम फिर्ता माग गर्दा दाखिला गरेको ३५ दिनभित्र निवेदन दिनुपर्ने छ । सोको व्यहोरा साँचो देखि उचित लागेमा प्रमुख प्रशासकीय अधिकृतले निवेदन परेको एक महिना भित्र रकम फिर्ता दिने निर्णय गर्नु पर्नेछ । तर एक आर्थिक वर्षमा बढी दाखिला भएको रकम अर्को आर्थिक वर्षमा फिर्ता माग गर्न पाइने छैन ।

२२. अन्य व्यबस्थाः गलकोट नगरपालिकाका शाखा, वडा तथा अन्य कार्यालयहरुबाट सेवाप्रवाह गर्दा सेवाग्राहीले बुझाउनु पर्ने कर, शुल्क, दस्तुर तथा जरिवानालाई सेवासँग आबद्ध गरी अनिवार्य असुल उपर गरी सेवाप्रवाह गर्नु पर्नेछ । तर, नागरिकता प्रमाणपत्रको सिफारिश तथा व्यक्तिगत घटना दर्ता सेवा प्रवाह गर्न भने यस व्यवस्थाले बाधा पुगेको मानिने छैन ।

२३. बाधा अड्काउ फुकाउः यस ऐनको कार्यान्वयनको क्रममा कुनै बाधा आईपरेमा गलकोट नगरपालिका नगर कार्यपालिकालाई बाधा अड्काउ फुकाउने अधिकार रहनेछ ।

२४. खारेजीः साविकमा गलकोट नगरपालिकाले लागू गर्दै आएका व्यवस्थाहरु यस ऐनसँग प्रतिकूल देखिएमा प्रतिकूल भएको हदसम्म साविकका ब्यवस्थाहरु स्वतः खारेज हुनेछन् ।

**आर्थिक ऐन, २०८३ को दफा २(१) सँग सम्बन्धित**

**अनुसूची-१ सम्पत्ति कर**

**भवनको मूल्याङ्कन दर**

| क्र.सं. | भवनको प्रकार | दर रु प्रति वर्ग फिट | कैफियत |
|---|---|---|---|
| | आर. सि.सि. फ्रेम आर सि.सि. ढलान | १,२००/- | |
| | आर. सि.सि. फ्रेम जस्ताको छाना | ९६०/- | |
| | माटोको जोडाइमा ईट्टा ढुङ्गा ब्लकको गाह्रो जस्ता स्लेटको छाना | ५४०/- | |
| | माटोको जोडाइमा ईट्टा ढुङ्गाको गाह्रो आर. सि.सि. ढलान | ९९०/- | |
| | माटोको जोडाइमा ढुङ्गा गाह्रो खरको छाना | ३६०/- | |
| | स्टिल स्ट्रक्चर जस्ता छाना | ९१०/- | |
| | स्टिल स्ट्रक्चर ढलान | १,११०/- | |
| | सिमेन्टको जोडाईमा ईट्टा ढुङ्गा को गाह्रो आर. सि.सि ढलान | १,०८०/- | |
| | सिमेन्टको जोडाईमा ईट्टा ढुङ्गा को गाह्रो जस्ता स्लेटको छाना | ६६०/- | |

**आर्थिक ऐन, २०८३ को दफा २(१) सँग सम्बन्धित**

## अनुसूची-१क सम्पत्ति कर

### जग्गको मूल्याङ्कन दर

| वडा नं. | जग्गाको प्रकार | जग्गाको रहेको स्थान तथा प्रकृति | दर रु. प्रति रोपनी |
|---|---|---|---|
| १ | आवासीय तथा व्यावसायिक क्षेत्र | अन्य सडकसँग जोडिएका क्षेत्रहरू। | ९,६०,०००.०० |
| | | अन्य सडकसँग नजोडिएका क्षेत्रहरू। | ४,८०,०००.०० |
| | | मध्य-पहाडी लोक मार्गसँग नजोडिएका आवासीय जग्गाहरू। | ६,६०,०००.०० |
| | | मध्य-पहाडी लोक मार्गसँग जोडिएका आवासीय जग्गाहरू। | १३,२०,०००.०० |
| | | लाल बहादुर खड्का (चमेरे) को घरदेखि पदम कार्की (फेदी) को घर सम्मका सडकसँग जोडिएका जग्गाहरू। | १६,६०,०००.०० |
| | | लाल बहादुर खड्का (चमेरे) को घरदेखि पदम कार्की (फेदी) को घर सम्मका सडकसँग नजोडिएका जग्गाहरू। | ८,३०,०००.०० |
| | सडकसँग जोडिएका कृषि क्षेत्र | अब्बल | १,८०,०००.०० |
| | | चाहार | १,२४,०००.०० |
| | | दोयम | १,६०,०००.०० |
| | | सिम | १,४२,०००.०० |
| | सडकसँग नजोडिएका कृषि क्षेत्र | अब्बल | ९०,०००.०० |
| | | चाहार | ६२,०००.०० |
| | | दोयम | ८०,०००.०० |
| | | सिम | ७१,०००.०० |

| वडा नं. | जग्गाको प्रकार | जग्गाको रहेको स्थान तथा प्रकृति | दर रु. प्रति रोपनी |
|---|---|---|---|
| १० | आवासीय तथा व्यावसायिक क्षेत्र | अन्य सडकसँग जोडिएका क्षेत्रहरू। | ३,५०,०००.०० |
| | | अन्य सडकसँग नजोडिएका क्षेत्रहरू। | १,२५,०००.०० |
| | | उपल्लो सुनपानी, सुनपानी कालिका मन्दिर, पाण्डवखानी मा.वि. हुँदै माउ खोलासम्म सडकसँग जोडिएका जग्गाहरू। | १३,४०,०००.०० |
| | | उपल्लो सुनपानी, सुनपानी कालिका मन्दिर, पाण्डवखानी मा.वि. हुँदै माउ खोलासम्म सडकसँग नजोडिएका जग्गाहरू। | ६,७०,०००.०० |
| | | सिद्धथान क्षेत्र सडकसँग जोडिएका जग्गाहरू। | ९,९०,०००.०० |
| | | सिद्धथान क्षेत्र सडकसँग नजोडिएका जग्गाहरू। | ४,९५,०००.०० |
| | सडकसँग जोडिएका कृषि क्षेत्र | अब्बल | १,०५,०००.०० |
| | | चाहार | ६३,०००.०० |
| | | दोयम | ८५,५००.०० |
| | | सिम | ७२,०००.०० |
| | सडकसँग नजोडिएका कृषि क्षेत्र | अब्बल | ७०,०००.०० |
| | | चाहार | ४२,०००.०० |
| | | दोयम | ५७,०००.०० |
| | | सिम | ४८,०००.०० |

| वडा नं. | जग्गाको प्रकार | जग्गाको रहेको स्थान तथा प्रकृति | दर रु. प्रति रोपनी |
|---|---|---|---|
| ११ | आवासीय तथा व्यावसायिक क्षेत्र | अन्य सडकसँग जोडिएका क्षेत्रहरू। | ७,८०,०००.०० |
| | | अन्य सडकसँग नजोडिएका क्षेत्रहरू। | ३,९०,०००.०० |
| | | उदय बुद्ध विहारदेखि सानो रिघा सम्म सडकसँग जोडिएका जग्गाहरू। | १३,४०,०००.०० |
| | | बौद्ध बिहारदेखि सानो रिघा सम्म सडकसँग नजोडिएका जग्गाहरू। | ६,७०,०००.०० |
| | | वडा नं. ९ को सिमानादेखि बडिगाड गाउँपालिकासम्म मध्य पहाडी लोक मार्गसँग जोडिएका जग्गाहरू। | २२,२०,०००.०० |
| | | वडा नं. ९ को सिमानादेखि बडिगाड गाउपालिकासम्म मध्य पहाडी लोक मार्गसँग नजोडिएका जग्गाहरू। | ११,१०,०००.०० |
| | सडकसँग जोडिएका कृषि क्षेत्र | अब्बल | १,२७,५००.०० |
| | | चाहार | ८७,०००.०० |
| | | दोयम | १,११,०००.०० |
| | | सिम | ९४,५००.०० |
| | सडकसँग नजोडिएका कृषि क्षेत्र | अब्बल | ८५,०००.०० |
| | | चाहार | ५८,०००.०० |
| | | दोयम | ७४,०००.०० |
| | | सिम | ६३,०००.०० |

| वडा नं. | जग्गाको प्रकार | जग्गाको रहेको स्थान तथा प्रकृति | दर रु. प्रति रोपनी |
|---|---|---|---|
| २ | आवासीय तथा व्यावसायिक क्षेत्र | अन्य सडकसँग जोडिएका क्षेत्रहरू। | ९,६०,०००.०० |
| | | अन्य सडकसँग नजोडिएका क्षेत्रहरू। | ४,८०,०००.०० |
| | | ओडारको पक्की पुलदेखि राम्चे जाने पहिलो घुम्तीसम्म सडकसँग जोडिएका जग्गाहरू। | ११,२०,०००.०० |
| | | ओडारको पक्की पुलदेखि राम्चे जाने पहिलो घुम्तीसम्म सडकसँग नजोडिएका जग्गाहरू। | ५,६०,०००.०० |
| | | नरेठाँटीको बजारदेखि बगरको पहिलो घुम्तीसम्म सडकसँग जोडिएका जग्गाहरू। | ९,६०,०००.०० |
| | | नरेठाँटीको बजारदेखि बगरको पहिलो घुम्तीसम्म सडकसँग नजोडिएका जग्गाहरू। | ४,८०,०००.०० |
| | | नरेठाँटीको फलाटे चोकदेखि फलाटे डाँडाँ( विद्युत कार्यालय जोड्ने झोलुङ्गे पुल) सम्म सडकसँग जोडिएका जग्गाहरू। | १२,४०,०००.०० |
| | | नरेठाँटीको फलाटे चोकदेखि फलाटे डाँडाँ( विद्युत कार्यालय जोड्ने झोलुङ्गे पुल)सम्म सडकसँग नजोडिएका जग्गाहरू। | ६,२०,०००.०० |
| | | बजेनी खोल्सादेखि ६० मिटर उत्तर तर्फ सडकसँग जोडिएका जग्गाहरू। | ८,४०,०००.०० |
| | | बजेनी खोल्सादेखि ६० मिटर उत्तर तर्फ सडकसँग नजोडिएका जग्गाहरू। | ४,२०,०००.०० |
| | | मध्य पहाडी लोक मार्ग,नरेठाँटी बजार हुँदै कल्लेरीको पक्की पुलसम्म सडकसँग नजोडिएका जग्गाहरू। | १२,४०,०००.०० |
| | | मध्य पहाडी लोक मार्ग, नरेठाँटी बजार हुँदै कल्लेरीको पक्की पुलसम्म सडकसँग नजोडिएका जग्गाहरू। | ६,२०,०००.०० |
| | | वडा नं. ४ को सिमानादेखि स्वास्थ्य चौकी चोकसम्म मध्य पहाडी लोक मार्गसँग जोडिएको जग्गाहरू। | १९,२०,०००.०० |
| | | वडा नं. ४ को सिमानादेखि स्वास्थ्य चौकी चोकसम्म मध्य पहाडी लोक मार्गसँग नजोडिएको जग्गाहरू। | ९,६०,०००.०० |
| | | स्वास्थ्य चौकी चोकदेखि ट्रस पुलसम्म सडकसँग जोडिएका जग्गाहरू। | ११,७०,०००.०० |
| | | स्वास्थ्य चौकी चोकदेखि ट्रस पुलसम्म सडकसँग नजोडिएका जग्गाहरू। | ५,८५,०००.०० |
| | सडकसँग जोडिएका कृषि क्षेत्र | अब्बल | १,८०,०००.०० |
| | | चाहार | १,२४,०००.०० |
| | | दोयम | १,६०,०००.०० |
| | | सिम | १,४२,०००.०० |
| | सडकसँग नजोडिएका कृषि क्षेत्र | अब्बल | ९०,०००.०० |
| | | चाहार | ६२,०००.०० |
| | | दोयम | ८०,०००.०० |
| | | सिम | ७१,०००.०० |

| वडा नं. | जग्गाको प्रकार | जग्गाको रहेको स्थान तथा प्रकृति | दर रु. प्रति रोपनी |
|---|---|---|---|
| ३ | आवासीय तथा व्यावसायिक क्षेत्र | अन्य सडकसँग जोडिएका क्षेत्रहरू। | ९,६०,०००.०० |
| | | अन्य सडकसँग नजोडिएका क्षेत्रहरू। | ४,८०,०००.०० |
| | | घट्टे खोलादेखि धनराज अधिकारीको घरसम्म सडकसँग जोडिएका जग्गाहरू। | ३०,४०,०००.०० |
| | | घट्टे खोलादेखि धनराज अधिकारीको घरसम्म सडकसँग नजोडिएका जग्गाहरू। | १५,२०,०००.०० |
| | | चिया चौतारादेखि लाकुरी बोटसम्म सडकसँग जोडिएका जग्गाहरू। | १२,६०,०००.०० |
| | | चिया चौतारादेखि लाकुरी बोटसम्म सडकसँग नजोडिएका जग्गाहरू। | ६,३०,०००.०० |
| | | जुके खोलादेखि पश्चिम तर्फ २०० सम्म मध्य पहाडी लोक मार्गसँग जोडिएका जग्गाहरू। | ३३,६०,०००.०० |
| | | जुके खोलादेखि पश्चिम तर्फ २०० सम्म मध्य पहाडी लोक मार्गसँग नजोडिएका जग्गाहरू। | १६,८०,०००.०० |
| | | पेट्रोल पम्पको पूर्व तर्फको खोल्सीदेखि भैँसेको पुलसम्म मध्य पहाडी लोक मार्गसँग जोडिएका जग्गाहरू। | ५१,४७,०००.०० |
| | | रजंरादेखि चिदारी खोला चोकसम्म सडकसँग जोडिएका जग्गाहरू। | २७,०५,०००.०० |
| | | रजंरादेखि बराह चोकसम्म सडकसँग जोडिएका जग्गाहरू। | १६,१०,०००.०० |
| | | लमाई, बेसीफाँटको सम्पूर्ण क्षेत्र सहायक सडकसँग जोडिएका जग्गाहरू। | २५,२०,०००.०० |
| | | लमाई, बेसीफाँटको सम्पूर्ण क्षेत्र सहायक सडकसँग नजोडिएका जग्गाहरू। | १२,१०,०००.०० |
| | | हटिया बजार क्षेत्र सहायक सडकसँग जोडिएका जग्गाहरू। | २८,१०,०००.०० |
| | | हटिया बजार क्षेत्र सहायक सडकसँग नजोडिएका जग्गाहरू। | २४,०५,०००.०० |
| | | हटिया बजारदेखि कोत मैदान जाने पहिलो घुम्तीसम्म सडकसँग जोडिएका जग्गाहरू। | १४,४०,०००.०० |
| | सडकसँग जोडिएका कृषि क्षेत्र | अब्बल | १,८०,०००.०० |
| | | चाहार | १,२४,०००.०० |
| | | दोयम | १,६०,०००.०० |
| | | सिम | १,४२,०००.०० |
| | सडकसँग नजोडिएका कृषि क्षेत्र | अब्बल | ९०,०००.०० |
| | | चाहार | ६२,०००.०० |
| | | दोयम | ८०,०००.०० |
| | | सिम | ७१,०००.०० |

| वडा नं. | जग्गाको प्रकार | जग्गाको रहेको स्थान तथा प्रकृति | दर रु. प्रति रोपनी |
|---|---|---|---|
| ४ | आवासीय तथा व्यावसायिक क्षेत्र | अन्य सडकसँग जोडिएका क्षेत्रहरू। | ९,६०,०००.०० |
| | | अन्य सडकसँग नजोडिएका क्षेत्रहरू। | ४,८०,०००.०० |
| | | एस.बि. आईबैंकदेखि जुके खोला चोकसम्म सडकसँग जोडिएका जग्गाहरू। | १२,००,०००.०० |
| | | एस.बि. आईबैंकदेखि जुके खोला चोकसम्म सडकसँग नजोडिएका जग्गाहरू। | ६,००,०००.०० |
| | | चमुवा खोलाबाट डिही तर्फ १५० मिटरसम्म सडकसँग जोडिएका जग्गाहरू। | १६,००,०००.०० |
| | | चमुवा खोलाबाट डिही तर्फ १५० मिटरसम्म सडकसँग नजोडिएका जग्गाहरू। | ४,८०,०००.०० |
| | | डाँडाखेत क्षेत्रभित्र सडकसँग नजोडिएका जग्गाहरू। | १४,४०,०००.०० |
| | | डाँडाखेत क्षेत्रभित्र सहायक सडकसँग जोडिएका जग्गाहरू। | २८,८०,०००.०० |
| | | डिहि चोकदेखि भयरखर्क चोकसम्म सडकसँग जोडिएका जग्गाहरू। | १२,००,०००.०० |
| | | डिहि चोकदेखि भयरखर्क चोकसम्म सडकसँग नजोडिएका जग्गाहरू। | ६,००,०००.०० |
| | | बुढारेको घुम्तीदेखि मिलको घुम्तीसम्म सडकसँग जोडिएका जग्गाहरू। | ११,२०,०००.०० |
| | | बुढारेको घुम्तीदेखि मिलको घुम्तीसम्म सडकसँग नजोडिएका जग्गाहरू | ५,६०,०००.०० |
| | | बौरको घुम्तीदेखि खरुवा चोक हुँदै चमुवा खोला चोकसम्म सडकसँग जोडिएका जग्गाहरू। | ९,६०,०००.०० |
| | | बौरको घुम्तीदेखि खरुवा चोक हुँदै चमुवा खोला चोकसम्म सडकसँग नजोडिएका जग्गाहरू। | ४,८०,०००.०० |
| | | भयखर्क चोक, बौर घुम्ती हुँदै खरुवा जाने चोक सम्म सडकसँग जोडिएका जग्गाहरू। | १६,३०,०००.०० |
| | | भयखर्क चोक, बौर घुम्ती हुँदै खरुवा जाने चोक सम्म सडकसँग नजोडिएका जग्गाहरू। | ८,१५,०००.०० |
| | | मध्य पहाडी लोक मार्गसँग जोडिएका जग्गाहरू। | ३३,६०,०००.०० |
| | | वडा कार्यालयदेखि स्वास्थ्य चौकी हुँदै भेडी खाल्टाको डाँडासम्म सडकसँग जोडीका जग्गाहरू। | १४,४०,०००.०० |
| | | वडा कार्यालयदेखि स्वास्थ्य चौकी हुँदै भेडी खाल्टाको डाँडासम्म सडकसँग नजोडिएका जग्गाहरू। | ७,२०,०००.०० |
| | सडकसँग जोडिएका कृषि क्षेत्र | अब्बल | १,८०,०००.०० |
| | | चाहार | १,२४,०००.०० |
| | | दोयम | १,६०,०००.०० |
| | | सिम | १,४२,०००.०० |
| | सडकसँग नजोडिएका कृषि क्षेत्र | अब्बल | ९०,०००.०० |
| | | चाहार | ६२,०००.०० |
| | | दोयम | ८०,०००.०० |
| | | सिम | ७१,०००.०० |

| वडा नं. | जग्गाको प्रकार | जग्गाको रहेको स्थान तथा प्रकृति | दर रु. प्रति रोपनी |
|---|---|---|---|
| ५ | आवासीय तथा व्यावसायिक क्षेत्र | अन्य सडकसँग जोडिएका क्षेत्रहरू। | ९,६०,०००.०० |
| | | अन्य सडकसँग नजोडिएका क्षेत्रहरू। | ४,८०,०००.०० |
| | | ठुलाथर जोड्ने पक्की पुलदेखि राजाको पुलसम्म सडकसँग जोडिएका जग्गाहरू। | ४०,००,०००.०० |
| | | ठुलाथर जोड्ने पक्की पुलदेखि राजाको पुलसम्म सडकसँग नजोडिएका जग्गाहरू। | २०,००,०००.०० |
| | | बसाहा चोकदेखि वडा नं. ७ को सिमानासम्म सडकसँग जोडिएका जग्गाहरू। | २०,१०,०००.०० |
| | | बसाहा चोकदेखि वडा नं. ७ को सिमानासम्म सडकसँग नजोडिएका जग्गाहरू। | १०,०५,०००.०० |
| | | हरिचौँर बजार सडकसँग जोडिएका जग्गाहरू। | ४०,००,०००.०० |
| | | हरिचौँर बजार सडकसँग नजोडिएका जग्गाहरू। | २०,००,०००.०० |
| | सडकसँग जोडिएका कृषि क्षेत्र | अब्बल | १,८०,०००.०० |
| | | चाहार | १,२४,०००.०० |
| | | दोयम | १,६०,०००.०० |
| | | सिम | १,४२,०००.०० |
| | सडकसँग नजोडिएका कृषि क्षेत्र | अब्बल | ९०,०००.०० |
| | | चाहार | ६२,०००.०० |
| | | दोयम | ८०,०००.०० |
| | | सिम | ७१,०००.०० |

| वडा नं. | जग्गाको प्रकार | जग्गाको रहेको स्थान तथा प्रकृति | दर रु. प्रति रोपनी |
|---|---|---|---|
| ६ | आवासीय तथा व्यावसायिक क्षेत्र | अन्य सडकसँग जोडिएका क्षेत्रहरू। | ९,६०,०००.०० |
| | | अन्य सडकसँग नजोडिएका क्षेत्रहरू। | ४,८०,०००.०० |
| | | पिप्ले चोकदेखि ढलेपिपल चोकसम्म सडकसँग जोडिएका जग्गाहरू। | २४,६०,०००.०० |
| | | राजाको पुलदेखि शिवालय घाटसम्म सडकसँग जोडिएका जग्गाहरू। | ४०,००,०००.०० |
| | | वडा नं. ५ सिमाना ठुलाथर नजिकको पक्की पुलदेखि ताराखोला गाउँपालिकाको सिमानासम्म सडकसँग जोडिएका जग्गाहरू। | १९,२०,०००.०० |
| | | वडा नं. ५ सिमाना ठुलाथर नजिकको पक्की पुलदेखि ताराखोला गाउँपालिकाको सिमानासम्म सडकसँग न जोडिएका जग्गाहरू। | १०,९७,०००.०० |
| | | सम्पूर्ण मजुवा फाँट क्षेत्र भित्र सडकसँग जोडिएका जग्गाहरू। | ३०,००,०००.०० |
| | | सम्पूर्ण मजुवा फाँट क्षेत्र भित्र सडकसँग नजोडिएका जग्गाहरू। | १५,००,०००.०० |
| | सडकसँग जोडिएका कृषि क्षेत्र | अब्बल | १,८०,०००.०० |
| | | चाहार | १,२४,०००.०० |
| | | दोयम | १,६०,०००.०० |
| | | सिम | १,४२,०००.०० |
| | सडकसँग नजोडिएका कृषि क्षेत्र | अब्बल | ९०,०००.०० |
| | | चाहार | ६२,०००.०० |
| | | दोयम | ८०,०००.०० |
| | | सिम | ७१,०००.०० |

| वडा नं. | जग्गाको प्रकार | जग्गाको रहेको स्थान तथा प्रकृति | दर रु. प्रति रोपनी |
|---|---|---|---|
| ७ | | अन्य सडकसँग जोडिएका क्षेत्रहरू। | ९,६०,०००.०० |
| | | अन्य सडकसँग नजोडिएका क्षेत्रहरू। | ४,८०,०००.०० |
| | आवासीय तथा व्यावसायिक क्षेत्र | आँगाखेत चोकदेखि उपल्लो म्याले चोकसम्म आँगाखेत पाण्डवखानी जोड्ने मुख्य सडकसँग जोडिएका जग्गाहरू। | १२,३०,०००.०० |
| | | आँगाखेत चोकदेखि उपल्लो म्याले चोकसम्म आँगाखेत पाण्डवखानी जोड्ने मुख्य सडकसँग नजोडिएका जग्गाहरू। | ६,१५,०००.०० |
| | | बामियाँ, आँगाखेत, बाह्लमुरेफाँट, सानोखोला र म्यालेचौँतारा क्षेत्र सडकसँग जोडिएका जग्गाहरू। | ११,२०,०००.०० |
| | | बामियाँ,आँगाखेत, बाह्लमुरेफाँट, सानोखोला र म्याले चौँतारा क्षेत्र सडकसँग नजोडिएका जग्गाहरू। | ५,६०,०००.०० |
| | | भैँसेको पक्की पुलदेखि वडा नं. ९ को सिमानासम्म मध्य पहाडी लोक मार्गसँग जोडिएका जग्गाहरू। | २०,८०,०००.०० |
| | | भैँसेको पक्की पुलदेखि वडा नं. ९ को सिमानासम्म मध्य पहाडी लोक मार्गसँग नजोडिएका जग्गाहरू। | १०,४०,०००.०० |
| | सडकसँग जोडिएका कृषि क्षेत्र | अब्बल | १,८०,०००.०० |
| | | चाहार | १,२४,०००.०० |
| | | दोयम | १,६०,०००.०० |
| | | सिम | १,४२,०००.०० |
| | सडकसँग नजोडिएका कृषि क्षेत्र | अब्बल | ९०,०००.०० |
| | | चाहार | ६२,०००.०० |
| | | दोयम | ८०,०००.०० |
| | | सिम | ७१,०००.०० |

| वडा नं. | जग्गाको प्रकार | जग्गाको रहेको स्थान तथा प्रकृति | दर रु. प्रति रोपनी |
|---|---|---|---|
| ८ | आवासीय तथा व्यावसायिक क्षेत्र | अन्य सडकसँग जोडिएका क्षेत्रहरू। | ७,८०,०००.०० |
| | | अन्य सडकसँग नजोडिएका क्षेत्रहरू। | ३,९०,०००.०० |
| | | काँडेवास क्षेत्र सहायक सडकसँग जोडिएका जग्गाहरू। | १२,६०,०००.०० |
| | | काँडेवास क्षेत्र सहायक सडकसँग नजोडिएका जग्गाहरू। | ६,३०,०००.०० |
| | | पचुवा क्षेत्र भित्र सहायक सडकसँग जोडिएका जग्गाहरू। | ११,५०,०००.०० |
| | | पचुवा क्षेत्र भित्र सहायक सडकसँग नजोडिएका जग्गाहरू। | ५,७५,०००.०० |
| | | वडा नं. ९ मसुरबारीदेखि मुसिकोट गुल्मीसम्म मुख्य सडकसँग जोडिएका जग्गाहरू। | १४,४०,०००.०० |
| | | वडा नं. ९ मसुरबारीदेखि मुसिकोट गुल्मीसम्म मुख्य सडकसँग नजोडिएका जग्गाहरू। | ७,२०,०००.०० |
| | सडकसँग जोडिएका कृषि क्षेत्र | अब्बल | १,२७,०००.०० |
| | | चाहार | ८७,०००.०० |
| | | दोयम | १,११,०००.०० |
| | | सिम | ९४,५००.०० |
| | सडकसँग नजोडिएका कृषि क्षेत्र | अब्बल | ८५,०००.०० |
| | | चाहार | ५८,०००.०० |
| | | दोयम | ७४,०००.०० |
| | | सिम | ६३,०००.०० |

| वडा नं. | जग्गाको प्रकार | जग्गाको रहेको स्थान तथा प्रकृति | दर रु. प्रति रोपनी |
|---|---|---|---|
| ९ | आवासीय तथा व्यावसायिक क्षेत्र | अन्य सडकसँग जोडिएका क्षेत्रहरू। | ९,६०,०००.०० |
| | | अन्य सडकसँग नजोडिएका क्षेत्रहरू। | ४,८०,०००.०० |
| | | टिम्मुरबोट र गल्याङ्ग क्षेत्रमा सहायक सडकसँग जोडिएका जग्गाहरू। | १२,३०,०००.०० |
| | | टिम्मुरबोट र गल्याङ्ग क्षेत्रमा सहायक सडकसँग नजोडिएका जग्गाहरू। | ६,१५,०००.०० |
